## अध्याय एक

## परिचय

### १.१ अध्ययन पृष्ठभूमि

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहु धार्मिक विशेषता भएको देश हो । नेपालमा सन् १९५० भन्दा अगाडि यहाँका जाति तथा जनजातिहरुको बारेमा खासै अध्ययन भएको पाइँदैन । सन् १९५० भन्दा अगाडि केही विदेशीहरु, ब्रिटीश दुत, समन्वयकर्ता तथा धर्म प्रचारक र व्यापारीहरुले लेखेका नेपाल सम्बन्धि किताबहरुमा नै सिमित रहेको थियो(विष्ट, २०३०)। तर राणा शासन पतनसँगै नेपालले लिएको खुल्ला वैदेशिक नीतिको अङ्गीकार पछि नेपालमा धेरै विदेशी तथा स्वदेशी अध्येताहरुले नेपालका विभिन्न ठाउँमा बसोबास गर्ने जाति र जनजातिहरु सम्बन्धित धेरै अध्ययन तथा अनुसन्धान गरेको पाइन्छ (विष्ट, २०३०) । जस्तै : सामाजिक तथा सांस्कृतिक पक्षबारे अध्ययन गर्नेअध्येताहरुमा गोपाल सिंह नेपाली, डोरबहादुर विष्ट, ऋषिकेशव रेग्मी, खेमबहादुर विष्ट, इमानसिंह चेम्जोङ्ग, मोहमद मोहसिन, खेमराज नेपाली, डिल्लीराम दाहाल, जनकलाल शर्मा, गणेशमान गुरूङ्ग आदि विद्वान्हरूले खोज अनुसन्धान गरी विभिन्न जातिको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिको अध्ययन गरेका छन् । यसैगरी नेपालमा समाजशास्त्र तथा मानवशास्त्रको विषयमा रूचि दिई विभिन्न जात जाति तथा जनजाति का विविध विषयमा खोज अनुसन्धान गर्ने धेरै विद्वान्हरूमध्ये स्वयंम्भुलाल श्रेष्ठ, प्रयागराज शर्मा, द्रोण रजौरिया आदि प्रमुख मानिन्छन् । नेपालको पूर्वी भागदेखि पश्चिम तथा दक्षिण सबै भागमा छरिएर रहेका ब्राह्मण जातिको बारेमा भने समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन अनुसन्धान कमै भएको पाइन्छ ।

नेपालको पहिलो मुलुकी ऐन वि.सं. १९१० बिशुद्ध हिन्दु धर्मशास्त्रमा आधारित थियो ।यस ऐनले जातीय प्रथालाइ नै मुल आधार बनाएको, जातका आधारमा कसले के गर्न हुने कसले के गर्न नहुने भन्ने कुरा निर्धारण गरेको पाइन्छ । ब्राह्मण जातिलाइ सबै भन्दा उपल्लो दर्जा प्रदान गर्नुका साथै जात पतित गर्ने, जनै झिकिदिने, विहावारी को नियम, छोइ छीटो हाल्नुपर्ने, छुवाछुत, घटिबढी जातभातमा पानी चल्ने नचल्ने आदि व्यवस्था थियो । सो व्यवस्थालाई मुलुकी ऐन २०२० ले स्थान दिएन र साविक ऐनमा भएका यस्ता कुरालाई दण्डनिय बनाइयो । परम्परागत रुपमा ब्राह्मण भनेको उपल्लो जात, सवै जातिभन्द शुद्ध जाति, धर्मकर्मको अगुवा वा नेता, निश्चित खालका काम मात्र गर्ने रुपमा बुझिन्थ्यो । समयको परिवर्तन संगै ब्राह्मण जातिप्रतिका परम्परागत बुझाइमा व्यापक परिवर्तन आएको पाइन्छ । समाजमा भएका विभिन्न जातीय, लिङ्गीय आन्दोलन, शिक्षामा सवैको पहुँच पुग्नु (परम्परागत रुपमा शिक्षा लिने र दिने कार्य ब्राह्मणको मात्र हुन्थ्यो), विभिन्न जाति, धर्म, सम्प्रदायका व्यक्तिहरु एउटै किसिमका शैक्षिक संस्थामा पढ्नथाल्नु, आधुनिकिकरण, सहरीकरण, विश्वव्यापिकरण, परम्परागत जिविकोपार्जनमा आएको परिवर्तन, परम्परागत जातमा आधारित सामाजिक सम्बन्धमा आएको परिवर्तन, राज्यले

विभिन्न कानुनका माध्यमवाट हस्तक्षेप गरेका कारण ब्राह्मण प्रतिको परम्परागत बुझाइमा परिवर्तन आएको छ ।

नेपालमा बसोबास गर्ने जातिहरुमा ककेसस अर्थात खस सम्प्रदायको आर्यहरु प्रमुख मानिन्छ । आर्यहरु नेपालका पुराना बासिन्दामा पर्दछन् । इसा पूर्वको ३,००० वर्ष पहिलेदेखि यिनीहरु युरोपबाट पश्चिम एशिया र अफगानिस्तानबाट सिन्धु नदी पार गर्दै पञ्जाब र गंगाको मैदानतिरबाट नेपाल आइपुगेका थिए । बाह्रौ शताब्दीमा मुसलमानहरुको हमलापछि यिनीहरु पहाडतिर पुगेका थिए । इतिहासलाइ केलाउँदा यसै खस समुदायमा पर्ने एक समुह नेपालका ब्राह्मणहरु हुन् भन्ने विश्वास गरिएको छ (विष्ट, २०३०) ।

नेपाली समाजमा ब्राह्मणहरु विभिन्न थर गोत्र र प्रवरमा बाडिएर रहेका छन् । तिनीहरु पहिले खस क्षेत्री नै तर पछि विश्वामित्रको प्रतापले ब्राह्मण भएका हुन् भनिन्छ ( शर्मा, २०३९) ।

ब्राह्मण क्षेत्रीहरुको मातृभाषा देवनागरीमा लिपीको संस्कृत भाषाको सन्तान हो । यो भाषा नेपाल एकीकरण सँगै सबैतिर फैलियो । खस भाषालाई पछि कालान्तरमा नेपाली भाषा भनिन्छ । यो भाषा नेपालको राष्ट्रभाषा हो भने बहुजातिय बसोबास भएको नेपालमा अन्य जाति तथा जनजातिहरुको सम्पर्क भाषाको रुपमा रहेको छ (दाहाल, २०४४) ।

सन् २००१ को जनगणनामा पहाडीया ब्राह्मणको संख्या २८,९६,४७७ रहेको थियो । यो संख्या सन २०११ सम्ममा बढेर ३२,२६,९०३ पुगेको देखिन्छ । विगत दश वर्षमा यिनीहरुको संख्या ३,३०,४२६ ले बढेको छ भने कुल जनसंख्याको १२.२ प्रतिशत रहेको देखिन्छ (के.त.वि., २०११) ।

यस अध्ययनमा 'ब्राह्मण'जाति बारेको परम्परागत बुझाइमा आधुनिकिकरण, शिक्षा आदिले पारेको प्रभाववारे विश्लेषण गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक र बहु धार्मिक देश हो । जुनसुकै जाति तथा जनजातिहरुको आफ्नै मौलिक भाषा, धर्म संस्कृति तथा परम्परा रहेको छ । यी विविध परम्पराहरु, संस्कृतिहरु, धर्महरु र भाषाहरु बोकेका जाति तथा जनजातिहरु एक अर्कामा सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकिकृत भएका छन् । तापनि समानुपातिक विकासको अभावले गर्दा केही जातिहरु पछाडि परेका छन् । जात, धर्म सँगै भौगोलिक क्षेत्र, पेशा व्यवसाय तथा परम्परागत सामाजिक मूल्य मान्यता र विश्वासका कारणले पनि केही पछाडि परेका देखिन्छ । नेपालमा प्राचीन कालदेखि नै बसोबास गर्दै आएका जातिहरु मध्ये ब्राह्मण जाति एक हो (विष्ट २०५५) । शिक्षा र आधुनिकीकरण प्रक्रियाले गर्दा यस जातिको सामाजिक सांस्कृतिक पक्षहरु एवम उनीहरुको सामाजिक बुझाइ र भोगाइमा पनि धेरै परिवर्तन देखिएका छन् ।

यस शोध कार्यले निम्न प्रकारका प्रश्नहरुको उत्तर खोतल्ने प्रयास गरेको छ ।

- 'ब्राह्मण' जाति वारेको सामाजिक बुझाइ र भोगाइमा कसरी परिर्वतन आएको छ ?
- आधुनिकविकासले उनीहरुको जन जीवनमा कस्तो प्रभाव पारेको छ ?
- यस्तो परिवर्तनका कारक तत्व के हुन् (राजनैतिक, आर्थिक, सास्कृतिक, आधुनिकीकरण आदि) ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य 'ब्राह्मण' जातिकाउनीहरुको सामाजिक बुझाइ र भोगाइमा आएका परिर्वतनका विविध पक्षहरुसंग सम्बन्धित अवस्थाको जानकारी प्राप्त गर्नु हो । यस अध्ययनका मुख्य उद्देश्यहरु निम्न  रहेका छन् ।

- सामाजिक-सांस्कृतिक अवस्था, आर्थिक अवस्थामा आएको परिवर्तन र यसका कारक तत्वको चर्चा गर्नु ।
- 'ब्राह्मण' जातिको सामाजिक बुझाइ र भोगाइमा आएका परिर्वतनको चर्चा गर्नु ।
- परम्परागत संस्कृति र व्यवसायमा आएको परिवर्तनलाई प्रकाश पार्नु ।

## १.४ अनुसन्धानको महत्व

नेपालका गाउँहरुमा विविध किसिमका धर्म, संस्कृति, भाषा, परम्परा आदि बोकेका १२५ भन्दा बढी किसिमका जाति तथा जनजातिहरु एवम् १२३ भाषाभाषीहरु बसोबास गर्दछन् (के.त.वि २०६८) । आधुनिक नेपालका संस्थापक पृथ्वीनारायण शाहले दिएको नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो भन्ने उक्तिबाट नै नेपाल जाति/जनजातिहरुको विविधताले भरिपूर्ण मुलुक हो भन्ने कुरा प्रष्ट हुन्छ । वि.सं २०६८ को जनगणनाले पनि नेपालमा बसोबास गर्ने जाति जनजातिहरुको संख्या १२५ रहेको तथ्याङ्कबाट प्रष्ट हुन्छ । आफ्नै मौलिक परम्परा, संस्कृति तथा धर्म बोकेका प्रचीन कालदेखि बसोबास गर्दै आएका जातिहरु मध्ये ब्राह्मण जाति एक प्रमुख जाति हो । यिनीहरुको संस्कृतिलाई अझ मजबुद पार्दै सामाजिक एकीकरणका लागि आवश्यक कार्य गर्न सकिएमा अन्य जातिको विकासमा पनि यसले सकारात्मक भूमिका खेल्न सक्छ ।

राजधानी टाढाको क्षेत्रमा बसोबास गर्ने सुदुरपश्चिमका ब्राह्मणहरुको शैक्षिक, आर्थिक तथा स्वास्थ्यका क्षेत्रमा सुधार हुन सकेको छैन । आधुनिकीकरणसंगसंगै भित्रिएको पश्चिमीकरणले यस ठाउँमा अवस्थित ब्राह्मण जातिको सांस्कृतिक पक्ष खानपिन, भेषभूषा आदीमा भने धेरै परिवर्तन ल्याइदिएको देखिन्छ । यस अध्ययनले रीम, कौली गाउँमा बसोबास गर्ने ब्राह्मणहरुको सामाजिक, सांस्कृतिक, आर्थिक तथा परिवर्तनको स्थिति एवं सामाजिक बुझाइ र भोगाइमा आएका परिर्वतनका वास्तविक तथ्यहरु प्रकाश पारी उनीहरुलाई विकासको मूलप्रवाहमा अगाडि बढाउन आवश्यक सुझावहरु पनि पेश गर्ने हुँदा सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सहयोग पुग्नेछ । त्यसैगरी नेपाली ग्रामिण समुदायको अध्ययन गर्न इच्छुक स्वदेशी तथा विदेशी शिक्षक, अनुसन्धानकर्ता, संघसंस्थाहरुलाई पनि थोरै भएपनि सहयोग गर्नेछ । ग्रामिण समाजको समाजशास्त्रीय

अध्ययन अनुसन्धानमा सानो सहयोग पुऱ्याउन सक्नेछ । यस अध्ययनले 'ब्राह्मण' वारेको सामाजिक बुझाइ र भोगाइमा आएको परिवर्तनलाई समाजशास्त्रिय दृष्टिकोणवाट बुझ्न सघाउने अपेक्षा गरिएको छ ।

### १.५ अध्ययनको संगठनात्मक स्वरुप

यस शोधपत्रलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्वलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई राखिएको छ । अध्याय तीनमा अनुसन्धान विधि राखिएको छ । अध्याय चार मा अध्ययन क्षेत्र बैतडी जिल्लाको दोगडाकेदार गा.पा. वडा नं. १ मा अवस्थित रीम, कौली गाउँको सामान्य परिचय दिने कार्य गरिएको छ । पाँचौ अध्यायमा ब्राह्मण जातीको सामाजिक-साँस्कृति तथा आर्थिक अवस्थाको व्याख्या गरिएको छ । छैठौं अध्यायमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीको सूची शोधपत्रका लागि प्रयोग गरिएको प्रश्नावलीहरु समावेश गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

यस अध्यायमा अध्ययनसँग सम्बन्धित रहेका विभिन्न पुस्तक, लेख, अनुसन्धान, प्रतिवेदन आदि जस्ता कृतिहरुको अध्ययन गरिएको छ ।

### २.१ सैद्धान्तिक पुनरावलोकन

**'ब्राह्मण' को उत्पत्ति र 'ब्राह्मण' के हो ?**

आर्यमुल अन्तर्गत गर्ने पूजा आजा, समाज सेवा र शिक्षा आजृनमा रुचि राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रोमा बाहुन भनिन्छ र नेपाल भाषामा जुजुबाजे, राजाबाजे, बाद्यब्राह्मण, देव ब्राह्मण भनिन्छ । नेपाली बाहुनहरु खासगरी भारतको कस्मीर देखि भुटानको हिमालयको दक्षिणी पाखोमा बस्ने जातीका हाँगा हुन (चक्रज्वाला, २०१६) । यो जाती नेपाल लगायत तत्कालीन विशाल नेपालका भूभागहरु हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाञ्चल, कालिम्पोक, दार्जिलिङ, सिक्किमका साथै भुटान बर्मा तथा भारतका अन्य भूभाग तथा विश्वका विभिन्न ठाँउका निवासी छन् । यस्क मुनिको निरुक्त शास्त्रका अनुसार "ब्रह्म जानाती ब्राह्मण" ब्राह्मण त्यो हो जो ब्रह्मा अन्तिम सत्य, ईश्वर या परमज्ञानलाई जान्दछ । अतः ब्राह्मणको अर्थ इश्वर ज्ञाता हो । तर हिन्दु समाजमा ऐतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथ पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरु धर्म निरपेक्ष व्यवसाय गर्छन तथा उनीहरुको धार्मिक परम्परा उनीहरुको जीवनवाट लुप्त हुँदै गइरहेको छ । यद्यपी नेपाली जनसख्यामा ब्राह्मणहरुको संख्या कम छ, तथापि धर्म सस्कृति, कला, शिक्षा, ज्ञान विज्ञानका क्षेत्रमा यिनिहरुको योगदान अपरिमित छ (चक्रज्वाला, २०१६) ।

जनकलाल शर्माका अनुसार ब्राह्मण पाँच भागमा विभक्त थिए: सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल । सारस्वत सरस्वती नदीको किनारबाट नेपालतर्फ पसेका थिए । त्यसैकारण उनीहरुको हाँगालाई सारस्वत भनिएको हो । तर उनीहरु कालान्तरमा कान्यकुब्ज समुदायमा सम्मिलित भइसकेका छन् । अर्को हाँगा कान्यकुबजह कनौजबाट हिमाली भेगतिर पसेका थिए । यनीहरु दुई भागमा विभाजित भएका छन् । एउटा पूर्वीया भनिन्छ भने अर्को कुमाइ । कुनै कालमा डोटी र कुमाउँ दुइ अलगअलग राज्य थिए । यिनको सीमारेखा महाकाली नदी थियो । लामो राजनीतिक विभाजनका कारण महाकालीपूर्वका पूर्वीया र त्यसभन्दा पश्चिमका कुमाउँनिवासीलाई कुमाय भनिएको हो । पूर्वीयाहरुको लामो समयसम्म कुमाउँसित लड्नुपरेकोले उनीहरु एकजुट भएर बसेका थिए र एउटै वर्गमा आवद्ध भए । तर कुमाउँमा त्यस्तो मेलमिलाप हुन सकेन । त्यहाँ धनी भए पाका र गरिब भए काचाँ कुमाई भन्ने भेदभाव उत्पन्न भयो । तिनै प्राचिन समयका कुमाउँनिवासी ब्राह्मणका सन्तति आज पनि कुमाइँ ब्राह्मण कहलाउछन् र पूर्वका पूर्वीया ( शर्मा २०३९) ।

गौड ब्राह्मणहरु सर्वप्रथम सेनहरुका साथ नेपाल पसेका थिए । यिनीहरुमा पनि कुलिन र अकुलिन दुई प्रकारको भेद पाइन्छ । सेनहरुको राज्य समाप्त हुनासाथ यिनीहरुको अस्तित्व पनि समाप्त भयो । यिनीहरुमध्ये केही कान्यकुब्ज समुदायमा विलीन भए भने केहि वैवाहिक कारणबाट अन्य जातिमा मिल्न गए । नेवार समुदायमा जुन गंगोल थरको जुन समूह छ, त्यो यिनै गौड ब्राह्मणका सन्तति मानिन्छन् । मैथिल ब्राह्मणहरु कोशी र बाग्मती नदिबीचको तराइमा बसोबास गरेको पाइन्छ । यिनीहरु पनि मूलको हिसाबले ठूलो र सानो भन्ने भेदभाव राख्छन् । मैथिलहरु जो पहाडतिर पसे, उनीहरुको संख्या कम भएकाले कान्यकुब्ज समुदायमा प्रवेश गरेका छन् । यिनीहरुले आफ्नो अलग अस्तित्व बनाएर बनाएर राखेका छन् । यिनीहरु पहिल्यै कान्यकुब्ज समुदायमा समाविष्ट भइसकेका छन् । वर्ण विभाजनमा ब्राह्मणहरुलाई सबभन्दा माथिल्लो स्तरको मानिन्छ । त्यसको मुख्य आधार प्राचिन ग्रन्थहरुलाई मानिन्छ । मनुस्मृतिमा भनिएको छः अध्यापन मध्ययनं याजनं तथा । दानं प्रतिगहं चैव ब्राह्मणानाकल्पयत् । पढ्नु पढाउनु, यज्ञ गर्नु गराउनु, दान लिनु दान लिनु । यी ६ वटा कार्य ब्राह्मण्को लागि बनाइएका छन् । यी कार्यहरु वर्तमान समयमा पनि यो वर्गबाट गरिन्छ । तर त्यसका अतिरिक्त उनीहरु अरु पेसामा पनि सक्रिय भएका छन् । नेपालको सन्दर्भमा सरकार र प्रशासन उनीहरुकै हातमा गएको छ । राज्यको कार्य यही वर्ण व्यवस्थाअन्तर्गत क्षेत्रीय समुदायलाई सुम्पिएको छ । यसको अर्थ यो वर्ण व्यवस्थ लागू छैन या यसमा विकृती आएको छ । समाजले कुन चाहिँलाई आत्मसात् गर्ने र कुन चाहिँलाई परित्याग गर्ने यसको खुलासा गर्नु आवश्यक देखिन्छ (शर्मा २०३९) ।

ब्राह्मण शब्द वैदिक, जैन र बौद्ध साहित्यमा व्यापक प्रयोग भएको पाइन्छ । यस शब्दको प्रयोग निम्नलिखीत तीन अर्थमा भएको पाइन्छ । १.ब्राह्मण वर्णको रुपमा, २. ब्राह्मण ग्रन्थको रुपमा, ३. ब्रह्मको ज्ञान राख्ने व्यक्तिको रुपमा प्रयोग भएको देखिन्छ ।

महात्मा बुद्धले समेत आफ्ना प्रवचनहरुमा ब्राह्मणलाई परिभाषित गरेका छन् । उनले भनेका छन्; कुनै मानिस जन्मको आधारमा ब्राह्मण हुन सक्दैन । उसले ब्राह्मणचित कर्तव्य गरे मात्र ब्राह्मण हुन सक्छ । बुद्ध धर्मको प्रचार प्रसार गर्ने पहिला पाँच भिक्षु ब्राह्मण परिवारबाट सम्बन्ध राख्थे भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख छ । उनीहरुले पनि बुद्ध जस्तै सत्यको खोजीमा गृहत्याग गरेका थिए । वर्तमान समयमा ब्राह्मणलाई जाति भनिन्छ तर यसको उत्पत्ति वर्ण हो । अर्थात ब्राह्मण वर्ण हो । अर्थात ब्राह्मण वर्ण हो जाति होइन । यसको उत्पत्तिको आधार ऋग्वेद पुरुष सूक्तमा उल्लेख छ । वैदिक साहित्यमा वर्ण रंगको अर्थमा प्रयुक्त भएको छ । पौरस्त्य दर्शनमा मानव समाज ज्ञान र विज्ञान, जीवनका कर्तव्य, व्यक्तित्व विकास आदि सबै कुराहरुलाई चार भागमा विभाजन गर्ने परम्परा जतातत्तै देख्न पाइन्छ । यो वर्गीकरण र विभाजन अध्ययनको दृष्टिले गरिएको हो भन्ने विद्वानहरुको भनाई छ (अम्बेडकर, १९९०) ।

ब्राह्मण हिन्दु समाजको एक जाति हो । ब्राह्मणलाई विद्वान, सभ्य तथा शिष्ट मानिन्छ । ब्राह्मण्लाई बाहुन पनि भन्ने गरिन्छ । ऐतिहासिक रुपले हिन्दु समाजमा, काममा

आधारित चार वर्ण छन् । १. ब्राह्मण - आध्यात्मिकताका लागि उत्तरदायी, २. क्षत्रिय - धर्म रक्षक, ३. वैश्य - व्यापारी र कृषक वर्ग, ४. शूद्र - शिल्पका, श्रमिक समाज ।

प्राचीन समयमा व्यक्तिको विशेषता, आचरण एवं स्वभावबाट उसको जाति निर्धारित हुन्थ्यो । विद्वान शिक्षक, पण्डित, बुद्धिजीवी, वैज्ञानिक तथा ज्ञान अन्वेषक ब्राह्मणहरुका श्रेणीमा आउँथे । नेपालमा मूलत ३ भिन्न आर्य हिन्दु समाजमा ब्राह्मणको उपस्थिती पाईन्छ - पहाडे खस, नेवार, मैथिल ।

महाभारतका साप्तिक पर्वमा योभन्दा कडा भनाइ पाइन्छ । अदान्तो ब्राह्मणोऽसाधुः । जसले इन्द्रियहरुलाई वशमा गर्न सकेको छैन उ सच्चा ब्राह्मण हुन सक्दैन । यो भनाइलाई अनुसरण गर्ने हो भने पूर्णरुपले साधुहरु मात्र यो वर्गमा सामेल हुन सक्ने देखिन्छ । यसले यो समाजमा ठूलो संकट उत्पन्न गर्छ । इन्द्रियहरुलाई बसमा राख्न ठूलो साधना र त्याग गर्नुपर्ने हुन्छ । केही व्यक्तिविशेषबाहेक अरुमा यसअनुकुलको व्यवहार र चरित्र पाउन कठिन हुन्छ । यसकारण यो सूक्ति चरितार्थ भएको पाइन्न (शर्मा २०३९) ।

यसैगरी महाभारतको कर्ण पर्वमा भनिएको छः ब्राह्मणस्या श्रुतं मलम् । यसको अर्थ वेदको ज्ञान नहुनु ब्राह्मणको लागि कलंक हो । ब्राह्मण हुने अधिकार उसैलाई मात्र हुन्छ जसलाई वेदको ज्ञान हुन्छ । यिनै विश्वास र धारणलाई महाभारतको वन पर्वमा अरु बलियो रुपमा प्रश्तुत गरिएको पाइन्छ । चतुर्वेदोऽपि दुर्वृत्तः स शुद्रादतिरिच्यते । योऽग्रिहोत्रपरो दान्तः स ब्राह्मण इति स्मृत । चारै वेदका ज्ञाता ब्राह्मण यदि दुराचारी भ एभने ऊ शुद्रभन्दा घटिया मानिन्छ । जो मानिसलाई वेदवारे केही थाहा छैन तर उसले आफ्ना इन्द्रियहरुलाई बसमा गरेको छ भने उनी सच्चा ब्राह्मण हुन् । यसबाट के थाहा हुन्छ भने ब्राह्मण शब्द गुण, उपलब्धि, सच्चरित्रसित जोडिएको छ न त जन्मसित (शर्मा २०३९) ।

जनकलाल शर्माले आफ्नो विश्लेषणमा ब्राह्मणहरु उपाध्याय ब्राह्मण र जैसी ब्राह्मणमा विभक्त भएको उल्लेख गरेका छन् । उनका अनुसार उपाध्याय ब्राह्मणको मर्यादा जैसीभन्दा माथिल्लो तहमा मानिन्छ । तर माथिल्लो तहमा हुने कारण भने देखिदैन । मनुस्मृति अनुसार वृतिको लागि जसले वेदको कुनै अंश वा वेदांग पढाउछ, त्यो उपाध्याय कहलाउँछ । एक देशे तु वेदस्य वेदांगान्यपि वा पुनः । योऽध्यापयति वृर्त्थमुपाध्यायः स उच्यते । यस भनाइअनुसार वेदाध्ययनको अधिकारी ब्राह्मण मात्र हुदैन । क्षेत्रिय पनि हुन सक्दछ । यस तर्कबाट जसले वेदको अध्ययन र अध्यापन गर्न सक्छ, ऊ उपाध्यय कहलाउन सक्छ । यदि यस तर्कलाई स्वीकार गर्ने हो भने ब्राह्मण शब्द वेदसंग जोडिएको छ (शर्मा २०३९) ।

नीति ग्रन्थहरुको अध्ययनबाट के स्पष्ट हुन्छ भने सुरुमा केवल एक वर्ण थियो । सस्कार नलिने असवर्ण र संस्कार लिने सवर्ण । यसरी क्रमशः ब्राह्मणबाट, क्षत्रिय र वैश्य वर्ण बने । म्याक्समुलर का अनुसार ब्रह्मचर्य आश्रम सबैलाई अनिवार्य थियो । जसले ब्रह्मचर्याश्रम पूरा नगरी अन्य आश्रममा गए तिनीहरु परित्यक्त भए । तीनवटै वर्णका यी परित्यक्तहरु व्रात्य कहालाइए । निश्चित यज्ञकर्म गरेपछि भने उनीहरु आ-आफ्नो वर्णमा फर्कन पाउने । यो नाम ब्राह्मण युगमा त्यस वर्गलाई दिइएको हो जुन आर्य त थिए तर

वर्णानुसार प्रथम कर्तव्य ब्रह्मचर्य आश्रम पालन गरेनन् । यी कर्तव्यत्युतहरुलाई नै वर्णच्युत गराइएको थियो । तर सवैले निश्चित प्रक्रिया पूरा गरेपछि आ-आफ्नो वर्णमा पुनः फर्कन पाउने व्यवस्था थियो (म्याक्समुलर, १८९८) ।

कौटिल्यको अर्थशास्त्रमा सवैले पालन गर्नुपर्ने सामान्य नियमहरु अलि फरक प्रकारले दिइएको छ । जुन यसप्रकार छन्; अहिंसा, सत्यशौच, इर्ष्यारहित, संवेदनशील, क्षमा । त्यसैगरी चार आश्रम ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यासमध्ये चौथो आश्रम ब्राह्मणका लागि अनिवार्य र अन्य वर्णका लागि ऐच्छिक गरिएको छ । यसबाट ब्राह्मण वर्णलाई समाजमा विशेष आनुशासनमा बस्ने व्यवस्था गराइएको बुझ्न सकिन्छ । ब्राह्मणका कार्यहरुमा वेदको अध्ययन र अध्यापन गरे वेदको सुरक्षालाई सर्वाधिक महत्व दिइएको छ । वेदको अर्थ ज्ञान पनि हो । प्लेटाले कल्पना गरेको आदर्श समाजको विवरणमा समाजको तीन प्रकारको विभाजन पाइन्छ- उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग । उच्च वर्गमा राजा, दार्शनिक र उच्च प्रशासक वर्ग पर्दथे । दार्शनिकलाई वैदिक दृष्टिकोणले ब्राह्मण भन्न सकिन्छ । जसको काम निरन्तर अध्ययन अध्यापन हो । मध्यम वर्गमा शैनिक, रक्षक र सहायक वर्ग पर्दथे भने निम्न वर्गमा कृषक, कारीगर र सेवक वर्ग पर्दछन् । यो विवरण वर्ण व्यवस्थासंग मिल्छ भन्न सकिन्छ (विष्ट, २०४१) ।

ब्राह्मण समाजको इतिहास प्राचिन भारतवर्षको वैदिक धर्मबाट आरम्भ हुन्छ । मनुस्मृतिका अनुसार आर्यवर्त वैदिक व्यक्तिहरुको भूभि हो । ब्राह्मण व्यवहारको मुख्य स्रोत वेद हो । ब्राह्मणहरुका सवै सम्प्रदाय वेदबाट प्रेरण लिन्छन् । पारम्परिक मान्यता अनुसार यो विश्वास गरिन्छ कि वेद अपौरुषेय कुनै पनि मानव देवताले नलेखेको तथा अनादि हो । वेदलाई श्रुति मानिन्छ श्रवण हेतु जो मौखिक परम्पराको द्योतक हो । धार्मिक तथा सास्कृतिक रीतिहरु एवं व्यवहारमा विविधताहरुको कारण, ब्राह्मण समाज विभिन्न उपजातिहरुमा विभाजित छ । सूत्र काल मा लगभग १००० ई.पू. देखि २०० ई.पू. सम्म वैदिक अङ्गीकरणका आधारमा ब्राह्म्ण विभिन्न शाखाहरुमा बाढिँन लागे । प्रतिष्ठित विद्वानहरुको नेतृत्वमा एकै वेदका विभिन्न नामहरुमा पृथक पृथक शाखाहरु बन्न लागे । यी प्रतिष्ठित ऋषिहरुका शिक्षाहरुलाई सूत्र भनिन्छ । प्रत्येक वेदका आफ्नै सूत्र छन् । सामाजिक, नैतिक तथा शास्त्रानुकुल नियमहरुका नियमहरुका सूत्रहरुलाई धर्म सूत्र भनिन्छ । आनुष्ठानिकहरुलाई श्रौत सूत्र तथा घरेलु विधिशास्त्रहरुको व्याख्या गर्नेलाई गृह सूत्र भनिन्छ । सूत्र सामान्यतया पद्य वा मिश्रित गद्य पद्यमा लेखिएका छन् । विश्वकै सर्वप्राचीन ग्रन्थ ऋग्वेद का अनुसार सर्वोच्च शिख हिमालका काखमा आश्रम बनाई बसेका आत्रेय ऋषिका छोरा अर्चनानस हिमालयबाट भारतको गोमति नदितटवर्ति भूभागका शासक रथवीतिको निमन्त्रणमा उनको राज्यमा गएर राजगुरु भएर बसेका, उनको छोरा श्वावाश्वले रथवीतिकै छोरी विवाह गरी राजपाठ गरेका, उनकै सन्तान कोही राजवंशी, कोही ब्राह्मण भएका र पछि लाहोरप्रान्त हुदै उत्तराञ्चलका बदरीखण्डका आसपास क्षेत्रबाट नेपाल पसेका पुराका आधारमा हेर्दा नेपाल भारतको सीमाबाट यता उता बसाई सर्ने क्रम प्राचिन भएको कुरा थाहा हुन्छ । नेपालको इतिहास अनुसार भारतको बिभिन्न ठाउँहरु भारतको उत्तराखण्डको पिथौरागढ, कुमाउ, बनारस आदि ठाउँहरु बाट ब्राह्मणहरुको नेपाल प्रवेश भएको थियो ।

त्यसकारण ब्राह्मण समाजमा आ-आफ्ना पुर्खौली ठाउँको नाम जोडेर बोलाउने चलन छ । ब्राह्मण शास्त्रहरुमा प्रमुख अग्रिरस, अपस्तम्भ, अत्रि, बृहस्पति, बौधायन, दक्ष, गौतम, हरित, कात्यायन, लिखित, मनु, पराशर, समवर्त, शंख, शत्तप, ऊषानस, वशिष्ठ, विष्णु व्यास, यज्ञवल्कय तथा यम ऋषि हुन । यी एक्काइस ऋषिस्मृतिहरुका रचयिता थिए । स्मृतिहरुमा सबभन्दा प्राचिन अपस्तम्भ, बौधायन, गौतम तथा वशिष्ठ छन् (विष्ट, २०४१) ।

भारतमा हिन्दु धर्मको थालनी हुँदा नेपालमा मङ्गोल मूलका विभिन्न जाति थिए । ईसाको प्रथम शताब्दी सम्ममा वर्ण व्यवस्था थिएन । ईसाको प्रथम शताब्दीदेखि भारतबाट बौद्ध र ब्राहमण धर्मीय शाक्य, विदेह, लिच्छवि, मल्लवंशीय शासक विभिन्न समयमा नेपाल आउन थाले । त्यस समयमा छुवाछूत सहितको वर्ण व्यवस्थामा आधारीत सामान्तवादी मुल्य - मान्यता र संस्कार बोकेर भारतबाट विभिन्न दिशाबाट हिन्दु धर्मका शासक तथा तिनका जनसमुदाय प्रवेश संगै नेपालमा पनि वर्ण व्यवस्था भित्रियो (आहुतिः २०६७:१५) ।

हिन्दु धर्मको वर्ण विभाजन अनुसार मानिसहरूलाई ब्राह्मण, क्षेत्रि, बैश्य, शुद्र गरी चार वर्णमा विभाजन गरिएको छ । ब्राह्मणहरू पठन पाठन र राज्य संचालन गर्न सल्लाह सुझाब दिने क्षेत्रिहरू शासन गर्ने युद्धमा लाग्ने र वैश्यहरू विभिन्न उत्पादन मूलक कार्य गर्ने र वाणिज्य व्यापार गर्ने र शुद्रहरू यी सबैको सेवाको काम गर्ने मान्यता हिन्दु धर्ममा रहेको पाइन्छ (शर्मा, २०५६) ।

नेपालमा किराँतकाल (इ.पू १५५५ वाट १००) मा किराँत आदि शास्त्र मन्धूम अनुसार चलेको समता मूलक समाज थियो । वर्ण जातपात जस्ता कुराहरू थिएनन् । भारतबाट नेपाल पसेका लिच्छवी मल्लहरू सँगै सो वर्ण व्यवस्था पनि पस्यो । सर्वप्रथम लिच्छवी काल (इ.स २००-८७९) मा वर्ण व्यवस्था आरम्भ भयो । भारतमा इ.स ४०० तिर जन्मिएको जातिय छुवाछूत प्रथा मध्यकाल (इ.स ८७९-१७६८) मा नेपाली भू-भागमा खुब विकसीत भयो । काठमाण्डौंका राजा जयस्थिति मल्ल (इ.स १३६०-१३९५) ले ४ वर्ण ३६ जात र ७२५ उपजात र गोरखाका राजा राम शाहले (इ.स १६०५-१६३६) ले ४ वर्ण २६ जातको सामाजिक रितीरिवाज चलाएर जातपात छुवाछूतलाई बलियो बनाए (विश्वकर्मा, २०३०) ।

सुरुमा धर्म र धार्मिक ग्रन्थका आधारमा सुरुवात र विकास भएको जातिय व्यवस्थालाई नेपालमा विक्रम संवत १९१० को मुलुकी ऐन द्धारा कानूनी आधार दिएर अझ बलियो पारेका थिए । मध्यकालमा (१२८०-९५) काठमाण्डौंका राजा जयस्थिति मल्लको पालामा राज्यले सामाजिक स्थिति वाध्ने क्रममा नेपाली समाजलाई गर्ने गरेको कामको आधारमा चोखो जात र अछुत जात भनेर वर्गिकरण गरेको थियो । तत्पश्चात चोखो जातलाई ('ठूलो जात' र अछुत जातलाई 'सानो जात' भन्न थालियो । यस्तो जातिगत सिद्धान्त र तदनुरूप व्यवहार मनुस्मृतिको सिद्धान्तमा आधारीत थियो ( विष्ट, २०५५)।

नेपाल एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक मानिसहरूको बसोवास रहँदै आएको देश हो । जहाँ समानता र असमानताका बीच बाँचेका विभिन्न जातजातिको तथा जनजातिको मुख्य मूल्य र मान्यतालाई उजागर गर्ने साझा फुलबारी हो (विष्ट, २०५५) ।

मानव जातिको विकासको क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई ४ वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र सुद्रका रूपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख छ । ब्राह्मण प्रथम वर्णसँग सम्वन्धित छ (शर्मा, १९७७) धार्मिक मान्यताअनुसार ऋग्वेदलाई जाति प्रथाको श्रेय मानिएको छ ।

ऋगवेदमा ब्राह्मणहरू परमात्माको मुखबाट, क्षेत्रीहरू बाहुबाट, वैश्यहरू तीघ्राबाट र सुद्रहरूको उत्पत्ति पैतालाबाट भएको हो भन्ने उल्लेख छ (बराल, २०४४: १३-५८) । यसरी कामी जातिको उत्पत्ति धार्मिक मान्यताअनुसार परमात्माको पैतालाबाट भएको पाइन्छ ।

मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेका छन् जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान लिनुदिनु, यज्ञ गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषि कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नु (बराल, २०४४) ।

सन् १२९४ मा भारतका मुस्लिम शासक (सुल्तान) ले हिन्दु धार्मवलम्बीहरुका राज्यमा लगातार आक्रमण गरिरहँदा सन् १३०५ मा हिन्दुहरुको शक्ति क्षीण भए पछि केही व्यक्ति मुस्लिम अधिपत्य स्वीकार गरेर त्यहीँ बसे भने केही व्यक्तिहरु पंजाबमा गएर त्यहाँका शिखहरुसँग समन्वय गरेर बसे भने केही पश्चिम नेपालमा आएर बसोवास गर्न थाले । यसरी आउनेहरुमा ब्राम्हण, क्षेत्री र शुद्रहरु थिए ।

आहुती २००५ का अनुसार आर्यन सम्प्रदायमा पर्ने ब्राह्मण जाती भारतमा भएको युद्धका कारण पश्चिम नेपाल हुँदै भित्रिएका र यो जाती नेपालका पहाडी जिल्लाहरुलाई आफ्नो मुख्य वासस्थान बनाएर बसेको पाइन्छ (आहुती, २००५: ४८९-९२) ।

बाहुनहरुको परम्परा हिन्दु धर्म मान्ने आर्य मूलको पूजा आजामा रुची राख्ने, छद्म पुजा, कन्या दान, गौ दान, भुमी दान जस्ता अन्य दानहरु लिने तथा दिने हिन्दु धर्मका अनुसार पुन्सवन, सीमन्तोनयन्, जन्मानुष्ठान, नामाकरण, निष्क्रमण, अन्नप्रासन, चुडाकर्म, कर्णवेध, उपनयन, वेदासम्भ, केशान्त अथाा गोदान, तथास्नान, समवर्तनम् वा विवाह, अन्त्यष्टि आदि सबै सस्कारहरु विधि पूर्वक सम्पन्न गराउने रहेको देखिन्छ ।

यस्क मुनिको निरुक्त शास्त्रका अनुसार ब्राह्मणको अर्थ ईश्वर ज्ञाता भन्ने वुझिनछ । तर हिन्दु समाजमा एतिहासिक स्थिति अनुसार पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरु धर्म निरपेक्ष व्यवसाय गर्दछन् तथा उनीहरुको धार्मिक परम्परा उनीहरुको जीवनबाट लुप्त हुदै गईरहेको छ । यद्यपि नेपाली जनसंख्यामा ब्राह्मणहरुको प्रतिशत कम छ तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान विज्ञान तथा उद्यमका क्षेत्रमा यिनीहरुको योगदान उल्लेख्य छ । नेपाललाई राष्ट्रको रुपमा निर्माण,

एकीकरण, आधुनिकीकरण र अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बनाउन यस वर्गले अन्य समुदायसंग मिलेर महत्वपूर्ण योगदान गरेको छ ।

ईसापूर्व तृतीय सहस्राब्दीदेखि लिएर ईसापूर्व प्रथम सहस्राब्दीको मध्य सम्म मध्य एसियामा अफनास, अन्द्रोन, करासुक र मिनिसुन नामक जातिहरु बसोबास गर्दथे । तिनैका सन्तान पछि आएर खस जाति कहलाए । ईसापूर्व द्वितीय शताब्दीमा युइशि नामको यायावर जनजातिले खसहरु माथि आक्रमण गऱ्यो जसबाट खसहरु मध्य एसिया छोड्न बाध्य भए र ईसापूर्वको प्रथम शताब्दीको अन्त्यमा उनीहरु गान्धार, पञ्जाब, मथुरा र दक्षिणमा महाराष्ट्र सम्मको भू-भागमा फैलिए । नेपालका पश्चिम हिमाली क्षेत्रमा खस जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ । जुम्ला, हुम्ला, मुगु, दैलेख, जाजरकोट बैतडी, दार्चुला क्षेत्रतिर खसहरुको शासन चलेको थियो । पश्चिम नेपालबाट खसहरु प्रायःसबै क्षेत्रसम्म फैलिसकेका छन् ।

नेपालमा ब्राह्मणहरुको आगमन प्राचिन कालदेखि भएको देखिन्छ । ईसापूर्वको द्वितीय सहस्राब्दीका आसपास उत्तर-पश्चिम दिशाबाट हिन्दकुश पर्वत श्रृङ्खला पार गरी जुन जाति आएर यहाँका आदिवासीहरु माथि विजय प्राप्त गरी सप्त सिन्धुदेखि जमुनाको पश्चिम भागसम्म फैलिएर बस्यो त्यस जातिलाई आर्य भन्न थालियो । यसरी प्रवेश गरेका आर्य समूहमा 'भरतजन' निकै प्रसिद्ध मानिन्छ । यस्ता समूहमा केही बुद्धिजीवी हुन्थे जसलाई ऋषि भनिन्थ्यो । ऋषिहरु पुरोहितको काम पनि गर्दथे । पुरोहितहरुका रचना वा सङ्ग्रहलाई ऋग्वेद भनिन्छ । पछि अन्य वेदहरु पनि बनेका थिए । त्यस समयका ऋषिहरु मध्ये भारद्वाज सबभन्दा प्रभावशाली थिए । यिनै भारद्वाजका सन्तानहरु नेपालको पश्चिम पहाडी क्षेत्रबाट नेपालमा प्रवेश गरेका थिए । आजको खस, ब्राह्मण, क्षेत्री भनेर चिनिनेहरु कै सन्तानहरु पनि छन् । इसाको एघारौं बाह्रौ शताब्दीतिर ब्राह्मणहरु कुमाउ र गडवालबाट नेपालको पश्चिमी पहाडी भागमा प्रवेश गरेर भारतको बङ्गाल, असाम, नागालेज र मिजोरसम्म पुगेका थिए । वर्तमान समयमा पनि एक ठाउँबाट अर्को ठाउँमा स्थायी र अस्थायी रुपमा बसोबास गर्ने मानिसहरु मध्ये ब्राह्मण नै अग्रस्थानमा देखिन्छन् (दाहाल, २०४४) ।

ब्राह्मणहरु प्राचिन कालदेखि नै हिन्दु धर्मका अनुयायीहरु हुन् । यिनीहरुको सामाजिक-सांस्कृतिक पक्ष हिन्दु धर्म दर्शन र संस्कृतिबाट प्रभावित रहेको छ । नेपालको सन्दर्भमा ब्राह्मणहरुको सामाजिक-सांस्कृतिक पक्ष अन्यको भन्दा पृथक र विशिष्ट रहेको देखिन्छ । सामाजिक जीवनस्तर पनि सवल नै रहेको छ । हिन्दु धर्म संस्कृति अनुसारको जन्म, बिवाह र मृत्यु संस्कारहरु पूरा गर्दछन् । नेपाली समाजमा रहेको जात भात र छुवाछुतको परम्परा हिन्दु परम्परा भएता पनि यसमा क्रमिक परिवर्तन भइरहेको छ । ब्राह्मणहरु समाजका उच्च जात र सामाजिक वर्गमा पर्ने भएकाले यिनीहरुको संस्कृतिको प्रभाव अन्य जनजाति समूहहरुमा पनि परेको देखिन्छ । पर संस्कृति ग्रहण प्रक्रिया र आधुनिकीकरणसँगै भित्रिएको पश्चिमी संस्कृतिको प्रभाव पनि केही मात्रामा पर्न थालेको देखिन्छ (दाहाल, २०४४) ।

परम्परागत मान्यताका आधारमा ब्राह्मणहरु समाजका उच्च जातिमा रहेता पनि वर्तमान परिवर्तित समयमा अन्य जातिसँगको सम्बन्धमा सुधार भइरहेको छ । विशेषत वि.सं. २००७ सालको परिवर्तन, वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनको आगमन, वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन र २०६३ सालमा आएको समावेशी लोकतन्त्रको अवधारणा र धर्म निरपेक्ष राष्ट्रको घोषणासँगै अन्य जातिसँगको सम्बन्धमा परिवर्तन आएको छ । शिक्षा, आधुनिकीकरण जस्ता पक्षहरुले ब्राह्मणहरु पनि परिवर्तित परिस्थितीसँग अगाडि बढ्ने क्रममा छन् । अन्य जात जातिसँगको सम्बन्धमा पनि यसले सकारात्मक सुधारका सङ्केत देखाउन थालेका छन् ।

वि.सं. २०६३ सालको राजनैतिक परिवर्तन पछि देखिएको जातजातिको सवालले अन्य जनजातिहरुलाई बढी जागरुक पारेको देखिन्छ । धर्म निरपेक्ष राष्ट्र घोषणाले नेपालमा परम्परादेखि चलि आएको हिन्दु राज्यको मान्यतालाई समाप्त पारेको छ । ब्राह्मण जातिहरुको आन्दोलन पनि विशेष गरी हिन्दु धर्म, संस्कृति तथा परम्पराको संरक्षणमा बढी केन्द्रित रहेको देखिन्छ । नेपाली समाजको विकासको इतिहास हेर्ने हो भने आर्य र मंगोल दुवै सम्प्रदायका मानिसहरुको समिश्रणबाट अगाडि बढेको देखिन्छ । यस तथ्यबाट यहाँ कोही कसैबाट शोषित र आश्रित नरही सबै समान हक अधिकार उपयोग गर्दै समुन्नत समाजको निर्माणमा लाग्नु बुद्धिमानी ठहरिने छ । नेपाली समाजको जातिय, धार्मिक तथा सांस्कृतिक विविधताको सन्दर्भमा प्रकार्यवादी अवधारणा अनुरुप समाज एकिकृत रुपमा रहेको देखिन्छ ।

### २.२ सन्दर्भ साहित्यको समीक्षा

नेपाल एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक मानिसहरूको बसोवास रहँदै आएको देश हो । जहाँ समानता र असमानताका बीच बाँचेका विभिन्न जातजातिको तथा जनजातिको मुख्य मूल्य र मान्यतालाई उजागर गर्ने साझा फुलबारी हो (विष्ट, २०५५) ।

मानव जातिको विकासको क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई ४ वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र सुद्रका रूपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख छ । ब्राह्मण प्रथम  वर्णसँग सम्वन्धित छ (शर्मा, १९७७) धार्मिक मान्यताअनुसार ऋग्वेदलाई जाति प्रथाको श्रेय मानिएको छ ।

ऋगवेदमा ब्राह्मणहरू परमात्माको मुखबाट, क्षेत्रीहरू बाहुबाट, वैश्यहरू तीघ्राबाट र सुद्रहरूको उत्पत्ति पैतालाबाट भएको हो भन्ने उल्लेख छ (बराल, २०४४: १३-५८) । यसरी कामी जातिको उत्पत्ति धार्मिक मान्यताअनुसार परमात्माको पैतालाबाट भएको पाइन्छ ।

मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेका छन् जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान लिनुदिनु, यज्ञ गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषि कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नु (बराल, २०४४) ।

सन् १२९४ मा भारतका मुस्लिम शासक (सुल्तान) ले हिन्दु धार्मवलम्बीहरुका राज्यमा लगातार आक्रमण गरिरहँदा सन् १३०५ मा हिन्दुहरुको शक्ति क्षीण भए पछि केही व्यक्ति मुस्लिम अधिपत्य स्वीकार गरेर त्यहीँ बसे भने केही व्यक्तिहरु पंजाबमा गएर त्यहाँका शिखहरुसँग समन्वय गरेर बसे भने केही पश्चिम नेपालमा आएर बसोवास गर्न थाले । यसरी आउनेहरुमा ब्राम्हण, क्षेत्री र शुद्रहरु थिए(आहुती, २००५: ४८९-९२) ।

आहुती (२००५) का अनुसार आर्यन सम्प्रदायमा पर्ने ब्राह्मण जाती भारतमा भएको युद्धका कारण पश्चिम नेपाल हुँदै भित्रिएका र यो जाती नेपालका पहाडी जिल्लाहरुलाई आफ्नो मुख्य वासस्थान बनाएर बसेको पाइन्छ (आहुती, २००५: ४८९-९२) ।

बाहुनहरुको परम्परा हिन्दु धर्म मान्ने आर्य मूलको पूजा आजामा रुची राख्ने, छद्म पुजा, कन्या दान, गौ दान, भुमी दान जस्ता अन्य दानहरु लिने तथा दिने हिन्दु धर्मका अनुसार पुन्सवन, सीमन्तोनयन्, जन्मानुष्ठान, नामाकरण, निष्क्रमण, अन्नप्रासन, चुडाकर्म, कर्णवेध, उपनयन, वेदासम्भ, केशान्त अथाा गोदान, तथास्नान, समवर्तनम् वा विवाह, अन्त्यष्टि आदि सबै सस्कारहरु विधि पूर्वक सम्पन्न गराउने रहेको देखिन्छ । यस्क मुनिको निरुक्त शास्त्रका अनुसार ब्राह्मणको अर्थ ईश्वर ज्ञाता भन्ने वुझिनछ । तर हिन्दु समाजमा एतिहासिक स्थिति अनुसार पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरु धर्म निरपेक्ष व्यवसाय गर्दछन् तथा उनीहरुको धार्मिक परम्परा उनीहरुको जीवनबाट लुप्त हुदै गईरहेको छ । यद्यपि नेपाली जनसंख्यामा ब्राह्मणहरुको प्रतिशत कम छ तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान विज्ञान तथा उद्यमका क्षेत्रमा यिनीहरुको योगदान उल्लेख्य छ । नेपाललाई राष्ट्रको रुपमा निर्माण, एकीकरण, आधुनिकीकरण र अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बनाउन यस वर्गले अन्य समुदायसंग मिलेर महत्वपूर्ण योगदान गरेको छ । मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेका छन् जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान लिनुदिनु, यज्ञ गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषि कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नु (बराल, २०४४) ।

सन् १२९४ मा भारतका मुस्लिम शासक (सुल्तान) ले हिन्दु धार्मवलम्बीहरुका राज्यमा लगातार आक्रमण गरिरहँदा सन् १३०५ मा हिन्दुहरुको शक्ति क्षीण भए पछि केही व्यक्ति मुस्लिम अधिपत्य स्वीकार गरेर त्यहीँ बसे भने केही व्यक्तिहरु पंजाबमा गएर त्यहाँका शिखहरुसँग समन्वय गरेर बसे भने केही पश्चिम नेपालमा आएर बसोवास गर्न थाले । यसरी आउनेहरुमा ब्राम्हण, क्षेत्री र शुद्रहरु थिए ।

आहुती २००५ का अनुसार आर्यन सम्प्रदायमा पर्ने ब्राह्मण जाती भारतमा भएको युद्धका कारण पश्चिम नेपाल हुँदै भित्रिएका र यो जाती नेपालका पहाडी जिल्लाहरुलाई आफ्नो मुख्य वासस्थान बनाएर बसेको पाइन्छ (आहुती, २००५: ४८९-९२) ।

बाहुनहरुको परम्परा हिन्दु धर्म मान्ने आर्य मूलको पूजा आजामा रुची राख्ने, छद्म पुजा, कन्या दान, गौ दान, भुमी दान जस्ता अन्य दानहरु लिने तथा दिने हिन्दु धर्मका अनुसार पुन्सवन, सीमन्तोनयन्, जन्मानुष्ठान, नामाकरण, निष्क्रमण, अन्नप्रासन, चुडाकर्म,

कर्णवेध, उपनयन, वेदासम्भ, केशान्त अथा गोदान, तथास्नान, समवर्तनम् वा विवाह, अन्त्यष्टि आदि सबै सस्कारहरु विधि पूर्वक सम्पन्न गराउने रहेको देखिन्छ ।यस्क मुनिको निरुक्त शास्त्रका अनुसार ब्राह्मणको अर्थ ईश्वर ज्ञाता भन्ने वुझिनछ । तर हिन्दु समाजमा एतिहासिक स्थिति अनुसार पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरु धर्म निरपेक्ष व्यवसाय गर्दछन् तथा उनीहरुको धार्मिक परम्परा उनीहरुको जीवनबाट लुप्त हुदै गईरहेको छ । यद्यपि नेपाली जनसंख्यामा ब्राह्मणहरुको प्रतिशत कम छ तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान विज्ञान तथा उद्यमका क्षेत्रमा यिनीहरुको योगदान उल्लेख्य छ । नेपाललाई राष्ट्रको रुपमा निर्माण, एकीकरण, आधुनिकीकरण र अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बनाउन यस वर्गले अन्य समुदायसंग मिलेर महत्वपूर्ण योगदान गरेको छ ।बाहुन-क्षेत्रीलाई देश भरिका सबैभन्दा प्रख्यात जात भने हुन्छ किनभने नेपालको हिमालदेखि मधेससम्म र मेचीदेखि महाकालीसम्म हरेक भागमा जहाँ खोजेपनि पाइने जात बाहुन-क्षेत्री नै हुन् । देशभरि यत्तिकै व्यापक रुपमा फैलिएर बसेका अरु कुनैपनि वर्ग छैनन् ।पश्चिम एशियातिरबाट आइ भारतको पन्जाब र त्यसपछि गङ्गाको फाँटमा पुगेर बैदिक र पौराणिक हिन्दु धर्म तथा संस्कृतिको विकास गर्ने आर्य जाति मध्येकै थिए खसका पुर्खाहरु पनि (विष्ट, २०३०) ।

हिन्दुस्तानको पन्जाबबाट गङ्गा नदीको मैदानी भागमा फिंजिएर बसेका आर्यहरुका सन्तानहरुका रुपमा ब्राह्मण र क्षेत्रीहरु हिमालय पर्वततिर समेत विस्तार हुँदै आएका थिए । खासगरी इण्डो-आर्यन समुदायभित्र विद्यमान वर्णाश्रम पद्धति (Varna system) अनुसार चार वर्णहरु रहने परम्परा छ । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रमा विभाजित चार वर्णमा ब्राह्मण पहिलो स्थानमा र क्षेत्रीलाई दोस्रो स्थानमा राख्ने चलन छ (शर्मा, २०३९) ।

राष्ट्रिय जनगणना २०५८ मा पहाडी ब्राह्मण २८,९६,४७७ रहेका थिए । यिनीहरु प्रायः सबैले हिन्दु धर्म नै अवलम्वन गर्दछन् । अन्य धर्मको प्रभाव यस जातिमा त्यति परेको देखिदैन ।

ऋग्वेदमा जुन ब्राह्मण शब्द प्रयोग भएको छ त्यसको अर्थ हो प्रार्थना अथवा स्तुति तर यही ब्राम्हण शब्द अथर्व वेदमा आएर ब्राह्मण वर्गको अर्थमा लिइएको देखिन्छ । ब्राह्मण शब्दलाई ब्राह्मण वर्गको अर्थमा लिनु स्वभाविक कुरा हुन आउँछ । कारण ब्राह्मणहरु नै ब्रमह अर्थात प्रार्थनाका निर्माता थिए । ऋग्वेदका अनुसार ब्रह्म र क्षत्र शब्द क्रमशः स्तुति र शक्तिको अर्थमा प्रयोग भएका छन् (शर्मा, २०३९) ।

गहुँगोरो वर्ण, चुच्चो नाक, नरम कालो कपाल, लाम्चा र गढेका आँखा, उचा देखि मझौला कद संक्षेपमा भारेपिया वा आर्यमूलका मानव समूहको शारीरिक विशेषता हुन् । नेपालमा यी भारोपेली जातिहरुको आगमन कहिलेदेखि भयो भनेर किटान गर्न नसकिए पनि किराँत वंशभन्दा पहिले नेपालमा निप वा नेप जातिका आविरहरुको शासन थियो र संभवतः तिनीहरु हिन्दुस्तानबाट नेपाल प्रवेश गरेका थिए र तिनीहरु आर्य जातिकै शाखा थिए ।

नेपाली समाजमा विश्वामित्र गोत्र र प्रवर हुने ब्राह्मणहरु पाइन्छन् ।तिनीहरु मूलतः

पहिले क्षेत्रीय थिए र पछि विश्वामित्रको प्रतापले ब्राह्मण भएका हुन् । यसै प्रकार कौशिक गोत्र र प्रवरका ब्राह्मणहरु पनि पहिले क्षत्रीय थिए र पछि ब्राह्मण भएका हुन् (शर्मा, २०३९) ।

ब्राह्मणमा विभिन्न थरहरु हुन्छन् । जस्तैः- सुवेदी, आचार्य, पौडेल, गौतम, सापकोटा, कँडेल, भुर्तेल, चापागाईं, भण्डारी, रिजाल, लगायतका दर्जनौ थरहरु पाइन्छन् । ब्राह्मणहरु उपाध्याय र जैसी गरी मूल रुपमा दुई भागमा विभक्त छन् । यसैगरी पूर्विया र कुमाइ, पहाडे र मैथली ब्राह्मण गरी ब्राह्मणलाई विभाजन गरिएको छ । कुमाइ बाहुनहरुमा लोहनी, जोशी, डोटेल, विष्ट, भट्ट, पाण्डे, पनेरु, पन्त, सोती, उप्रेती, सिलवाल आदि र पूर्वियामा बाँसकोटा, अधिकारी, अर्याल, आचार्य, खनाल, ढुङ्गेल, घिमिरे, खरेल, लामिछाने, पौडेल, पोखरेल, प्याकुरेल, रिमाल, सुवेदी आदि पर्दछन् (विष्ट, २०३०) ।

नेपालको सबै ठाउँमा बसोबास गरेर बसेका ब्राह्मण र क्षेत्रीहरु शुरुमा हिन्दुस्तानबाट पश्चिम नेपालको कर्णाली क्षेत्र र मध्य नेपालको काठमाण्डौमा आएर बसेका थिए । शुरुमा ब्राह्मण क्षेत्रीहरु गुचुमुच्च भएर नेपालको मध्य भागमा रहेको पूर्वबाट पश्चिमसम्मका पहाडहरुमा फैलिएर रहेको पाइन्छ । यिनीहरुको घर ढुङ्गा माटोबाट बनेको, आर्थिक अवस्था हेरी एक देखि दुई तल्लासम्म भएका घरहरु बनाउने गर्दछन् । घरमा सेतो कमेराले पोत्ने, झ्याल ढोकामा कालो रङ्ग लगाउने गर्दछन् । घरको भुइँ तल्लामा भान्सा र पूजा कोठा अनि सानो कोठा सिकुवामा सुत्ने गर्दछन् । पहिलो तल्लामा खाद्यान्न राख्ने भण्डार र सुत्ने कोठाहरु बनाउने चलन घरको नजिकै गाईभैंसी, भेडाबाखा पाल्नको लागि गोठहरु बनाउने गरिएको छछ । घरको अगाडि आँगन र तुलसीको मोठहरु बनाउने गरिएको छ (शर्मा, २०३९) ।

## २.३ राज्यले कानुनमार्फत जातिय संरचना र सम्बन्धमा गरेका नितिगत परिवर्तनहरु

मुलुकि ऐन १८५४ ले निम्नानुसार जातिय विभाजन गरेको पाइन्छ ।

| जात विभाजन | जाति एवम् जनजाति समूह |
|---|---|
| तागाधारी (जनै धारण गर्ने) | खस : ब्राह्मण, क्षेत्रि, ठकुरी ।<br>नेवार : ब्राह्मण,क्षेत्रि, श्रेष्ठ ।<br>तराई :ब्राह्मण |
| नमासिन्या मतवालि | नेवार : जनै धारण नगर्नेश्रेष्ठ (पन्चरिया), बज्राचार्य, साक्य, तुलाधर, ज्यापु र अरु शुद्ध पेशा अपनाउने जाति ।<br>गोर्खा–जनजाति समूह : गुरुङ्ग, मगर, सुनार, राइ र लिम्बु हिन्दु धर्म नमान्ने आफनै धर्म भएका । |
| मासिन्या मतवालि | भोटे, तामाङ्ग, सेर्पा, थकालि, चेपाङ, घर्ति, कुमाल र थारु । |
| पानी नचल्ने (असुद्ध तर छुन मिल्ने) | नेवारको तल्लो जाति, असुद्ध पेशा अपनाउने जाति– भा, मानन्धर, धोवि, खड्गी, कसाइ आदी र मुस्लीम तथा |

| | |
|---|---|
| | युरोपियनहरु । |
| असद्ध र छुन नमिल्ने | खस पेशागत जाति : कामी, शार्की, दमाइ, वादी<br>तराई पेशागत जाति : धोवि, हल्खोर, चमार, दुसाद, डोम, मुसहर आदी<br>नेवार तल्लो पेशागत जाति : कुलु, पोडे, च्यामा, खाला आदी |

(गुरुङ्ग, २००५)

मुलुकी ऐन १९१० को प्रस्तावनामा "शास्त्रबाट मात्र कालका प्रभावले सवै व्यवहार चल्न नसक्दा छोटाबडा सवैलाई कसुर अनुसार एकै सजाय होस, घटिबढि कसैलाई नहोस" भनि १९९० सालमा यो ऐन जारी भएको कुरा उल्लेख छ । प्रथम संहिताबद्ध मुलुकी ऐन १९९० विशुद्ध हिन्दु धर्मशास्त्रको आधारमा निर्मित भई शास्त्र, देश, काल, चलन, अवस्था विचार गरि तर्जुमा भएको देखिन्छ । मुलुकी ऐन २०२० मा यस अघिको ऐनमा राखिएको जनै दिनेको, घटिबढी जातमा करणी गर्नेको, पानी नचल्ने जातको, धर्माधिकार जस्ता विषयलाई स्थान दिइएको पाइदैन । छुवाछुत हटाएको, जातजातिको आधारमा सजाय घटिबढी नगरेको, सामाजिक कुरीति हटाएको मुख्य विषेशता मुलुकी ऐन २०२० मा पाइन्छ (श्रेष्ठ, २०५२) ।

हिन्दु अधिराज्य नेपालमा सदैव हिन्दु धर्मशास्त्र बमोजिम शासन व्यवस्था संचालन हुन्थ्यो भन्ने कुरा किरात, लिच्छवी, मल्ल र शाहकालिन लेख, शिलालेख, ताम्रपत्रहरु ऋादिले पुष्टी गर्दछ । संस्कृतमा उत्कीर्ण भएका अभिलेखहरुमा धर्मशास्त्रका वाक्यहरु उल्लेख भएको तथ्यले पनि यहि कुरा स्पस्ट गर्दछ । जयस्थिति मल्लले स्थीति वाँध्दा ब्राह्मणहरुकै सहयोगमा कीतिनिधी उपाध्याय कान्यकुन्ज, रघुनाथ झा मैथली, श्रीनाथ भट्ट, महिनाथ भट्ट, रामनाथ झा आदि ब्राह्मणहरुको परामर्शदात्रि समिति गठन गरिएको थियो । राम शाहको स्थीतिमा पनि विद्धान ब्राह्मणहरुको योगदान रहेको थियो । पृथ्वीनारायण शाहले कानुन निर्माण गर्दा पनि सत्यधर जोशी, सीताराम पण्डीत र अर्याल ब्राह्मणहरुको महत्वपूर्ण भूमिका रहेको थियो । राणा शासनकालमा पनि कानुन निर्माणमा ब्राह्मणहरुको महत्वपूर्ण योगदान रह्यो । वि.स. १९१० सालमा जारी भएको मुलुकी ऐन लोकपति र लेखपति झा ले तयार गर्दा मनुस्मीति धर्मशास्त्रको सहयोग लिएका थिए । अछुतिको, धर्माधिकारको, जनै दिन्याको, विहावरीको, छिटो हाल्नु पर्न्या, छिटो हाल्नु नपर्न्याको, पानी नचलन्याको, घटी बढी जातामा करणी गर्न्याको, घटी बढी जातको महलहरु धर्मशास्त्रवाट प्रभावित थिए ( श्रेष्ठ, २०५२) ।

वि.स. २०२० सालमा श्रावण मसान्तसम्म सो मुलुकी ऐनमा अदालतको महल १ जनै दिन्याको, विहावरीको, छिटो हाल्नु पर्न्या, छिटो हाल्नु नपर्न्याको, पानी नचलन्याको, घटी बढी जातामा करणी गर्न्याको, घटी बढी जातको, धर्माधिकारको महलहरु कायमै थियो र हिन्दु धर्मशास्त्रका कतिपय व्यवस्थाले स्थान पाइरहेका थिए । मुलुकी ऐन २०२० साल

भाद्र १ गतेदेखी लागु भयो र जनै दिन्याको, विहावरीको, छिटो हाल्नु पर्न्या, छिटो हाल्नु नपर्न्याको, पानी नचलन्याको, घटी बढी जातामा करणी गर्न्याको, घटी बढी जातको, धर्माधिकारको महलहरु जस्तो साविक ऐनमा भएको व्यवस्थालाई स्थान दिइएन र यस्ता कुरालाई दण्डनिय बनाइयो (श्रेष्ठ, २०५२) ।

नयाँ मुलुकी ऐन (२०२०) ले छुवाछुत हटाएको छ र जातजातिको आधारमा सजाय घटिवढी नगर्ने व्यवस्था गरेको छ । यसरी सबै जातजाति कानूनको नजरमा समान रहने छन् । तर व्यवहारिक रूपमा यस्तो भएको कमै पाइएको छ साथै यसले वालविवाहमा रोक लगाएको विधवा विवाहलाई मान्यता दिएको, महिलाले पनि सम्बन्धविच्छेद गर्न पाउने, ३५ वर्ष पूरा भएकी कन्याले छोरासरह अंश पाउने (२०३३ सालमा व्यवस्था भएको), विवाहमा उमेरको हद तोकिएको आदि व्यवस्था गरिएको थियो (श्रेष्ठ, २०५२) ।

यसरी नेपालका बिभिन्न कालखण्डका संविधानले पनि छुवाछुत तथा जातीय भेदभाव विरूद्ध व्यवस्था गरेको पाइन्छ । जुन यसप्रकार छ ।

| नेपाल अधिराज्यको सँविधान, २०१५ | नेपाल अधिराज्यको संविधान २०४७ | नेपालको अन्तरिम संविधान २०६३ | नेपालको संविधान २०७२ |
|---|---|---|---|
| नेपाल अधिराज्यको सँविधान, २०१५ को धारा ४. समानताः<br>1= सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुनेछन् ।<br>2= सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात जातिको आधारमा भेदभाव गरिने छैन ।<br>3= सरकारी सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, वा जातजातिको आधारमा भेदभाव हुने छैन, तथा स्त्री, पुरुष दुवै थरीको लागि खुला रहेका सरकारी नोकरीको हकमा लिङ्गको | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ४ मा छुवाछुतको वारेमा व्यवस्था गरेको छ "कुनै पनि व्यक्तिलाई जातपातको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक | 1 कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निधारित भएबमोजिम क्षतिपूर्ति पाउने छ ।<br>2 कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक स्थलमा रहेको सेवा, सुविधा वा | कुनैपनी ब्यक्तिलाई निजको उत्पत्ती, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि नीजि तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।<br>२. कुनै वस्तु, सेवा वा सुबिधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा व्यक्तिलाइ खरिद वा प्राप्त गर्नवाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिका |

| | | | |
|---|---|---|---|
| आधारमा पनि भेदभाव हुनेछैन ।<br>4= नेपाल अधिराज्यका विभिन्न क्षेत्रका जनताका बीच वा जनताका विभिन्नवर्ग वा जात वा जातिकाबीच कसैले घृणा द्वेष फैलाउन वा बैरभाव पैदा गराउन पाउने छैन । | उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । | उपयोगका कुराहरू गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्यबाट बञ्चित गरिने छैन ।<br>3 कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन ।<br>4 कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच्च, निच दर्शाउने जातजातिको आधारमा सामाजिक, विभेदलाई न्यायोचित गराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित | व्यक्तिलाई मात्र विक्रीवितरण वा प्रदान गरिने छैन ।<br>३. उत्पत्ति, जात जाति वा शारीरिक अवस्थाको अधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा जातिय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br>४. जातिय आधारमा छुवाछुत गरि वा नगरि कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।<br>५. यस धाराको प्रतिकुल हुने गरि भएका सवै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भिर सामाजिक अपराधका रुपमा कानुन बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यवाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br>5 उपधारा २, ३ र ४ विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ । | |

यसरी कानुनि रुपले नेपालमा जातिका आधारमा गरिने भेदभाव तथा उच नीचका कुरालाइ राज्यले कानुनिरुपमा वर्जीत गर्दै कुनै पनि जाति, वर्ण, धर्म, लिङ्ग आदीका आधारमा गरिने भेदभावलाई कानुन वमोजिम दण्डनिय वनाएको छ । यसरी कानुनि व्यवस्थामा आएका परिवर्तन बाट पनि 'ब्राह्मण' बारेको सामाजिक बुझाई र भोगाईमा परिवर्तन ल्याउन भुमिका प्रदान गरेको देखिन्छ ।

## २.४ सैद्धान्तिक अवधारणा

### 'ब्राह्मण' बारेको बुझाइमा आएको परिवर्तन


वर्ण व्यवस्था हिन्दुधर्ममा प्राचिन कालदेखि चली आएको सामाजिक संगठनको अंग हो । जसमा विभिन्न समुदायका मानिसहरुको काम निर्धारित हुन्थ्यो । मानिसका सन्तानहरुका कार्यपनि तिनैमा निर्भर गरिन्थ्यो । विभिन्न प्रकारका कार्यहरु अनुसार बनेका यस्ता समुदायहरुलाई जाति वा वर्ण भनिन्थ्यो । प्राचिन भारतिय समाज ब्राह्मण, क्षत्रिय तथा शुद्र वर्णहरुमा विभाजित थियो । ब्राह्मणको कार्य शास्त्र अध्ययन, वेदपाठ, तथा यक्ष गराउनु हुन्थ्यो, जवकि क्षत्रियहरु युद्ध तथा राज्यका कार्यहरुका उत्तरदायी थिए । वैश्यहरुको काम व्यापार तथा शुद्रहरुको काम सेवा प्रदान गर्नु हुन्थ्यो । प्राचिन कालमा यो सव सन्तुलित थियो तर कालान्तरमा उच नीच को भेदभाव तथा आर्थिक स्थीतिमा परिवर्तन भएका कारण विभिन्न बर्गहरुका बिच दुरी बढ्यो । हिटलर भारतिय वर्ण व्यवस्था बाट धेरै प्रभावित थिए । भारतिय उपमहाद्विपका धेरै अन्य धर्म तथा सप्रदायले पनि यसको पालना आंसिक वा पूर्ण रुपले गर्दछन् । यिन मा सिख, इस्लाम तथा इसाइ धर्मको नाम उल्लेखनिय छ (Gupta,2000) ।

जातमा आधारित भेदभाव लाई अधिकांस दक्षिण एसियाली देशहरुले संवैधानिक रुपले निषेध गरेको भएपनि अझै पनि यसका विभिन्न स्वरुपहरु रहेका छन् । उत्पत्तिका हिसाबले जातिका अधारमा कामको विभाजन, विभिन्न जातिहरु बिचको सामाजिक सम्बन्ध जजमानि व्यवस्थाका आधारमा नियन्त्रित थियो । जजमानि व्यवस्थाको कारण जिवन पद्धतिमा विभेदीकरण एवम् जात तथा संरचनामा व्यापक विभाजन ल्यायो । वर्तमानमा पनि

जाति व्यवस्था यथावत छ तर पूर्ण छैन । कानुनि आधारमा जात, समूहको वर्ण विभाजन, खानपिनको सिमा निर्धारण, सामाजिक नियन्त्रण, विपन्न, विशेषाधिकार पाएका विभिन्न खण्डहरु, पेशा छनैटमा नियन्त्रण र विवाहमा पूर्णतया नियन्त्रण आदीमा लचकता अपनाइएको छ । जातको आधारमा गरिने विभेदमा निशेध, जाति तथा अन्तरजाति सम्बन्धमा परिवर्तन भएको छ । जातीय पहिचानका कुरा मानिसका लागी राजनीतिक तथा आर्थिक गतिविधि बाट फाइदा लिन परिचालनका साधन बनेका छन् । जाति व्यवस्था, संस्कारको ब्यबस्था बाट पहिचानको मुद्दामा परिवर्तन भएको छ । परम्परागत रुपमा स्थापित स्थीति, सक्तिको स्थान, संस्कारगत ब्याख्याका आधारमा उनिहरुको भूमिका र स्थानहरुको व्याख्या जनस्तर एवम् राजनैतिक रुपमा फरक ढंगले आएका छन् । समग्रमा जाति इतिहाँसहरुको जटिल उत्पादनको वा नतिजा होर आज विभिन्न रुपहरुमा यथावत छ । जाति व्यवस्थाको सबैभन्दा महत्वपूर्ण देखिने शक्तिशालि रुपको असरले सामुहिक पहिचान को संकेत लाई उजागर गरेको छ र यसको आधारमा सिमीत स्रोतसाधन, बिभिन्न राजनैतिक संगठन मा प्रतिनिधित्व एवम् प्रशासनिक संगठनमा प्रतिनिधित्वका लागी सामुहिक आवाज उजागर भएको छ । यि राजनैतिक उद्देश्य प्राप्तिका लागी विभिन्न समूहको आफ्नो पहिचान स्थापित गर्न नयाँ धार निर्माण भएको छ । जस्तो भारतमा अनुशुचित जाति, अनुशुचित आदिवासी र अन्य पछाडि परेको वर्ग र नेपालमा ब्राह्मण क्षेत्रिका बिचमा, जनजाति, दलित तथा विभिन्न जातिय समूहहरुले संसदमा दवावका कार्यहरु गरेका छन् (सुवेदी,२०१६) ।

### २.५ अवधारणात्मक ढाँचा

यो अनुसन्धान निम्न अवधारणात्मक ढाँचामा सम्पन्न गरी आवश्यक सूचना हासिल गरिएको छ ।



## अध्याय तीन

## अनुसन्धान विधि

यस अध्याय अन्तर्गत अध्ययनलाई विश्वसनिय तथा भरपर्दो किसिमले निष्कर्षमा पुग्नको लागि उपयोग गरिएको विभिन्न अनुसन्धान विधिहरु जस्तैः- अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनोट, नमूना छनोट विधि, तथ्याङ्क सङ्कलन गर्नको निमित्त प्रयोग गरिएको विभिन्न विधिहरु (अन्तरवार्ता, अवलोकन, सामूहिक छलफल) तथ्याङ्कको प्रकृति तथा स्रोत, आदिको उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान क्षेत्र तथा छनौटको आधार

यो अध्ययन बैतडी जिल्लाको दोगडाकेदार गा.पा. वडा नं. १ मा अवस्थित रीम, कौली गाउँमा केन्द्रित रहेको छ । यो अध्ययनमा संख्यात्मक तथा गुणात्मक तथ्यहरुमा आधारित रही विवरणात्मक शैलीमा ब्राह्मण जातिहरुको सामाजिक, सांस्कृतिक एवम् आर्थिक पक्षहरुको अध्ययन गरिएको छ । अनुसन्धान क्षेत्र छनौटका आधारहरु यस प्रकार रहेका छन् ।

१. अनुसन्धान क्षेत्रमा ब्राह्मणहरुको पुरानो बस्ती भएकोले ।

२. ब्राह्मणहरुको मौलिक संस्कृति तथा सो मा आएको परिवर्तन बुझ्न सकिने भएकोले ।

३. परम्परागत आर्थिक क्रियाकलापमा परिवर्तन देखिएकाले ।

४.म आफै स्थानिय भएकोमा अध्ययन गर्न सजिलो पर्ने भएकाले ।

५. ब्राह्मण संस्कृतिको परिवर्तनको प्रक्रिया बुझ्न सजिलो हुने भएकोले ।

अनुसन्धान क्षेत्र बैतडी जिल्लाको सदरमुकाम गोठलापानीवाट नजिक पर्ने ब्राह्मण जातिका मानिसहरुको पुरानो बस्ती भएको क्षेत्र हो । यहाँ क्रमिक रुपमा आधुनिकीकरणको प्रभाव पर्दै गएता पनि मौलिक संस्कृति पनि जिवित नै रहेको देखिन्छ । परम्परागत पेशा व्यवसायमा क्रमशः परिवर्तन देखिदै गएको छ । भौगोलिक रुपमा पनि अनुसन्धान क्षेत्र नजिक रहेकाले यस क्षेत्रलाई अनुसन्धानको रुपमा छनौट गरिएको हो ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययन बैतडी जिल्लाको दोगडाकेदार गा.पा. वडा नं. १ मा अवस्थित रीम, कौली गाउँमा केन्द्रित रहेको छ । यो अध्ययनमा मुख्यतः संख्यात्मक तथा गुणात्मक तथ्यहरुमा आधारित रही विवरणात्मक शैलीमा ब्राह्मण जातिहरुको ब्राह्मण जातिका सामाजिक बुझाइ र भोगाइमा आएका परिर्वतनका पक्षहरुको अध्ययनगरिएको छ ।

### ३.३ अध्ययनको समग्रता

अध्ययन क्षेत्रदोगडाकेदार गा.पा. को वडा नं. १ मा अवस्थित रीम, कौली गाउँमा ५२ घर ब्राह्मणहरु रहेका छन् । ती ५२ घरका घरमुलिलाई अध्ययनको लागि समावेश

गरिएको छ । यहाँका ५२ घरका ब्राह्मणहरुको सामाजिक बुझाइ र भोगाइमा आएका परिर्वतनका अवस्थाको बारेमा अध्ययनगरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकार र स्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वितीय प्रकृतिका तथ्याङ्क समावेश गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयं आफै अध्ययन क्षेत्रमा गएर तथ्याङ्कहरु सङ्कलन गरिएको छ । त्यसरी नै ब्राह्मणहरु सम्बन्धि अध्ययन तथा अनुसन्धान गरी निकालिएका प्रतिवेदन, पुस्तक, लेख, तथ्याङ्क विभागको पुस्तिका आदिबाट द्वितीय तथ्याङ्कहरुको सङ्कलनगरिएको छ ।

अध्ययनलाई विश्वसनीय, भरपर्दो तथा स्तरीय बनाउनका निमित्त दुवै गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरुको उपयोग आवश्यकता अनुसार गरिएको छ । उमेर, लिङ्ग, शैक्षिकस्तर, परिवार संख्या आदि जस्ता सांख्यिकीय तथ्याङ्कहरुका साथै सरसफाइ, पहिरन, बोलीचाली आदि जस्ता गुणस्तरीय तथ्याङ्कहरुपनि अध्ययनमा उपयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययनलाई अग्रगति दिई विश्वसनीय निष्कर्षमा पुग्ने सिलसिलामा प्राथमिक तथ्याङ्कहरु सङ्कलन गर्नको निमित्त निम्न प्रकारका तथ्याङ्क सङ्कलन विधिहरु उपयोग गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

अनुसन्धान गर्नका लागि तथ्याङ्क सङ्कलन गर्ने प्रविधिहरुमा अन्तर्वार्ता एक महत्वपूर्ण साधन हो । अनुसन्धानमा आवश्यक पर्ने सूचना, तथ्य जानकारी प्राप्त गर्न अनुसन्धान दाताले सूचना दातासँग आमुन्ने-सामुन्ने बसेर गरिएको प्रक्रिया अन्तर्वार्ता हो । अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग सूचनाहरु भरपर्दा छन् की छैनन्, कति सत्य छन् र कति नमिल्ने सूचना सङ्कलन भए कि भन्ने कुराको परिक्षण गर्न र आवश्यक तथ्याङ्क पाउने उद्देश्य राखी अन्तर्वार्ताको अनुसूची तयार पारिएको छ। यस विधिबाट ब्राह्मण जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था, यसमा आएका परिवर्तन र परिवर्तनका कारक तत्वहरु बारे जानकारी लिनको लागि मूख्य जानकार व्यक्तिहरु मध्ये ५२ जना लाई लिइएको छ । जसमा घरमुलीसँगको अन्तर्वार्ता प्रमुख मानिन्छ साथै खुला प्रश्नका माध्यवाट जानकारी हासिल गरिएको छ । विशेष गरी जनसंख्या पेशा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, बिवाह, आम्दानीको प्रकार, संस्कार, प्रमुख चाडपर्व, आम्दानी तथा खर्च आदि पक्षबाट आएको परिवर्तनहरु कारण सहित जानकारी प्राप्त गर्न यो विधि प्रयोग गरिएको छ ।

#### ३.५.२ अवलोकन

अनुसन्धानको क्रममा शोधकर्ताले अवलोकन विधिको प्रयोग गरी घरको सर-सफाइ, यसको प्रकार, शौचालयको अवस्था, पोशाक, गरगहना, धार्मिक क्रियाकलाप आदि सम्बन्धि सूचना सङ्कलन गरिएको छ । यस विधिद्वारा अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरुलाई मूल्याङ्कन वा

सत्यताको जाँच गरी पुनः अन्तर्वार्ता गरी अध्ययनलाई बढी विश्वसनिय बनाउन सहयोग पुग्ने छ । यस्ता तथ्याङ्कहरुले ब्राह्मण जातिको परम्परागत पहिरन, आर्थिक अवस्था आदि प्रस्तुत गर्न सहयोग गर्ने छ ।

### ३.५.३ मुख्य व्यक्तिहरुसँगको अन्तरवार्ता

हरेक उत्तरदाताहरुबाट लिइएको सूचनाको विश्वसनीयता जाँच गर्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धि बढी तथा विश्वसनीय सूचनाहरु सङ्कलन गर्नको निमित्तसहभागीहरु संग बन्द तथा खुला प्रश्नावली विधिद्वारा कौली गाउँका ५२ जना ब्राह्मणहरुविभिन्न कार्य गरिरहेका राजनीतिक पदाधिकारीहरु, शिक्षक, कर्मचारी, विभिन्न गैरसरकारी संस्थाका कर्मचारीहरु तथा गाउँका अगुवासँग अन्तरवार्तागरिएको छ । यस अन्तरवार्ताद्वारा अध्ययनलाई बढी विश्वसनीय तथा गहन बनाउने विश्वास गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

माथि उल्लेखित विधिबाट सङ्कलित मात्रात्मक तथ्याङ्कहरुलाई प्रकृति र गुणको आधारमा विभिन्न समूहहरुमा विभाजन गरी कूल तथा प्रतिशत निकालेर आवश्यकता अनुसार प्रस्तुत गरिएको छ । तालिकीकृत गरिए पछि ती तथ्याङ्कहरुलाई विश्लेषण गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यो अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्नको निमित्त एउटा सानो क्षेत्रमा अध्ययन गरिएको हुनाले यसको आफ्नै सिमाहरु छन्, जुन यस प्रकारका छन् ।

- यो अध्ययन ब्राह्मण जातिमा आधारित हुने हुनाले यसले अन्य जात जातिको विविध अवस्थालाई नझल्काउन पनि सक्छ ।
- यो बैतडी जिल्लाको एउटा सानो भागमा बसोबास गर्ने ब्राह्मण गाउँको आधारमा गरिएको हुनाले यसबाट निकालिएको निष्कर्ष अन्य ठाउँका ब्राह्मणहरुको भन्दा नितान्त फरक पनि हुन सक्नेछ ।
- यो एक विद्यार्थीले आंशिक आवश्यकता पूरा गर्नका निमित्त छोटो समय र नगण्य खर्चमा गरिएको हुनाले यसले सम्पूर्ण पक्षहरुलाई नसमेट्न तथा सुक्ष्म अध्ययन नभएको पनि हुन सक्नेछ ।

## अध्याय- चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१. भौगोलिक अवस्था

नेपालको ७ न. प्रदेशमा पर्ने ९वटा जिल्लाहरुमध्ये एक पहाडी जिल्ला प्राकृतिक सुन्दरता र विविधताले भरिपूर्ण जिल्ला बैतडी हो । यस जिल्लाको पूर्वमा बझाङ र डोटी जिल्ला, पश्चिममा महाकाली नदिले भारतको सिमाना छुट्याएको छ र नदिको पारिपट्टी भारतको उत्तराखण्डको पिथौरागढ जिल्ला पर्दछ । यसैगरी उत्तरमा दार्चुला र दक्षिणमा डडेलधुरा जिल्ला अवस्थित छन् । विश्वमान चित्रमा बैतडी जिल्ला २९.२२$^{\circ}$ देखि २९.५७$^{\circ}$ उत्तरी अक्षांश र ८०.१५$^{\circ}$ देखि ८१.४५$^{\circ}$ पूर्वी देशान्तर भित्र पर्दछ । मुलुकुको ०.६८ प्रतिशत अर्थात १४५१.१३ वर्गकिलो मिटर क्षेत्रफलमा फैलिएको यो जिल्ला समुद्री सहतदेखि ३९० मिटर देखि २९५० मिटर उचाइमा रहेको छ । ४ नगरपालिका, ७गाउँपालिका, १ संसदीय निर्वाचन क्षेत्र मा विभाजित यस जिल्लाको सदरमुकाम गोठालापानी हो ।

भौगोलिक एवम् जैविक विविधता बैतडी स्वयममा विविधतापूर्ण र जल सम्पदाले कुलीन जिल्लाको रुपमा चिनिन्छ । यो जिल्लाका अधिकांश गाउँहरुमा मोटरवाटो, विद्युत एवं संचारको पहुँच विस्तार भएको छ ।

### ४.१.१. प्राकृतिक स्रोत र साधन

यस अध्ययन क्षेत्रका प्राकृतिक सम्पदाहरुमा वन, वनपैदावर, खोलानाला, जंगल, गुफा, पोखरी र विभिन खोंचहरु रहेका छन् । यस मध्ये पाटन नगरपालीकामा पर्ने प्राचीन साक्षत भगवान्को वास भएको मानिने पाताल भुमेश्वर र लामो प्राकृतिक गुफा छ । त्यस्तै दशरथचन्द नगरपालीकामा पर्ने त्रिपुरासुन्दरी यहाको मुख्य देवस्थल हुन् । यस अध्ययन क्षेत्रका ब्राह्मण जातीहरुले विशेष गरी वन सम्पदालाई प्रयोग गरी आफ्नो वसोवास, कृषिकार्यको साथसाथै पशुपालनलाई सहज बनाएका छन् । खानेपानीको रुपमा मुल र धाराको पानी प्रयोग गरे तापनि हाल आएर गैहसरकारकारी संस्थाद्वारा सञ्चालमा ल्याइएको खानेपानी आयोजनामा भर पर्ने गरेका छन् । यसै गरी इन्धनको रुपमा यहाँका मानिसहरुले दाउराको प्रयोग गर्दछन भन् केही मानिसहरुले गोवर ग्यास र ग्याँस चुल्दो चलाएको देखिन्छ । विशेष गरी महिलाहरु धुँवारहित चुल्होप्रति आकर्षित भएको पाइन्छ ।

### ४.१.२. जनसंख्या

बैतडी जिल्लाको जम्मा जनसंख्या २,५०,८९८ मध्ये महिलाको जनसंख्या १,३३,४९१ र पुरुषको १,१७,४०७ रहेकोछ भने पहाडी ब्राह्मणकोकुलजनसंख्या ४६,५४१ रहेको छ । यस अध्ययन क्षेत्र, बैतडी जिल्लाको दोगडाकेदार गाउँपालीकामाजम्मा घरधुरी संख्या ४,५५९, कुल जनसंख्या २४,६३२ रहेको छ । यस मध्ये पुरुष जनसंख्या११,२२० र महिला १३,४१२ रहेको छ (के.त.वि., २०६८) । यस गाउँपालिका मा मुख्यगरी ब्राह्मण, क्षेत्री, सार्की लगायतका जातिहरुको बसोवास रहेको छ ।

### ४.१.३. पर्यटकीय स्थल

यस जिल्लामा विभिन्न धार्मिक पर्यटकीय स्थल रहेका छन् जस्तैः पाताल भुमेश्वर, त्रिपुरासुदरी, मेलौली भगवति मन्दिर, निङ्गलाशैनी मन्दिर, रौलेकेदार मन्दिर, महारुद्र मन्दिर लगायत देवस्थलहरु रहेका छन् ।

### ४.१.४ बजार, रोड, विद्युत तथा संचार

यस गाउँमा हालसम्म मोटरबाटो पुगेको देखिएन । अन्यत्र यात्रा गर्न यस गाउँका मानिसहरु २ घण्टा पैदल हिडेर पञ्ज्युनया, खोचलेक तथा सिल्लेगाडा पुग्ने गरेका छन् । यस गाउँमा साने वजार घोडेधारमा रहेको छ । सो बजारवाट नुन, तेल का साथै आवश्यक चिजवस्तु खरिद गर्ने गरेको पाइयो । यसैगरि यस गाउँबाट नजिक पर्ने बजारमा पञ्ज्युनया, गोकुलेश्वर, खोचलेक तथा सिल्लेगाडा रहेका छन् । खाद्यान्न लत्ताकपडा तथा अन्य चिजहरु यस गाउँका मानिसहरु यी बजारवाट उपभोग गर्दछन् । यस गाउँमा अझसम्म विद्युत नपुगेको देखियो । उज्यालोको लागि यस गाउँका मानिसहरु परम्परागत टुकी मा निर्भर रहेको पाइयो साथै केहि धनि व्यक्तिहरुले सोलारको उपयोग गरेको पाइयो । विद्युत नहुदा यस गाउँमा टेलिभिजन, इमेल, इन्टरनेट केहि नभएको पाइयो भने संचारको साधन रेडियो मात्र रहेको पाइयो । फोन सम्पर्कको लागि भने स्काई मोवाइल र जी.एस.एम. मोवाइलको प्रयोग गरेको पाइयो ।

### ४.१.५ अध्ययन क्षेत्र

नेपालको ७ न. प्रदेशमा पर्ने ९ वटा जिल्लाहरु मध्ये बैतडी जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लामा ४ नगरपालिका र ६ गाउँपालिका मध्येको दोगडाकेदार गाउँपालिका एक हो । यस गा.पा. मा विभिन्न किसिमका जातजाती तथा जनजातीको वसोवास रहेको पाइन्छ । दोगडाकेदार गा.पा. वडा नं. १मा विशेष गरेर ब्राह्मण जातीको वसोवास रहेको पाइन्छ । यिनीहरुको आफ्नो मुख्य पेशा, सामाजिक आर्थिक अवस्था वा पहिचान आफ्नै मौलिक किसिमको पाइन्छ । दोगडाकेदार गा.पा. दशरथचन्द नगरपालिकासँग दक्षिणतर्फ जोडिएर रहेको छ ।

बैतडी जिल्लाका ६गाउँपालिका मध्ये अध्ययन क्षेत्र रहेकोदोगडाकेदार गा.पा.प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको छ ।

यसदोगडाकेदार गा.पा.वडा नं. १ को जनसंख्या २०६८ सालको जनगणना अनुसार ४१३२ रहेको छ । जसमध्ये पुरुषको संख्या १९७५ र महिलाको जनसंख्या २१७५ रहेको छ ( के.त.वि., २०६८) ।

यसगाउँपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा महिलाको जनसंख्या पुरूषको तुलनामा बढी पाईन्छ । यसो हुनुको प्रमुख कारणहरूमा धार्मिक, सामाजिक, आर्थिक कारणहरू विद्यमान हुनुको साथै शिक्षाको कमी र पुरूष प्रधान समाज पनि यसको अर्को मुख्य कारण रहेको छ । छोरा पाउने चाहानाले गर्दा महिलाको जनसंख्यामा वृद्धि हुन गएको

पाईन्छ । साथै यहाँका मानिसहरूले बुढेसकालमा आर्थिक, सामाजिक र मृत्युपछि गरिने विभिन्न संस्कारमा छोराको आवश्यकता भएको धार्मिक मान्यताले पनि मानिसहरू बढी छोराको चाहना गरेको पाइन्छ । अर्कोतर्फ महिलाहरू घरमा वस्ने र पुरूष कामको सिलसिलामा बैदेशिक रोजगारमा जाने भएकाले पनि महिला र पूरूष को जनसंख्यामा एकरूपता नभएको पाइन्छ । नेपालको जनगणना (२०६८) अनुसार पुरुष ४८.५ प्रतिसत तथा महिला ५१.५प्रतिसत रहेका छन् ।

### ४.१.६ जातजातितथा उपजातिहरु

दोगडाकेदार गा.पा. वडा नं. १, रीम मा विभिन्न प्रकारका जातजाहरुहरु ब्राम्हण, क्षेत्री, दमाई र सार्की  रहेका छन् । जातजातीहरु उपजातीहरुमा, जोशी, भट्ट, कलौनी, भण्डारी, क्षेत्री, कुँवर, चन्द, कार्की, सार्की, टमटा, साउँद, विष्ट आदि थरका मानिसहरुको बसोवास रहेको छ । यी जातीको जनसाङ्ख्यीय विवरण तलको ताकिलाद्वारा प्रस्ट पार्न खोजिएको छ ।

तालिका नं. १

दोगडाकेदार गा.पा. वडा नं. १, रीम को जातिगत जनसंख्याको विवरण

| क्र.सं. | जति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १८६५ | ४५.२० |
| २ | ब्राह्मण | १०९४ | २६.४७ |
| ३ | दलित(औजि,टमटा) | ४९५ | ११.९७ |
| ४ | कामी | ४९८ | १२.०५ |
| ५ | ठकुरी | ७७ | १.८६ |
| ६ | सार्की | ९५ | २.२९ |
| ७ | अन्य | ८ | ०.१९ |
|  | जम्मा | ४१३२ | १००.०० |

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग २०६८ जनगणना ।

२०५८ को जनगणना अनासार दोगडाकेदार गा.पा. को जातीगत जनसंख्या क्रमशः क्षेत्री, ब्राह्मण, कामी, दलित (औजि, टमटा), सार्की, ठकुरी र अन्य जातजातीहरुको वसोवास गरेको पाइन्छ । यहाँ क्षत्री सवैभन्दा बढी १८६५ अर्थात् ४५.२० प्रतिशत रहेका छन भने ब्राह्मण जाती दास्रो ठूलो जातीको रुपमा रहेको पाइयो जसको जनसंख्या १०९४ अर्थात् २६.४७ प्रतिशत रहेको छ ।

### ४.२. आर्थिक अवस्था

कृषि नै मानिसहरूको परम्परागत पेशा हो । त्यसले कृषि उत्पादन नै नेपालीको मुख्य आय श्रोत हो । नेपालबाट विदेश निर्यात गरिएको करिब ७०% सरसमानहरू कृषिजन्य वा कृषि उत्पादनसँग सम्बन्धीत वस्तुहरू रहेका छन् । नेपालको अर्थतन्त्र पनि कृषिमा

आधारित वा निर्भर रहेको पाइन्छ । यहाँका मानिसहरूको पनि प्रमुख पेशा कृषि नै हो । यहाँका ८०% भन्दा बढी मानिसहरू कृषि पेशामा संलग्न छन् भने वाँकी २०% मानिसहरू उद्योग, व्यापार, व्यावसाय, पेशा, निजामति वा गैर सरकारी पेशामा लागेका छन् (के.त.वि. २०६८) । कृषि क्षेत्रअन्तर्गत यहाँका ब्राह्मण लगायत अन्य जाति नगदेबाली, पशुपालन र वागवानी आदि पेशा गर्दछन् ।

### क. घरेलु पेशा

ब्राह्मण जातिले पुरोहितको मात्रै काम गर्ने भएपनि सो पेशाले जिवन धान्न नसक्ने भएपछि यहाका ब्राह्मणहरु अन्य पेशातिर आकार्शित भई जिविकोपार्जन गरेको पाइयो ।

दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका समुदायले घरेलु उद्योगलाई त्यति महत्व दिएको पाइँदैन । परम्परागत रुपमा यहाँका ब्राह्मणहरु पुरोहित्याई गर्ने गरेकोमा सो पेशा छोडि हाल यहाँका ब्राह्मणसमुदायका मानिसहरूले काठ चिर्ने, विभिन्न किसिमका फर्निचर सरसामानहरू बनाउने आदी काम गर्नेगरेको पाइयो ।

दोगडाकेदार -१ , रीम कौली गाउँमा वसोवास गर्ने मानिसहरूको मुख्य आयश्रोत कृषि, पशुपालन, सानातिना घरेलु उद्योग, व्यापार, ज्याला मजदुरी तथा अन्य पेशा व्यावासाय हो । कृषिलाई आफ्नो मुख्य पेशा वनाएतापनि कृषिबाट कमआय भएको देखिन्छ । अझ यहाँका ब्राह्मण जातिहरू कृषिका साथै भन्दा अन्य पेशाबाट आफ्नो जिवन निर्वाह बल्ल-बल्ल टारेको पाइन्छ ।

### ख. घरको किसिम

दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका ब्राह्मण समुदायका मानिसका घरहरू एकआपसमा गुजुमुज्ज पारेर बनाइएका छन् । यिनीहरूको घर गाउँको बीचमा पनि रहेका छन् । यहाँका ब्राह्मणहरूले बनाउने घरहरू पनि अन्य जातिहरूको जस्तै ढुङ्गा र माटोको जोडाईले बनाएका छन् । परम्परागत रूपमा प्रयोग गरिदै आएको ढुङ्गा, माटो, काठ आदिको घर वनाउने गरिन्छ । छानामाढुङ्गा वा जस्ता आदि हाल्दछन् । यहाँका प्राय सबैले घरमा दलान झिक्ने र पाली राखी घर बनाउने गर्दछन् । आर्थिक रूपले सम्पन्न केही व्यक्तिहरूको घरमा सिमेन्ट बालुवाले पलास्टर गरेको पाइन्छ ।

आर्थिक रूपले सम्पन्न व्यक्तिको परिवारमा वस्तुभाऊ बाध्ने र पाल्ने गोठ छुट्टै हुन्छ र नसक्नेहरूले एउटै घरबाट घर तथा गोठको काम लिएका छन् । जसले गर्दा सरसफाई राम्रो हुन नसकि विभिन्न किसिमका सरूवा रोगहरू लाग्ने गरेको पाइन्छ । ब्राह्मण समुदायका महिला तथा पुरूषले घरलाई लेवन लगाउने, रातो माटोले रातो रङ्ग लगाउन मन पराउँछन् । आ-आफ्नो रूचि अनुसार रातो,सेतो रङ्ग अथवा सोही रङ्गको माटोले रोगन गरी घर, गोठलाई रङ्गाउने गर्दछन् ।

प्रायः ब्राह्मण जातिको टोलमा अरू जातिका मानिसको घर हुँदैन र यिनीहरूले पनि आफ्नो आफ्नो टोलमा बनाउन रूचाउने भएकाले घरहरूएक आपसमा जोडिएका छन् । यिनीहरूका घरका बारेमा गरिएको अनुसन्धान निम्न अनुसार छ ।

तालिका नं. २

उत्तरदाताको ब्राह्मणहरुको घरको किसिम

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पक्की घर (सिमेन्ट बालुवाको पलस्टर) | ८ | १५.३८ |
| कच्ची घर (ढूङ्गा, माटोको घर) | ४४ | ८४.६२ |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तथ्याङ्क अनुसार पक्की घर १५.३८% भएको पाइन्छ । त्यसैगरी कच्चीघर ८४.६२ प्रतिशत पाइन्छ । पहाडी भेगमा पाइने घरहरू यस्तै किसिमका कच्ची हुने गर्दछन् । घरहरूमा माटो ढुङ्गाले बुनाए पनि घरको केही बाहिरी भाग प्लास्टर गर्ने गरेको पाइयो ।

## अध्याय- पाँच

## ब्राह्मण जातिको सामाजिक-साँस्कृतिक तथा आर्थिक अवस्था

### ५.१ सामाजिक अवस्था

यस अध्ययन क्षेत्रमा रहेका ब्राह्मण जातिको सामाजिक अवस्थालाई अध्ययन गर्दा तिनीहरुको पारिवारिक स्थिती, शिक्षा, स्वास्थ्य, रहनसहन, खानपान, सरसफाई, भेषभुषा, वानी व्यवहार, धर्म, जन्मदर अन्य जातिले  ब्राह्मण महिला र पुरुषप्रति गरिने व्यवहार, ब्राह्मण पूरुषले महिला प्रति गर्ने व्यवहार र ब्राह्मण जातिको अन्य जातीसँगको सम्बन्ध आदिको वारेमा जानकारी लिइएको छ ।

### ५.१.१ पारिवारिक स्थिति

दोगडाकेदार गा.पा. रीम कौली का ब्राह्मणहरूको पारिवारिक स्थितिलाई अध्ययन गर्दा यहाँको ब्राह्मण परिवारको पारिवारिक बनौट पितृसत्तात्मक खालको छ । प्राचीन समयमा ब्राह्मणहरूको मातृसतात्मक परिवार भएका केही विशेषता भएको एकिन रूपमा भन्न सकिने ठोस प्रमाणहरू यसमा अनुसन्धान कर्ताले यस गा.वि.समा फेला पार्न सकेको छैन । यहाँ वर्तमान समयमा घरको जेठो पुरूष (बाबु) घरमूली हुन्छ त्यसपछि आमाको स्थान आउँछ । त्यसपछि जेठो छोरा गरी क्रमशः स्थानान्तरण हुँदै जान्छ । परिवारका महिला र पुरूष सदस्यहरू बीच त्यही भेदभाव राखिँदैन । सम्पत्ति पुरूष सदस्यहरूमा सर्दै जाने भएतापनि महिलाहरू पनि त्यसको संरक्षण, सम्हार तथा व्यवस्थापनमा उत्तिकै जुटेका हुन्छन् ।  दोगडाकेदार गा.पा. वडा नं. १,रीम कौलीब्राह्मणजातिको परिवारको संख्याको आधारमा एकल र संयुक्त गरी पारिवारिक स्थिति निम्नानुसार पाइयो ।

तालिका नं. ३

उत्तरदाताको पारिवारिक स्थिति

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | १२ | २३.०७ |
| एकल परिवार | ४० | ७६.९३ |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०७४ ।

माथिको तथ्याङ्क अनुसार एकल परिवार ७६.९३% रहेको पाइन्छ । एकल परिवारको संख्या बढी हुनुमा छोराहरू विवाहपश्चात लगत्तै छुट्टिने प्रचलनले गर्दा सानो परिवार हुन गएको पाइन्छ । त्यस्तै संयुक्त परिवार २३.०७% रहेको पाइन्छ । यस दोगडाकेदार गा.पा. वडा नं. १, रीम कौली गाउँमा रहेको ब्राह्मण समाजमा परिवारको प्रकृति सानो हुँदै गइरहेको देखिन्छ । यहाँका ब्राह्मण परिवारको संख्यामा कमी आउनाले छोरा-छोरी जन्माउन नियन्त्रण गरेको देखिन्छ । यो समाजमा सानो परिवारलाई बढी मान्यता दिएपनि आमा बाबुको छोराप्रतिको चाहानाले गर्दा परिवारको संख्या ठूलो हुने गरेको छ ।

यस समूदायका मानिसहरुले छोराको चाहाना राख्नुको पछाडी छोरा प्रतिको पितृसत्तात्मक मान्यता, धर्म प्रतिको मान्यता त्यस्तै छोरी प्रतिको भेदाभावको मान्यता हो ।

### ५.१.२ नातागोता

छिमेकी जिल्ला दार्चुला, डडेलधुरा साथै छिमेकी गाउँहरुमा आफ्नो नातासम्बन्ध जोड्ने गरेको पाइयो । यिनीहरु आफ्नो गोत्रबाहेकमा विवाहगर्ने प्रचलन रहेको पाइन्छ ।

### ५.१.३ सामाजिक संगठन

नेपालमा प्रजातन्त्रको पुनस्थापना २०४६ सालमा भए पछि पनि समाजको माथिल्लो जातमा कायम रहेका ब्राह्मण जाति परम्परागत पेशा व्यवसायवाट आफ्नो आर्थिक तथा सामाजिक सुधार नभएकाले आर्थिक तथा सामाजिक सुधारका लागि विभिन्न टोल समिति गठन गरी संगठनमा आवद्ध भएका छन् । यसै गरी साजमा हुने बिभिन्न विकृति जस्तो जाँड रक्सी जुवातास आदी रोक्न एवम् मठ मन्दिर संरक्षण का लागीमन्दिर संरक्षण समिति गठन गरी कार्य गरेको पाइयो ।

### ५.१.४ शिक्षा

शिक्षा कुनै पनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूर्वाधारको रूपमा लिइन्छ । आजको समाजमा भएका विकास निर्माण तथा वैज्ञानिक चमत्कारहरू शिक्षाकै कारणले भएका हुन् । शिक्षालाई हरेक क्षेत्रका आधारभूत आवश्यकता भनिन्छ । शिक्षा विनाको समून्नत समाजको कल्पना समेत गर्न सकिँदैन । त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनु पर्दछ ।

दोगडाकेदार गा.पा. १ रीम को साक्षरता प्रतिशत ५६.५७ रहेको छ (के.त.वि., २०६८) । यहाँका ब्राह्मणको साक्षरता अन्य जातिभन्दा बढी रहेको छ । २०५८ सालको जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत पुरूष ६५.०८% र महिला ४२.४९% छ र सरदर जम्मा साक्षरता ५३.७४% रहेको छ (जगगणना २०६८) । दुई वर्ष भित्र निरक्षरता हटाउने सरकारी योजना भएपनि पूर्ण रूपमा कार्यन्वयन हुन अर्को निकै ठूलो चुनौती यस निणर्य हो तर पनि साक्षरता प्रतिशत ठूलो संख्यामा वृद्धि गर्नका लागि एन.जि.ओ. साथै गैर सरकारी स्तरबाट पनि केही प्रयास गरिएका छन् । यसले गर्दा पनि साक्षरता प्रतिशत बढिरहेको छ ।

यस गा.पा. मा प्रजातन्त्रको पुनस्थापनापछि केही मात्रामा शिक्षाको स्तर बढ्दै गएको छ । शिक्षा कार्यालयबाट प्रौढ शिक्षा सञ्चालन गरेको पाइन्छ । ब्राह्मण वस्तीवाट नजिक पर्ने विद्यालयका वढी मात्रामा विद्यार्थी संख्या भएको पाइन्छ । यस अनुसन्धानकर्ताको अध्ययन क्षेत्रमा दोगडाकेदार गा.पा. १ रीम मा सवैभन्दा पुरानो विद्यालय २०२४ सालमा स्थापित पञ्चदेव महानन्द मा.वि. ले यस क्षेत्रको शिक्षामा ठुलो योगदान पुऱ्याएको छ । परापूर्व कालमा शिक्षा केवल ब्राह्मणका लागि मात्रै हुने गर्दथ्यो । समयको परिवर्तनसंगै

शिक्षा लिने र दिने प्रक्रियामा पनि परिवर्तन आएको देखिन्छ । गुरुकुल शिक्षामा ब्राह्मणबाट मात्रै शिक्षा लिने र दिने काम गरिन्थ्यो भने हाल जुनसुकै जातिको भएपनि शिक्षा लिन र दिन पाउँछ । यसरी यहाका ब्राह्मणहरु पनि शिक्षा आर्जन गर्न अरु जाति संगै समान ढंगले शिक्षा आर्जन गर्ने गरेको पाइयो । यस अन्ययनको क्रममा गरिएको सर्वेक्षणवाट यहाका ब्राह्मण जातिको शैक्षिक अवस्थाको सम्बन्धमा प्राप्त विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ४

उत्तरदाताको आधारमा शैक्षिक स्थिति

| क्र.स. | तह | पुरुष (घरमूली) | महिला (घरमूली) | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | - | २ | २ | ३.८४ |
| २ | १ देखि ५ | १५ | ५ | २० | ३८.४६ |
| ३ | ६ देखि ८ | १० | ४ | १४ | २६.९२ |
| ४ | ९ देखि १० | ५ | २ | ७ | १३.४६ |
| ५ | एस.एल.सी. | ५ | १ | ६ | ११.५३ |
| ६ | +२ उत्तिर्ण | २ | १ | ३ | ५.७६ |
| जम्मा | | ३७ | १५ | ५२ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार दोगडाकेदार गा.पा. रीम कौली गाउँमा रहेका ब्राह्मण समुदायको शैक्षिक स्थितिलाई प्रष्ट पार्न खोजिएको छ । यस अध्ययनका क्रममा ३७ जना पुरुष र १५ जना महिला घर मुलीका साथै परिवारका सदस्यलाई प्रश्न वा अन्तर्वार्ता लिई यो अध्ययन गरिएको छ । अन्तर्वार्तामा संलग्न व्यक्तिको आधारमा २ जना निरक्षर अर्थात ३.८४ प्रतिशत निरक्षर रहेका छन् । दोगडाकेदार गा.पा.को साक्षरता ५६.५७ प्रतिशत रहेको छ । यस समुदायमा साक्षरता प्रतिशत अन्य जातिको भन्दा बढी रहेको पाइन्छ । यहाँ संचालन गरिएको प्रौढ शिक्षाले पनि साक्षरता दरलाई माथि उठाउन सहयोग गरेको छ । तर यस समुदायमा शैक्षिक जनशक्ति भने नगन्य नै पाइन्छ । जागिरमा पनि निकै थोरै मात्रामा संलग्न रहेका छन् । यस समुदायमा ३८.४६ प्रतिशत मानिसहरूले सामान्य रुपमा लेखपढ गर्न सक्ने देखिन्छ । उच्च शिक्षा हाँसिल गर्ने संख्या निकै कम रहेको छ । त्यसको लागि प्रौढ शिक्षा, शिक्षा वा जनचेतनाको बढ्ने स्थितिलाई देखाइएको छ । एक जनाले स्नातक तह अध्ययन र एस. एल. सी. पास गरेका व्यक्तिसँग अन्तर्वार्ता लिएको छ । यस समूदायमा हाल पढाईप्रति बढी चाँसो दिएको पाइन्छ । यहाँ यस समुदायका बालबालिकाहरूलाई पायक पर्ने विद्यालय श्री पञ्चदेव महानन्द मा.वि. रीम यस अध्ययन क्षेत्रभित्र पर्ने मूख्य विद्यालय हो । यस जातिमा अन्यजाति को भन्दा साक्षरता बढी भएपनि यस समुदायमा शैक्षिक जनशक्ति भने निकै कम रहेको देखिन्छ । पहिला ब्राह्मणले वेद, गिता तथा धार्मिक ग्रन्थ पढ्नु पर्ने बुझाइ थियो भने शिक्षामा आएको परिवर्तन, पेशा व्यवसायमा आएको परिवर्तन

आदी कारणले परम्परागत शिक्षावाट व्यबहार चलाउन नसकिने हुदा आधुनिक शिक्षा पढ्ने गरेको पाइयो ।

### ५.१.५ स्वास्थ्य स्थिति

दोगडकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिहरूको स्वास्थ्य स्थितिको बारेमा जानकारीको लागि निम्न अनुसारको स्वास्थ्य सूचकहरूको अध्ययन गरिएको छ ।

#### ५.१.५.१ जन्मदर

कुनै पनि समाजमा रहेका मानिसहरूको स्वास्थ्य स्थितिको परिसूचक जन्मदर हो । महिलाले जति बढी बच्चालाई जन्म दियो त्यति नै महिलाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने साथै यसले गर्दा परिवारका अन्य सदस्यहरूमा पनि अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । ब्राह्मण समाज अशिक्षित र पिछडिएको छ, त्यसै गरी बाल मृत्यूदरको संख्या अधिक छ । जन्मदर अधिक हुनुमा मानिसहरूको छोरा-छोरी प्रतिको दृष्टिकोणले पनि जन्मदर बढी हुन गएकाले जन्मदरसँग सम्बन्धित वच्चा जन्माउँदा उपलब्ध गराउने सकिने विभिन्न किसिमका सुविधा पनि स्वास्थ्य सम्बन्धित सुचक हो । यहाँका मानिस बच्चा जन्माउन स्वास्थ्य चौकी वा अस्पतालमा कम मात्रामा लगेको पाइन्छ । निकै कम महिलाले स्वास्थ्य कर्मी वा तालिम प्राप्त महिलाको सहयोगमा घरमा नै वच्चा जन्माउने गरेको पाइन्छ । प्रायजसो महिलाहरूले स्वास्थ्यकर्मी तथा तालिम प्रांप्त महिलाको उपस्थिति बिना नै बच्चा जन्माउने गर्दछन्  यस समुदायका मानिसहरूले परिवार नियोजनको ज्ञानको कमीले गर्दा पनि बढी जन्मदर हुन गएको छ । रीममा रहेकोस्वास्थ्य चौकीबाट हालसालै विवाहित दम्पतिहरुले परिवार नियोजन सम्बन्धित जानकारी लिने र नियोजनका साधनहरूको प्रयोग गरेको पाइन्छ ।परम्परागत रुपमा अस्थाइ साधन प्रयोग गर्नू र परिवार नियोजन गर्नू धर्म विपरित हुन्छ भन्ने मान्यता रहेको यस गाउँमा परिवार नियोजन गरेको व्यक्तिलाइ मन्दिरमा पुजा गर्न नदिने तथा पितृकार्य गर्न नहुने धारणामा परिवर्तन आएको पाइयो । यहाँ परिवार नियोजनगरेको व्यक्तिले मन्दिरमा पुजा गरेको तथा पितृकार्य पनि गर्ने गरेको पाइयो ।

#### ५.१.५.२ खानेपानी

स्वास्थ्य स्थितिको अर्को महत्वपूर्ण परिसुचक मानिसहरूले प्रयोग गर्ने खानेपानी हो । रीम कौली का प्राय सबै मानिसले धाराको पानी प्रयोग गरेका छन् । तर केही ब्राह्मण समाजका मानिसले पँधेरोवाट पनि ल्याउने गर्दछन् । यहाँ प्रत्येका घरघरमा पानीको पाइप नभए पनि ४-५ घरको लागि एउटा सार्वजनिक धारा उपलब्ध गराई पानी उपलब्ध गराइएको छ । यहाँका ब्राह्मणले प्रयोग गर्ने पँधेरोको अवस्था जिर्ण भएको कारणले गर्दा वर्षायाममा पानीको समस्या हुनुको साथै हिउँदमा पनि पानीको समस्या पर्ने देखिन्छ । यहाँका ब्राह्मण समुदायका पानीको कारण भन्दा पनि तिनीहरूले गर्ने सरसफाइको कारणले गर्दा धेरै मानिस विभिन्न किसिमका रोग लाग्ने गरेको पाइन्छ । पानी संकलन गर्ने काम

मुख्य रूपमा महिलाको र पुरूषहरूले पनि यो काम गर्ने गरेको पाइन्छ । यसरी यहाँ सार्वजनिक धारा र पधेरो मार्फत आपुर्ति गरेको पाइन्छ ।

### ५.१.५.३ पौष्टिक आहार

मानिसलाई स्वास्थ्य रहनको लागि पौष्टिक आहारको ठूलो महत्व रहेको हुन्छ । ब्राह्मणहरूको परम्परागत पेशा कृषि कार्यका साथै पुरोहितको काम गर्ने भएकाले बनाउने भएकोले पुरोहितको कार्यवाट जिवनयापन गर्न कठिन हुने भएकोले कृषि पेशा पनि अँगालेको पाइन्छ ़। साथै थोरै भएपनि कुखुरा, बाखा, जस्ता पशुर्पक्षिहरू पालिएका हुन्छन् । जसबाट उनीहरूले फुल, मासु जस्ता परिकारहरू लिन्छन् । यसबाट पौष्टिक आहार प्राप्त हुन्छ । यहाँका मानिसहरू विभिन्न किसिमका फलफूलहरूबाट पनि केही मात्रामा पौष्टिक आहार प्राप्त गर्दछन् । यहाँका मानिसहरूको प्रमुख खाना, आटो, दालभात, तरकारी, हलुवा, रोटी, दुध, दहि, घ्यू आदिबाट पनि पौष्टिक तत्व प्राप्त गर्दछन् । विभिन्न वहानामा भएपनि पुजाआजा गरेर त्यबाट प्राप्त फलफूल उपभोग गरी ब्राह्मण समुदायका मानिसहरूले पौष्टिक आहार प्राप्त गर्दछन् । पहिला ब्रह्मणले माछा, मासु, अण्डा खानु हुदैन भन्ने मान्यता थियो तर अहिलेमाछा, मासु, अण्डा खादा केहि फरक पर्दैन, स्वस्थ, बलियो रहनका लागी यि चिज खानु पर्दछ भन्ने भनाइ पाइयो ।

### ५.१.५.४ अस्पताल र औषधीउपचार

दोगडाकेदार गा.पा. १ रीम मा बस्ने ब्राह्मण समुदायका मानिसहरूले प्रत्यक्ष उपभोग गर्न सक्ने स्वास्थ्य केन्द्रहरूमा रीम कौलीमारहेको स्वास्थ्य चौकी,बैतडी जिल्लाको सरकारी अस्पताल, आँखा अस्पताल र परिवार नियोजन कार्यालय बैतडी आदि रहेका छन् । साथै सदरमुकाम गोठलापानीमा निजी मेडिकलहरूबाट पनि स्वास्थ्य सेवा प्राप्त गरेका छन् । यस समुदायका मानिसहरूले अस्पताल भन्दा झारफूक र धामी झाक्रिमा बढी विश्वास गर्दछन् । साधारण पेट दुख्ने, टाउको दुख्ने, गरेमा झारफूक गर्ने गरेको पाइन्छ । साथै अज्ञानताको कारणले गर्दा यस समुदायमा कहिले काहीं गम्भीर प्रकृतिका रोग र बिरामीलाई धामी-झाँक्रीलाई देखाउँदा उपचार गर्न पनि समस्या भई विरामीको ज्यान सम्म गुम्ने गरेको पाइन्छ ।

समग्र बैतडी जिल्लाको स्वास्थ्य स्थिति र यस क्षेत्रको स्वास्थ्य स्थितिमा धेरै फरक पाइदैन । यस जिल्लाको स्वास्थ्य स्थिती अध्ययन गर्दा परिवार नियोजन र स्वास्थ्य स्थितिअन्य जिल्लाहरूको तुलनामा राम्रो रहेको पाइन्छ । यस दोगडाकेदार गा.पा. रीम कौली मा जम्मा घरधुरी ७११ मध्ये स्वस्थकर शौचालय भएका घर करिव ६९ मात्र रहेका छन् (जनगणना २०६८) । यस जिल्लाका प्रमुख १० रोगहरूको अध्ययन गर्दा धेरैजसो रोगहरू सरसफाइको कमिले लाग्ने रोगहरू रहेका छन् । यही अवस्थालाई नै यस रीम

कौली का ब्राह्मण समुदायले प्रतिविम्वित गरेको छ। अध्ययनका क्रममा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

उत्तरदाताका आधारमा धामी-झाक्रि नभए डाक्टरकहाँ जाने परिवार

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सिधै डाक्टर कहाँ (अस्पतालमा) | १५ | २८.८५ |
| धामीझाँक्री लगाएर नभए डाक्टरकहाँ | ३७ | ७१.१५ |

श्रोतः स्थलगत सर्वेक्षण, २०७४।

माथिको तालिका अनुसार यहाँका ३७ जना पुरुष र १५ महिलाहरूलाई प्रश्न शोधिएको थियो। सर्वेक्षणबाट प्राप्त तथ्याङ्कमा केवल २८.८५ प्रतिशत वा १५ जना मात्र विरामी भएपछि सरासर अस्पताल वा स्वास्थ्य संस्थाको सल्लाह लिन जान्छन्। बाँकी करिब ७१.१५ प्रतिशत यस समूदायका मानिसहरु बिरामी भएपछि झारफुक, धामीझाक्री आदि लगाएर केही सीप चलेन भने मात्र स्वास्थ्य संस्था वा अस्पतालमा गएर परामर्श लिन्छन्। परम्परागत रुपमा यहाँका ब्राह्मणहरु विरामी पर्दा धामीझाक्री कहाँ मात्रै जाने गर्दथे तर अहिले केहि व्यक्तीहरु अझैपनिधामीझाक्री कहाँ फूरफाक गर्न जाने भएपनि अन्ततः विरामी निको नभए डक्टर कहाँ जाने गरेको पाइयो।

### ५.१.५.५ शौचालय तथा सरसफाई

शौचालयको उपयोगबाट अनेकौं सरूवा रोगहरूबाट बच्न सकिन्छ। विभिन्न रोगहरूका रोकथाम प्रविधिमा यो पनि एक मानिन्छ। शहरीकरणको प्रभाव, अन्य जातिका मानिसहरूसँगको उठबसलेशौचालय बनाउनुको महत्व विस्तारै विस्तारै ब्राह्मण समुदायमा महशुस गरिदैंछ। विभिन्न निकायहरूले फैलाएको जनचेतनाले ब्राह्मण समुदायमा सरसफाई र शौचालय निर्माण गर्ने इच्छा भएपनि आर्थिक अवस्थाले गर्दा तिनीहरूले शौचालय बनाउन नसकेको पाइयो शौचालयको अवस्थाको सम्वन्धमा गरिएको सर्वेक्षणवाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा राखिएको छ।

तालिका नं. ६

आफ्नो शौचालय भएको अथवा नभएको परिवार

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| शौचालय हुने | ४० | ७६.९२ |

| | | |
|---|---|---|
| शौचालय नहुने | १२ | २३.०८ |
| जम्मा | ५२ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण २०७४ ।

माथिको तालिका अनुसार यहाँको ब्राह्मण समुदाय मध्ये ४० परिवारमा पक्की शौचालय, ७६.९२ प्रतिशत परिवारमा कच्ची शौचालय भएको पाइयो भने २३.०८% परिवारमा शौचालय बनाएको पाइएन । प्राप्त तथ्याङ्कलाई सन्तोषजनक मान्न नसकेतापनि आशा लाग्दो भन्ने पक्कै छ । शौचालय नबनाएको घरका मानिसहरू दिसापिसावगर्दा खुल्ला आकाशमुनी गर्दछन् । साना साना नानीहरू (टाढा जान नसक्ने) यहाँ करेसा, गौडा तथा दोवाटोमा दिशापिसाब गर्ने भएकोले वस्ती नै फोहोर भईरहन्छ । वस्तुभाउहरूलाई व्यवस्थित नगर्दा घरको आँगन तथा छेउ छाउमा फोहोर भई विभिन्न किसिमका रोगहरू लाग्ने गर्दछन् । यस समाजमा सरसफाईको लागि महिलाहरूको बढी दायित्व मानिन्छ तर ती आमाहरू कामबाट बेफुर्सदी हुने हुँदा उनीहरूले सरसफाईमा यथेष्ट ध्यान दिन सक्दैनन् तर केही बुझेका महिलाहरू भने प्रयासका बावजुद पनि बेफुर्सदी हुने हुँदा यहाँको ब्राह्मण समाजको सरसफाइको अवस्था  सन्तोसजनक पाइएन । गरीबी साथै चेतनाको कमि नै सरसफाइको मुख्य जडको रूपमा यस समाजमा स्थापित छ ।

### ५.१.५.६ धुम्रपान र मद्यपानको प्रयोग

'धुम्रपान र मद्यपान स्वास्थ्यको लागि हानीकारक छ' भन्ने कुराको जानकारी हुँदा हुँदै पनि अशिक्षित र पिछडिएको समाजमा धुम्रपान र मद्यपान बढी हुने गर्दछ । गाउँघरमा, अझ यहाँका ब्राह्मण समाजमा इष्टमित्र र पाहुनालाई सम्मान गर्ने विभिन्न वस्तुहरू मध्ये धुम्रापन पनि एक हो । त्यसैले कतिपय बालबालिकाहरू वच्चादेखि नै यो बानी सिक्दछन् । बानी परिसकेपछि यिनीहरूले निरन्तर लिन थाल्दछन् र पछि यसैको कारण विभिन्न रोग लागि तिनीहरुको मृत्युसम्म हुने गर्दछ ।

ब्राह्मण समाजमा कतिपय संस्कार पूरा गर्नका लागि दुध, दही र घिउको प्रयोग गर्नु पर्दछ । जन्म, न्वारान, ब्रतवन्ध, विवाह, मृत्यु संस्कारलगायत पर्व र समयमा आउने पुजा आजा आदिमा समेतदुध, दही र घिउको प्रयोग गरिन्छ । जाँड, रक्सीको प्रयोगले समाजका मानिसहरूको स्वास्थ्य स्थिति र आर्थिक स्थितिमा समेत यसले नकरात्मक असर पार्दछ । सामाजिक सम्बन्धमा आएको परिवर्तन, पेशा व्यवसायमा आएको परिवर्तन अन्य ठाउँ तथा जातिसँगको सम्पर्कले गर्दा यस गाउँका ब्राह्मणहरुले पनि जाड रक्सी सेवन गरेको पाइयो । विवाह, पर्व एवं जात्रामा यहाका मानिसहरुले जाँड रक्सी पीउँने गरेको तथा केही व्यक्तिहरुले अरु वेला रक्सी सेवन गरेको पाइयो । जसले गर्दा यस गाउँमा जाँड रक्सी खानेको संख्या बढ्दो क्रममा रहेको पाइन्छ । यसरी पहिला धुम्रपान, जाड, रक्सी नपिउने ब्राह्मण जातिले अहिले यि चिजको सेवन गरेको पाइयो । यस वाट ब्राह्मणको सामाजिक बुझाई र भोगाइमा परिवर्तन आएको देखिन्छ ।

### ५.१.६ रहनसहन

ब्राह्मण जातिको रहनसहन आफ्नै किसिमको पाइन्छ । यिनीहरूको परम्परागत पेशा पुरोहित कार्य गर्ने हो।पुरोहित कार्य बाट मात्र गुजारा नचल्ने भएकोले परम्परागत पेशा पुरोहित छोडी यिनीहरूलेखेतीपातीलाई नै मुख्य व्यवसाय वनाएर  आफ्नो गुजारा गर्दथे । पुरोहित पेशाकोअवशेष हाल सम्म पनि भेट्न सकिन्छ । ब्राह्मण जातिमा मानिसहरूको प्रमुख खाद्यानहरूमा मकै, धान, गहुँ, कोदो, जौ, फापर आदि पर्दछन् भने तरकारी बालीहरूमा आलु, गोलभेडा, वन्दा, काउली, भान्टा, करेला, भेडेखुर्सानी तथा गेडागुडीहरूमा केराउ, मास, बोडी, गहत आदि हुन् । यि चिजहरूको उत्पादन यिनीहरु आफै गर्ने कोशिस गर्दछन् तर पानीको समस्याले गर्दा उत्पादन कम भए तापनि किनेर उपभोग गर्न बाध्य छन् । यसका साथै यिनीहरूको मन पर्ने मासुमा खसी, कुखुरा आदि मुख्य हुन । दुध, दही, घीउ मनपर्ने पेय पदार्थ हो । चाडबाडमा तथा पुजा उत्सवहरूमा यसको प्रयोग अनिवार्य जस्तै हुन्छ । त्यसैगरी यहाँको खाद्यान्य परिकारहरूमा भात, रोटी, आटो, भुटेको मकै, गहुँ, दाल, तरकारी, खीर,सेलरोटी,हलुवा अचार आदि हुन् ।

ब्राह्मण जाति आफ्नो समुदायमा मिलेर बस्दछन् । विभिन्न सामाजिक कार्यहरू गर्दा एक आपसमा छलफल गरेर गर्दछन् । अर्म-पर्म र ऐंचो-पैंचौ यिनीहरूको व्यवहारिक पक्ष हो । खेतीपातीलाई नै मुख्य व्यवसाय वनाएर वसेका भएपनि यसबाट यिनीहरूको जुगारा भने चलेको छैन । यस्तै यिनीहरूले आफ्नो घरमा गाई, गोरू, भैंसी, बाख्रा, कुखुराहरू पालेका हुन्छन् । यिनीहरूको समाजमा पनि अरू जातिमा झै पुरूषहरूले घर बाहिरको मेलापात जस्ता कार्यहरू गर्नुपर्दछ भने महिलाहरूले घरधन्दा गर्ने गर्दछन् । ब्राह्मण जातिका मानिसहरूले विभिन्न देवता तथा चाडपर्वहरू मान्दछन् । जसमध्ये सवभन्दा प्रमुख देवताको रूपमा आफ्नो कुल देवता मान्दछन् । कुल देवतालाई आफ्नो कुलको रक्षा गर्ने देवताको रूपमा लिन्छन् । शिव पुजा, देवीदेवताको पुजा गर्ने यो जातिले गाउँ समुदायमा मन्दिर बनाउनेसंरक्षणगर्ने कार्य गर्दछन । ।

यिनीहरूले मनाउने चाडपर्वहरूमा सबै राष्ट्रिय चाडपर्व यिनीहरूका मुख्य चाडपर्व हुन् । यि चाडपर्वहरूमा दशैं तिहार, चैतेदशैं त्यसबाहेक श्रावण संक्रान्ति, माघे संक्रान्ति, बीसु, गौरा पर्व यिनीहरूल पर्वका रूपमा मनाउँदछन् । महिलाहरूले मनाउने तिज पर्व पनि मुख्य पर्वको रूपमा लिन्छन् । यिनीहरूले मनाउने अन्य पर्वहरूमा एकादशी, कृष्णजन्माष्टमी पनि पर्दछन् ।

यिनीहरूले मनाउने चाडपर्वहरूमा ज्वाई तथा चेलीवेटीहरूलाई बोलाएर ख्वाई पियाई गर्ने चलन छ । यस्ता अवसरहरूमा छोरीहरू र ब्राह्मणहरूको उपस्थितिलाई राम्रो मानिन्छ । यसका अलावा विभिन्न पुजा आजामा तथा चाडपर्वहरूमा घर परिवार तथा इष्टमित्रहरूसँग विभिन्न किसिमका खाना खानपान गरेरे रमाउने नाच्ने चलन छ । यसरी ब्राह्मण समाजको मनोरञ्जनको एउटा उल्लेखनीय पक्षको रूपमा रहेको नाचगानमा पुरूष र महिलाको संख्यामा प्राय बराबर हुन्छ । यस्तो नाचगानमा सामान्यतया महिला पुरूष बीच भेदभाव देखिँदैन । यस किसिमका क्रियाकलापमा अन्य जातका सवै मानिसहरूको समान रूपले सहभागिता रहने गरेको पाइन्छ ।

### ५.१.७ धर्म र भाषा

दोगडाकेदार गा.पा. १ रीमकौली गाउँका ब्राह्मणहरूले हिन्दू धर्मलाई आफ्नो धर्मको रूपमा मान्दै आएको पाइन्छ । यहाँका ब्राह्मण जातिहरूले हिन्दू देवीदेवता शिव, गणेश, विष्णु, देवी आरध्य, देवताको पुजा गर्ने गरेको पाइन्छ । यिनीहरूको हिन्दू धर्म प्रति रहेको धार्मिक लगाव स्पष्ट हुन्छ । राष्ट्रिय जनगणना २०६८ मादोगडाकेदार गा.पा. १ रीमको तथ्याङ्कलाई हेर्दा यहाँका सबै ब्राह्मणहरूले धर्ममा हिन्दू र भाषामाबैतडेलीभनी लेखाई आएको पाइन्छ । यहाँका ब्राह्मणहरूको छुट्टै भाषाबैतडेली मातृभाषाको रूपमाभएकोले यिनीहरूले बोल्ने नेपाली भाषामा उच्चरणरमा फरक रहेको पाइन्छ । कथ्य भाषामा केही फरकता पाइए तापनि लेख्य भाषामा भने देवनागरिक लिपीमा शुद्ध नेपाली भाषा नै प्रयोग गर्दछन् ।

### ५.१.८ परम्परागत मान्यता

ब्राह्मणहरु प्रतिको परम्परागत वुझाइमा यो जातलाई सवैभन्दा उपल्लो जात, शुद्ध जाति, कुनै पनि धार्मिक कार्यको अगुवा वा नेता, अन्य जातको खाना पानी नचल्ने, पुरोहित्याई गर्ने, हलो नजोत्ने, निश्चित खालका कामहरु मात्र गर्ने भन्ने वुझाइ थियो । तर समयको परिवर्तन संगसंगै यि परम्परागत बुझाइमा पनि व्यापक परिवर्तन आएको पाइयो । परिवर्तन आउनुको पछाडी समाजमा भएका विभिन्न सामाजिक परिवर्तन, शिक्षामा सवैको पहुँच, सवै जातजातिले समान ढंगले शिक्षा लिन पाउने व्यवस्था, आधुनिकिकरण, सहरिकरण र परम्परागत जातमा आधारित सामाजिक सम्बन्धहरुमा आएको परिवर्तन, राज्यले कानुनद्वारा गरेको हस्तक्षेप आदि कारणले ब्राह्मणहरुको परम्परागत बुझाइमा परिवर्तन आएको पाइयो । यस कौली गाउँकाब्राह्मणहरूको परम्परागत कुरीतिहरूलाई मान्ने धारणा क्रमशः कम हुँदै गएको छ । तर पनि धामीझाक्रिसम्वन्धी विश्वास यस समुदायका महिला तथा पुरूषहरूमा पाइन्छ । यहाँका ब्राह्मणमा परम्परागत पुरोहितपेशाप्रतिको मोह कम भएकोले यिनीहरूले अन्य पेशाका साथै सिर्कमी र डकर्मी पेशा अपनाएको पाइन्छ । यहाँका मानिसहरूले परम्परगतपेशाको र सँस्कारकोसट्टा आधुनिकतातिर बढेको पाइयो ।

### ५.१.९ महिलाहरूको सामाजिक स्थिति

दोगडाकेदार गा.पा. १ रीमाकौलीगाउँका ब्राह्मण जातिमा शैक्षिक अवस्था केही परिवारहरूको राम्रो भएपनि समग्रमा सन्तोसजनक छैन। नेपालमा ६५.०८% पुरूष र ४२.४९% साक्षर भएको सन्दर्भमा यसकौलीगाउँका ब्राह्मण समाजमा विद्यमान शैक्षिक तथ्याङ्क न्यून छ । साक्षरता वृद्धि गर्नका लागि प्रौढ शिक्षा पढेर साक्षरता हाँसिल गर्नेहरू बढी छन् ।

ब्राह्मण जातिका महिलाहरूको काम घरभित्रको हुन्छ बिहान उठेर पानी ल्याउने, खाना पकाउने र ख्वाउने जस्ता कार्यहरू साथै बिहान वस्तुभाउको हेरविचार, घाँसपातको व्यवस्था अर्मपर्म गर्ने र सफा सुग्घर गर्ने आदि हुन् । यसका साथै पुजाआजा गर्ने, मनोरञ्जनका समयमा नाचगान गर्ने आदि काम पनि महिलाकै भागमा पर्दछन् । ब्राह्मण

समुदायमा परिवारको दैनिक कार्य संचालन गर्दा गरिने निणर्यहरू पनि महिलाको सहभागिताले पनि सामाजिक अवस्थाको ज्ञान गराउँदछ । यहाँका ब्राह्मण समुदायमा गरिने कामलाई मुख्य रूपमा तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ । घरभित्रको काम, घरबाहिरको काम र महत्वपूर्ण कामहरू रहेका छन् । पहिलो वर्गको काममा घरभित्रको कामहरू खाना पकाउने, पशु स्याहार गर्ने, पानी ल्याउने, छोराछोरीलाई विद्यालय पठाउने, घरायसी सफा सुग्घरमा महिलाहरूले गर्दछन् । घर बाहिरको काम पुरूषहरूले गर्ने काममा जग्गा किनवेच गर्ने, पशु तथा अन्य किनबेच गर्ने गरेको पाइन्छ । कुनै महत्वपूर्ण काम गर्दा परिवारका सबै सदस्यहरूको सामूहिक निणर्य लिइन्छ तर घरायसी र वाहिरी काममा भने बढी एकल निर्णय लिने गरेको पाइन्छ ।

वर्तमान समयमा नेपालमा विद्यामान सवै ऐन कानुनहरूले महिला र पुरूषहरूलाई समान अधिकार प्रदान गरेको पाइन्छ तर नेपालका अधिकांश महिलाहरूलाई आफ्नो अधिकारको विषयमा ज्ञान छैन । आफ्नो समुदायभित्र महिलाहरूको स्तर राम्रो देखिए तापनि ब्राह्मण जातिमा महिलाहरूको सामाजिक अवस्था त्यति राम्रो छैन । यस अध्ययनका क्रममा प्राप्त विभिन्न संख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । ब्राह्मण समाजमा बाल-बालिकाहरूको जन्मप्रति नकारात्मक विचार देखिँदैन । छोरीको चाहाना राख्ने महिला ३५% पाउनुले छोरा छोरी प्रति केही मात्रामा असमानता भएपनि यसले सकारात्मक सन्देश दिएको पाइन्छ । ब्राह्मण समाजमा एकल परिवारको बाहुल्यता पाइन्छ । यहाँका ७६% महिलाहरू एकल परिवारमा बस्ने गरेको पाइन्छ साथै एकल परीवारमा महिलाहरू बढी स्वतन्त्र हुन्छन् । परिवारका अन्य सदस्य जस्तै सासु, ससुरा, जेठाजु, जेठानी को अन्डरमा वस्नु पर्ने भएकोले पनि संयूक्त परिवार भन्दा एकल परिवारमा बढी महिलाले बस्न चाहन्छन् ।

### ५.२ ब्राह्मणजातिको आर्थिक अवस्था

कुनै पनि समाज र जातिको अध्ययन गर्दा त्यस समाजको आर्थिक तथा सामाजिक स्थितिलाई अध्ययन गरीनु पर्दछ । आर्थिक अवस्था सवल भएको समाजका मानिसहरू र कमजोर भएको समाजका मानिसहरूको ठूलो भिन्नता पाइन्छ । आर्थिक अवस्थाले नै समाजमा स्तर निर्धारण गर्ने भएकोले समाजमा बसेर आफ्ना सम्पूर्ण क्रियाकलाप पूरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ । मानवीय आवश्यकता पूरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ । मानवीय आवश्यकता पूरा गर्न मानिसहरू विभिन्न आर्थिक कृयाकलापमा संलग्न भएको पाइन्छ । त्यही पेशा तथा क्रियाकलापको माध्यमबाट नै आफ्नो परिवारको जीवन निर्वाह गर्दै आर्थिक अवस्था सुधार गर्दै गएको पाइन्छ र उक्त समाजको अध्ययन गर्दा त्यस समाजका मानिसहरूले आर्जन गरेको सम्पत्तिको स्रोत तथा यसको किसिमको विषयमा अध्ययन गर्नु पर्दछ । समाजमा बसेको विभिन्न जातजातिले आफ्नो आर्थिक अवस्थालाई मजवुत बनाउनको लागि आफ्नो पेशा गरिराखेका छन् । कसैले, जागिर, व्यापार, मजदुरी र कसैले आफ्नो परम्परागत पेशा गरेर जीवन निर्वाह गरिरहेका छन् । ब्राह्मण जातिले आफ्नो परम्परागत पेशा पुरोहितकाम तथाकृषिकार्य गरेको पाइन्छ ।

अध्ययन क्षेत्रका ब्राह्मण जातिमा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूले अपनाएको पेशा, भूमिको विवरण, वर्षदिनसम्म खान पुग्ने, नपुग्ने विवरण महिलाले काम गर्ने अवधि र किसिम, पैत्रिक सम्पत्तिमा महिलाहरूको अधिकार सम्बन्धी अवधारणा, महिलाहरूको गरगहना तथा पेवापात र अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ । यिनीहरूको परम्परागत पेशाले जीवन धान्न धौधौ पर्ने भएकोले अन्य पेशा पनि अबलम्बन गरेको पाइन्छ । यसरी ब्राह्मणको परम्परागत पेशामा परिवर्तन आएको पाइयो ।

### ५.२.१ पेशा

#### कृषि

दोगडाकेदार गा.पा. को सबै जमीन लगभग समथर रहेको छ र यहाँसिंचाईको सुविधा नभएपनि मानिसहरूले प्रायजसो आफ्नो बारीमा विभिन्न किसिमका अन्नबाली तथा नगदेवाली लगाएको पाइन्छ । सिंचाई हुने ठाउँखेतमा मुख्य रूपमा धान, गहुँ र मकै लगाएको पाइन्छ । यहाँ हुने मुख्य अन्नबालीको रूपमा मकै, गहुँ, कोदो, धान, जौ, फापर, सरस्यू, भटमास लगायत अन्य खेतीहरू गर्ने गरिएको छ । नगदेबालीको रूपमा तोरी भटमास, सिमी वोडी, मास, केराउ, अदुवा, आलु, लसुन, प्याजलगायत विभिन्न किसिमका समयअनुसार तरकारी खेती लगाउने गरेको पाइन्छ । यसका साथै फलफूलहरूमा सुन्तला, अम्बा, आँप, आरूवखडा, जुनार र अमिला जातका फलफूलहरू उत्पादन हुने गर्दछ । यि वालीहरू समय अनुसार लगाउने गरिएको छ । यहाँको जमीनलाई चार भागमा विभाजन गरेको पाइन्छ जो अब्बल, दोयम, सिम र चाहार छन् । यी जमीनहरूमा विभिन्न समयमा विभिन्न किसिमका खेतीपाती उब्जाउने गरिएको छ । ब्राह्मण जातिले पुरोहितको मात्रै काम गर्ने भएपनि सो पेशाले जिवन धान्न नसक्ने भएपछि यहाका ब्राह्मणहरु कृषि पेशातिर आकार्शित भई मुख्य पेशा नै कृषि बनाएको पाइयो ।

दोगडाकेदार गा.पा. वडा नं. १ मा वस्ने मानिसहरूको मुख्य पेशा कृषि भएपनि यसैलाई जीवन निर्वाहको मुख्य पेशाको रूपमा सबै मानिसहरूले लिइएको पाइन्छ । यसका साथै मानिसहरू जागिर गर्ने, व्यापार व्यावसाय गर्ने र कृषिसँग आत्मनिर्भर रहने भएकोले पशुपालन व्यावसाय पनि अपनाएको पाइन्छ ।

पशुपालन व्यावसाय पनि कृषिको एउटा महत्वपूर्ण पक्ष हो । यस व्यावसायबाट मानिसहरू विभिन्न फाइदा लिएका छन् । जस्तो गाई, भैँसी, आदिबाट दुध, दही, मही, गोवरमल आदि र बाखा, कुखुरा, राँगा आदिबाट मासु, मल आदि प्राप्त हुन्छ । आर्थिक स्थिति सुधार गर्नको निम्ती पशुपालन व्यावसाय कृषकको लागि सजिलो पनि हुन्छ । किनकी पशुपालन र खेतीपाती दुवैकार्य र एकआपसमा सम्वन्धीत हुन्छन् । पशुहरूको लागि चाहिने दाना, पिठो, घाँस, सोत्तर खेतीबाट प्राप्त हुन्छ । त्यसै गरी खेतीको लागि अत्यावस्यक मानिने कम्पोष्ट मल पशुपालन व्यावसायवाट प्राप्त हुने गर्दछ ।

दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका सबै ब्राह्मण जातिहरू केही न केही रूपमा कृषि पेशामा लागेको देखिन्छ । साथै अन्य पेशा तथा व्यवसाय अपनाएको पाइन्छ । यिनीहरूको मुख्य पेशा पम्परागत पेशा कृषि हो र पनि मजदुरी जागिर तथा सिकर्मी तथा डकर्मी आदि लाई सहायक पेशाको रूपमा अपनाएको पाइन्छ । यिनीहरूले ज्यालादारी कार्यलाई पनि आफ्नो  पेशाको रूपमा लिएको पाइन्छ । परम्परागत पुरोहित पेशावाट गुजारा नचल्ने भएपछि यिनीहरु अन्य पेशा रोज्न वाध्य भएको पाइयो । जग्गा जमीन कम भएको र खेतीपातीको आयस्थाले ६ महिना सम्म खान नपुग्ने मानिसहरूले ज्यालादारी कार्यमा संलग्न भएको पाइन्छ । तलको तालिकाद्वारा यहाँका ब्राह्मण जातिको पेशालाई प्रष्ट पारिन्छ ।

तालिका नं. ७

ब्राह्मण जातिले अपनाइने विभिन्न पेशाहरू

| प्रमुख पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशा  पुरोहित | - | - |
| कृषि | ३२ | ६१.५३ |
| मजदुरी | ४ | ७.६९ |
| जागिर (निजी र सरकारी) | ८ | १५.३९ |
| विदेशमा नोकरी गरी बसेको | ८ | १५.३९ |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०७४ ।

यहाँका ब्राह्मण जातिको पेशापुरोहितको पेशाछोडेको भएता पनि अन्य पेशा यिनीहरूको मूख्य पेशा हुन आएका हुन् । माथीको तालिका अनुसार परम्परागत पुरोहितको पेशा मानेका ब्राह्मण परिवार एउटा पनि देखिएन । त्यसैगरी कृषि पेशालाई मुख्य पेशा मानेका ब्राह्मण परिवार ३२ अर्थात ६१.५३ प्रतिशत रहेको छ । आफ्नो मजदुरीलाई मूख्य पेशामानि आएका ब्राह्मण परिवार ४ अर्थात ७.६९ प्रतिशत रहेका छन् । निजी तथा सरकारी जागिरमा ८ परिवार अर्थात १५.३९प्रतिशत रहेको देखिन्छ । विदेश गई नोकरी गरी वसेको ब्राह्मण परिवार जम्मा ८ अर्थात १५.३९प्रतिशत रहेको देखिन्छ । माथिको तालिकाले यहाँको ब्राह्मण जातिको परम्परागत पेशा विस्तारै विस्तारै लोप हुँदै अन्य पेशालाई आफ्नो मुख्य पेशा अपनाएको यस तालिकामा देखिन्छ । परम्परागत पेशा वाट जिवन गुजारा नचल्ने भएपछि अन्य पेशा अपनाएका पाइयो ।यस गाउँका ब्राह्मण जातिको प्रमुख आयश्रोतहरु अन्न उत्पादन हुने मूख्य पेशा कृषि हो । ब्राह्मण जातिले आफ्नो जमीनबाट बालीको रूपमा

धेरै अन्न उत्पादन गर्दछन् । ब्राह्मण जातिको आयआर्जनको अवस्था कस्तो छ भन्ने कुराको जानकारी निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. ८

ब्राह्मण जातीको आयआर्जन

| मासिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १००० भन्दा कम | १८ | ३४.६२ |
| १०००-३००० सम्म | १६ | ३०.७६ |
| ३०००-५००० सम्म | ६ | ११.५३ |
| ५०००-७००० सम्म | ४ | ७.६९ |
| ७००० भन्दा माथि | ८ | १५.३९ |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाबाट मासिक १ हजार भन्दा कम आम्दानी गर्ने परिवार ३४.६२ प्रतिशत, त्यसैगरी १ हजारभन्दा माथि ३ हजारसम्म आम्दानी गर्ने ३०.७६ प्रतिशत र ३ हजारदेखि पाँच हजारसम्म आम्दानी गर्ने ११.५३ प्रतिशत रहेको देखिन्छ । ५ हजारदेखि ७ हजारसम्म आम्दानी गर्ने ७.६९ प्रतिशत छ भने ७ हजारभन्दा बढी आम्दानी गर्ने १५.३९ प्रतिशत रहेको देखिन्छ ।

आम्दानीको यो विवरणबाट यहाँका ब्राह्मण जातीको आर्थिक स्थिति छर्लङ्ग हुन्छ । मासिक रुपमा आम्दानी हुने प्रमुख स्रोत भनेको कृषि-पशुपालन, वैदेशिक रोजगार र मजदुरी नै हो । यसरी सीमित व्यक्तिले केही राम्रो आम्दानी गरेको देखिएता पनि धेरैको आम्दानी न्यून नै देखियो । भएको आम्दानीलाई पनि फजुल खर्चमा प्रयोग गरेर सदाबहार गरिबीको विल्ला भिरेको देखिन्छ । यसरी हेर्दा आफ्नो सीमित आम्दानीलाई पनि सही व्यवस्थापन गरेको देखिदैन ।

## ५.२.२ भू-स्वामित्व

दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका५२ घरधुरी मध्ये अधिकांशको स्वमित्वमा रहेको भूमि न्यून छ । यिनीहरूको घरबास भने आफ्नो स्वामित्वको जमीनमा रहेको छ । खेतीयोग्म जमीन (खेतवारी र खेत) मानिसहरूको निकै कम रहेको पाइन्छ । आफ्नो भू-स्वामित्व कम भएको कारण यहाँका ब्राह्मण जातिले अन्य धनी साहु-महाजनको जग्गा जमीन कमाएर खाएका छन् । भूमि अचल सम्पत्ती भएको हुनाले यसबाट पनि यिनीहरूको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यहाँको भूमिमा बढी पाखो भएकोले गर्दा भूमिबाट आयस्ता लिन सकेको पाइँदैन । तलको तालिकबाट यहाँका ब्राह्मण परिवारको भूमिको विवरण कति रहेको छ भन्ने सम्वन्धमा सर्वेक्षण गरिएको थियो जसबाट प्राप्त तथ्याङ्क तल प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

भूमिको आधारमा ब्राह्मण परिवारको विवरण :

| भूमिको क्षेत्रफल (रोपनी) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| ३ रोपनी सम्म खरवारी तथा खेत | १० | १९.२३ |
| ४ देखि ११ रोपनी सम्म खरवारी तथा खेत | ३५ | ६७.३० |
| ११ रोपनी भन्दा माथि खरवारी तथा खेत | ७ | १३.४६ |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण २०७४

भूमिका आधारमा दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका ब्राह्मण समुदायको आर्थिक स्थिति केहीको मात्र राम्रो पाइन्छ। बैतडीपहाडी जिल्ला भएकोले यहाँको जग्गा बढी खरबारी हुने खेतीयोग्य जमीन वा बारी तथा खेत निकै कम भएको र उक्त जग्गामा कम खेती हुने भएकोले यिनीहरूको आर्थिक स्थिति कमजोर रहेको छ । यहाँ केही ब्राह्मण परिवारको पाखो बढी र बारी कम भएकोले उत्पादन कम हुने गर्दछ। यहाँका ३५ परिवार तथा ६७.३०%ब्राह्मणहरूको खेत, बारी र पाखो भएको पाइन्छ । यिनीहरूको आर्थिक अवस्था मध्यम वर्गको रहेको छ । ११ रोपनी भन्दा बढी खेत, बारी तथा पाखो हुने परिवारहरू जम्मा ७ अर्थात १३.४६% रहेका छन् । यिनीहरूलाई गाउँका अन्य जातिसँग तुलना गर्दा मध्यम भएपनि बाँकी सबैको आर्थिक अवस्थालाई ज्यादै निम्न अवस्थाको रूपमा लिन सकिन्छ । बाँकी रहेका १० परिवारहरू तथा १९.२३%ब्राह्मण जग्गा कम्तीमा दुई रोपनी सम्म पनि भएको पाइन्छ। यस्ता परिवारहरूलाई केही महिनासम्म मात्र खान पुग्ने गर्दछ। यसरी हेर्दा यहाँका ब्राह्मणको आर्थिक अवस्थामा निकै कमजोर रहेको देखिन्छ।

यसरी जग्गा जमीन थोरै र पाखो मात्र भएकोले उव्जनी कम हुनाले धेरै ब्राह्मण परिवारका सदस्यहरू कामको खोजीमा भारतका विभिन्न शहरहरू गई विभिन्न किसिमका जागीर गर्ने गरेको पाइन्छ। हाल आएर ब्राह्मण परिवारका पुरूषहरू मलेशिया, कतार तथा अरबीयन देशहरूमा जागीर गर्ने गरेको पाइन्छ । साथै केही आर्थिक स्थिति सवल भएका ब्राह्मण जातिका महिला तथा पुरूषहरू पनि व्यापार गर्न लागेको पाइन्छ।

यस दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका का ब्राह्मण तथा अन्य जातिको मूख्य पेशा कृषि भएकोले यस पेशा सँग अन्तरनिर्भर रहेको खेतीपाती र पशुपालन लाई पनि भूमि र आर्थिक स्थिति सँग जोडेर अध्ययन गरिएको छ।

### ५.२.३ खेतीपाती

यसदोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका सबै मानिसहरू कृषिमा नै निर्भर रहेका छन् । यो क्षेत्रका केही हदसम्म समतल परेको भू-भाग भएपनि यहाँका केही ब्राह्मण समुदायका परिवारकहरूले मात्र त्यस्तो समथर भू-भागमा जग्गा रहेको छ । धेरै जसो ब्राह्मण परिवारको जग्गा छेउमा र भिरालो तथा कम उब्जा हुने ठाउँमा भएकोले आकासे पानीमा खेतीपाती निर्भर हुन्छ । अन्न खेतीमा मकै, कोदो, गहुँ, जौ, धान, फापर, भटमास,

वोडी आदि उत्पादन हुन्छन् । तरकारी खेतीमा आलु, मुला, भान्टा, रामतोरीया, बन्दा, काउली, प्याज, लसुन हरियो सागपातहरू उत्पादन हुने गर्दछन् । वर्षा याममा विभिन्न किसिमका खाालका तरकारीहरू उत्पादन हुने गर्दछन् जसमा चिचिन्डा, करेला, बरेला, तोराय, लौका, फर्सी आदि उत्पादन गर्ने गर्दछन् । यहाँ अमिलो जातको फलफूलहरू जस्तै सुन्तला, निमुवा, कागती, ज्यामिर मुख्य रूपमा उत्पादन हुने गर्दछ त्यसैगरी आँप, अम्वा, नासपाती लगायतका फलफूलहरू उत्पादन हुने गर्दछन् । यहाँका अन्य जातिका मानिसहरूले कृषिबाट आम्दानी राम्रो गरेपनि ब्राह्मण जातिले भने यसको फाइदा लिन सकेको पाइँदैन । यिनीहरूको कृषिको आम्दानी नगन्य रूपमा हुन्छ यहाँका ब्राह्मणको खेतीपातीको तरिका परम्परागत नै छ । यहाँ हलो, कुटो, कोदालोको प्रयोग गरिन्छ । भिरालो र सानो पाखो हुँदा गोरू र हलोको प्रयोग ब्राह्मण समुदायले गरेको पाइन्छ । मकै, धान तथा कोदो र गहुँमा गोबर तथा रसायनिक मलको प्रयोग गरिन्छ । अशिक्षाको कारणले गर्दा अन्य मल प्रयोग गर्दा माटोको उर्वराशक्ति वर्षै पिच्छे घट्दै गएको पाइन्छ । र यसले माटोको गुणस्तर विर्गानको साथै वातावरणमा प्रतिकुल असर पार्दछ । खेतीपाती लगाउने र भित्राउने समयमा ब्राह्मण जातिमा महिला तथा पुरूषहरूले आफ्नो  जग्गा जमीन धेरै नभकोले अन्य जातिकोमा ज्यालादारी काम गर्ने गरेको पाइन्छ । यहाँका ब्राह्मण पुरूषले जोत्ने र महिलाले बाली लगाउने लगायतका काम गर्दछन् । पहिला ब्राह्मणले हलो जोत्दैनथे भने अहिले यहाँका ब्राह्मणले हलो जोत्ने गरेको पाइयो ।

### ५.२.४ पशुपालन

खेतीपाती र पशुपालन एउटै सिक्काका दुई पाटाहरूको रूपमा लिन सकिन्छ । यि एक अर्कामा अन्तरसम्वन्ध रहेको पाइन्छ । खेतीपातीमा प्रयोग गरिने प्राङ्गारिक मल वा कम्पोष्ट मल पशुपालनबाट प्राप्त हुने र पशुहरूलाई आवश्यक पर्ने घाँसपात सोत्तर, पराल, पिठो, दाना खेतीबाट प्राप्त हुने भएकोले यि एक आपसमा अन्योन्याश्रीत सम्वन्ध रहेको पाइन्छ । यसकारणले गर्दा प्रत्येक कृषकको घरमा विभिन्न किसिमका पशुपक्षीहरूको पालन गर्ने गरेको पाइन्छ । यसरी यि दुई व्यवसायहरू एक आपसमा अन्तरसम्वन्धित भएकोले पनि एक व्यवसाय गर्नेले अर्को व्यावसाय पनि अंगाल्दछन् । पशुहरू पनि उत्पादनशील कार्यमा प्रयोग गरिन्छ । दुध, दहि, ध्यू, गोरूबाट जोत्ने काम बाखा, पाठा, कुखुराहरूका फुल तथा मासु प्राप्त हुने हुँदा सबै पशुधन नै हुन् । यी मध्ये सम्पन्न, ब्राह्मण परिवारले गाई, भैंसी, गोरू, बाखा, कुखुरा लगायत सबैजसो पशुपालन गर्दछन् भने विपन्न वर्गका मानिसहरू पनि गाई, बाखा तथा कुखुराहरू पाल्दछन् । जुन घरमा गाई भैंसी हुँदैन तिनीहरू गरिबीमा रहेको पाइन्छन् । कृषि तथा पशुपालनवाट पनि धन उर्पाजन गर्न सकिने भएकोले ग्रामीण क्षेत्रका निम्न वर्गका ब्राह्मण परिवारको भरपर्दो आय कुखुरा, फुल तथा वाखाको बेच बिखनबाट पनि आय आर्जन गर्ने गरेको पाइन्छ ।

यसदोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँकाब्राह्मण समुदायले कृषि पेशा साथै अन्य पेशा अपनाउँदै आएका ब्राह्मण परिवारले केही पशुपक्षीहरू पनि पाल्ने गरेका  छन् । ती पशुपक्षीहरू दुध तथा मासु मलको लागि साथै तिनीहरूलाई वेचविखन गरी आम्दानी

पनि आर्जन गरेको पाइन्छ । पशुपंक्षी पालन गरी आफूलाई चाहिने आर्थिक सहयोग जुटाउने गर्दछन् । यहाँका ब्राह्मणपरिवारलाई कुखुरा पालनले केही मात्रामा भएपनि मासुको पूर्ति गर्ने र घरखर्च चलाउन मद्धत पुऱ्याउने पाइन्छ ।

### **५.२.५ खेतीपातीबाट हुने आम्दानी**

यहाँका सम्पूर्ण ब्राह्मण समुदायका परिवारहरू कृषक भएकोले आम्दानीको श्रोतमा मुख्य श्रोत पनि कृषि हो । कृषि प्रमुख पेशा भए पनि यहाँको कृषिबाट हुने आम्दानीबाट गुजारा गर्न कठिन छ । यहाँ उत्पादनशील जमीन कम भएकोले गर्दा प्राय सबैलाई नै भूमिबाट हुने आम्दानीले गुजारा गर्न नपुग्ने देखिन्छ । तर पनि कति महिना खेतीको आम्दानीबाट खान पुग्दछ भन्ने सम्बन्धमा यहाँ देखाउन खोजिएको छ । यस अध्ययनको क्रममा उनीहरूको खेतीपातीको आयस्तरबाट उनीहरूलाई खान पुग्दछ की पुग्दैन, कति महिना खान पुग्दछ भनेर सर्वेक्षण गरिएको थियो । जसलाई निम्न तथ्याङ्कबाट देखाइएको छ ।

तालिका नं. ११

खाद्य प्रयाप्तता र खेतीपातीवाट हुने आम्दानीको आधारमा उत्तरदाताको विभाजन

| खान पुग्ने अवधी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एक महिना देखि तीन महिना सम्म | १४ | २६.९३ |
| ३ महिना देखि ६ महिना सम्म | २५ | ४८.०७ |
| ६ महिना देखि ९ महिना सम्म | १३ | २५.०० |
| जम्मा | ५२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि यस अध्ययन क्षेत्रका ब्राह्मण समुदायका कुनै पनि परिवार वर्ष दिन खान पुग्ने देखिँदैनन् । यहाँका परिवारहरूले उत्पादन गरेको खेती, ज्यालादारी, मजदुरी गरी, पशुपञ्छी वेचविखन गरेर पनि नपुगेमा ऋण लिएर भएपनि जीवन धान्नेगरेको एक परिवारमुलीले वताए । यसो गर्दापनि यहाँका १४ परिवारलाई खेतीपाति, बाली ल्याउँदा सम्म तीन महिनालाई पुग्ने अन्न प्राप्त गर्दछन् । यस्तै यहाँका २५ परिवारलाई ६ महिना सम्म खान पुग्ने तथ्याङ्क यो तालिकाले प्रस्तुत गरेको छ । यसैगरी ६ महिनादेखि ९ महिनासम्म खान पुग्ने परिवारको संख्या १३ रहेको छ । खेतीवाट खान नपुगेपछि यहाँ अन्य पेशाको विकल्पको रूपमा सिकर्मी, डकर्मी, वैदेशिक रोजगार ज्याला, मजदुरी आदि अपनाउने गर्दछन् ।

### **५.२.६ सम्पत्तिमा अधिकार**

यस जातिका महिलाहरूको प्रत्यक्ष नियन्त्रणमा सम्पत्ति रहेको देखिँदैन । अरू समाजमाझै ब्राह्मण समाजमा पनि जग्गा जमीन लोग्ने मानिसको नाममा रहन्छ । लोग्ने मानिसको शेष पछि मात्र महिलाहरूको नाममा रहन पनि सक्दछ तर प्राय छोरामा जान्छ। तर जुन परिवारमा महिलाहरू सक्रिय घर व्यवहारमा लागेका हुन्छन् नगद रूपैया पैसाको कारोवार पनि उनीहरूनै गर्दछन् । विशेष गरी अरू परिवारमा पनि सञ्चयका लागी जम्मा भएको नगद रूपैया पैसाहरू महिलाहरूनै राख्दछन् र खर्च गर्नु पर्ने समय आएपछि आवश्यकता अनुसार झिक्दछन् ।

### ५.२.७ महिलाहरूको आर्थिक अवस्थाको अध्ययन

यहाँका ब्राह्मण जातिका महिलाहरूको आर्थिक अवस्था भनेर छुट्टा छुट्टै रूपमा अध्ययन गर्न गाह्रो हुन्छ किनकी समग्र पारिवारिक अवस्था नै उनीहरूको पनि आर्थिक अवस्था हो । यसर्थ उनीहरूको छुट्टै आर्थिक अवस्था कस्तो भन्दा पनि समग्र पारिवारिक आथिक अवस्थालाई सन्तुलन राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरूको आर्थिक अवस्था झल्कन्छ ।

### ५.२.८ महिलाहरूको सम्पत्ति तथा पेवा

यसदोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका महिलाको सम्पत्तिको भनेको आफ्नो लोग्नेको नाममा रहेको जग्गा जमीन घरवारी आदि हुन् यसका अलावा विवाहको समयमा प्राप्त दाइजो आदि पनि महिलाको सम्पत्ति हो । त्यसैले ब्राह्मण महिलाहरूको सम्पत्तिको मुख्य श्रोत भनेको आफ्नो घर परिवार र यसवाट हुने आम्दानी हो । यसका साथै माइतीहरूले दिने सामानहरू दाईजोको रूपमा प्राप्त हुनसक्दछ । पेवा-पातलाई महिलाको निजी सम्पत्तीको रूपमा लिन सकिन्छ । तर एकल परिवारका महिलाहरू आफै परिवारको सर्वेक्षण हुने भएकोले पेवाको कुनै अर्थ रहँदैन । संयुक्त परिवारका सासुहरूको पेवाको महत्व देखिँदैन ।

### ५.२.९ आर्थिक अवस्थाका अन्य सुचकहरू

कुनै पनि समाजमा मानिसले के कति आम्दानी गदर्छ र त्यो आम्दानीलाई खर्च के कति शिर्षक अन्गर्तत गर्दछ भन्ने कुरा आर्थिक सूचक भित्र पर्ने कुरा हो । दोगडाकेदार गाउँपालिका वडानं.१ रीम कैलीका ब्राह्मण जातिको आर्थिक अवस्स्थाको अध्ययन गर्ने क्रममा विभिन्न वस्तुहरू जस्तो कम्प्यूटर, टेलिभिजन, मोबाइल, घडी रेडियो, क्यासेट आदि कुराहरू पनि आर्थिक अवस्थाको सुचकको रूपमा लिन सकिन्छ । नेपाली समाजमा यि वस्तुहरू राख्नेको राम्रो आर्थिक अवस्था मानिन्छ । यहाँका ब्राह्मण जातिमा पनि प्रायः जसोले यि सामानहरूको उपयोग गरेको पाइन्छ । यि वस्तुहरू राख्नुका साथै देशविदेशमा घुम्ने विभिन्न आर्थिक उपार्जनका काम गर्ने, देखे सुनेका आधारमा यि वस्तुहरू आजको

समयमा सामान्य आवश्यकता भित्र परेको कुरा पनि सहभागी अवलोकनको वेला यिनीहरूले बताए । यसवाट एकतर्फ आर्थिक संङ्कट हुँदाहुँदै पनि विलासिताका वस्तुहरू प्रति पनि यिनिहरू आकर्षित हुँदैछन् । यसरी हेर्दा साधारण जीवनयापन गर्ने ब्राह्मण जातिको यि चिजहरू प्रति बढ्दो आकर्षणलाई हेर्दा सामाजिक परिवर्तनको सुचकको रूपमा लिन सकिन्छ ।

यस क्षेत्रका सबै ब्राह्मण जातिको पेशागत रूप विश्लेषण गर्दा कृषि, ज्यालादारी नै देखिन्छ । कृषि कार्यमा महिलाहरू सक्रिय रूपमा लाग्दछन् । खेतीपाती गर्दा बालीनाली लगाउने, गोडमेल गर्ने जस्ता काम प्रायः सवै जसो महिलाहरूले गर्दछन् । त्यसैले ब्राह्मण जातिको समुदायमा हुने आर्थिक उत्पादनमा यिनीहरूको महत्वपूर्ण भूमिका रहन्छ । पशुपालन गर्ने कार्यमा पनि महिला उत्तिकै योगदान पुऱ्याउँदछन् वा श्रमदान गर्दछन् । गोठका वस्तुभाउको सफाई रेखदेख, कुडोपानी, घाँसपात, सवैजसो कार्यहरू महिलाहरूले गर्दछन् । यहाँका महिला ज्यालादारी गर्ने वा ज्यालामा गएको श्रीमानलाई उसको सेवागरी सहयोग गर्ने गरेको पाइन्छ । यसरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महिलाहरूको ब्राह्मण समाजमा ठूलो भूमिका रहेको पाइन्छ ।

कुनै परिवारको आर्थिक अवस्था केही राम्रो हुनुमा उनीहरूको जमीनको मात्राले पनि फरक पार्दछ । खान पुग्ने परिवारमा महिलाहरूको योगदान बढी देखिन्छ । जुन परिवारमा खेतीपातीका आयस्ताले वर्ष दिनसम्म खान पुग्दैन त्यस्ता परिवारका महिलाहरूले ज्यालादारी गर्नुपर्ने बाध्यता भएकोले उनीहरुले पनि विपन्न अवस्थामा नै राखिन्छ । खेतीपातीका आयस्ताले जसलाई खान लाउन पुग्दछ उनीहरूका परिवारका महिलाहरूले केही सुविस्था पाउँछन् तर यहाँ यस्तो परिवार ज्यादै न्यून छ । त्यसकारण आर्थिक अवस्था केही राम्रो भएको परिवार भन्दा आर्थिक अवस्था नराम्रो हुने परिवारको महिलाहरूको आम्दानीको लागि बढी समय दिनुपर्दछ । महिलाहरू बढी समयसम्म पुरूषको तुलनामा खटेको पाइन्छ । यसरी महिला पुरूष क्रियाशील भएमा दुवैले आर्थिक उपार्जन गरी दैनिक जीवन संचालन गर्न सजिलो हुने देखिन्छ तर केही पुरूषहरू रक्सी खाने, अनावश्यक खर्च गरी हिड्ने भएकोले तिनीहरूको आर्थिक अवस्था दिन प्रतिदिन विग्रदै गएको पनि पाइन्छ ।

यहाँका केही महिलाहरूले गरगहना तथा पेवापातहरू महिलाहरूकै नियन्त्रणमा राखेका हुन्छन् तर परिवारमा आर्थिक संकट परेमा भने यिनीहरूको गरगहना, पेवा तथा दाइजोका चीजहरू धितो राख्ने तथा विक्रि वितरणसम्म पनि गर्ने गर्दछन् । परिवारको आर्थिक अवस्थालाई सन्तुलनमा ल्याउनमा ब्राह्मण महिला तथा पुरूष विभिन्न समुहमा वचत गर्ने गरेका छन् । महिलाहरू आमा समूहबाट कारोवार गर्ने धेरै थोरै बचन गर्ने बानी बसाल्नु पनि राम्रो पक्षको रूपमा लिन सकिन्छ ।दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका महिलाले “प्रगतिशील महिला आमा” समूह खोली विभिन्न किसिमका सामाजिक तथा आर्थिक क्रियाकलापहरू गरेको पाइन्छ । वचत गर्ने क्षमता नभए पनि यिनी महिला तथा पुरूषले गरेको प्रयासलाई जनचेतनाको उपजको रूपमा लिन सकिन्छ र सामुहिक रूपमा भएपनि आर्थिक समस्याबाट पार पाउनको लागि यस्तो गरेको पाइन्छ ।

### ५.३ साँस्कृतिक अवस्था

यस अध्ययन क्षेत्रमा रहेका ब्राह्मण जातिको साँस्कृतिक अवस्थालाई अध्ययन गर्दा तिनीहरुको जन्मदेखि मृत्यसम्म गरिने विभिन्न संस्कारहरु, यिनीहरुले मान्ने चाडपर्वहरु, यिनीहरुको जिवीकोपार्जन र ब्राह्मण जातिमा आएको परिवर्तन आदि बारेमा जानकारी लिइएको छ ।

### ५.३.१ ब्राह्मण जातिका जन्मदेखि मृत्युसम्मका संस्कार

दोगडाकेदार गा.पा. १ रीमा कौलीगाउँका ब्राह्मण जातिले जन्मदेखि मृत्यूसम्म विभिन्न संस्कारहरू मान्दै आएका छन् । ती संस्कारहरूको संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

#### ५.३.१.१ जन्मसंस्कार

नवजात शिशुको जन्म हुनु कुनै पनि परिवारमा एउटा सुखद् समाचार हो । यसले शिशुको जन्मपश्चात् मृत्यु अगाडिसम्म गरिएको विभिन्न संस्कारहरूलाई बुझाउँदछ । जन्मनु सबैको लागि महत्वपूर्ण घटना हो । जन्मपश्चात् नै मानिसको यस संसारसँग सम्वन्ध स्थापित हुन्छ । ब्राह्मण जातिमा जन्मपछि गरिने संस्कारहरू महत्वपूर्ण मानिन्छ । यस दोगडाकेदार गा.पा. १ रीम कौलीमाब्राह्मण जातिहरूको जन्मसंस्कारहरू यहाँका स्थानीय स्तरमा वसोवास गर्ने अन्य जातिसंग मिल्दो जुल्दो छ । यस जातिमा वेथा लाग्नु भन्दा अगाडी सुत्केरी हुने महिलालाई हेरचाह गर्ने, तिनीहरूको स्वास्थ्य स्थितीको जानकारी लिने काम यस समुदायका पाका उमेरका महिलाद्वारा गरिन्छ । यो काम गाउँकै सुडेनीद्वारा गराइन्छ । बच्चा जन्मेपछि वच्चाको नाल काट्ने गरिन्छ । नाल काट्दा पहिला-पहिला हसियाले काटिन्थ्यो भने आजभोली सफा ब्लेडले काट्ने काम गरिन्छ । त्यसपछि वच्चालाई राम्रो सफा पानीले पखाल्ने काम गरिन्छ । यसरी पखाल्दा वच्चा सफा र स्वास्थ्य रहने विश्वास गरिन्छ । बच्चाको शरीरमा विविरा नहुने मान्यता राखिएको पाइन्छ । तर आजभोली स्वास्थ्यचौकी वा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा सुत्केरी गराउने हुनाले पखाल्ने भन्दा सफा कपडाले पुछेर बच्चालाई न्यानो राख्न थालिएको पाइयो । यिनीहरूले सुत्केरीलाई घ्यू भात खुवाउने गर्दछन् । झोलिलो कुखुराको मासु, झोलिलो पदार्थहरू खुवाइन्छ । यस्तो पदार्थले सुत्केरीको शरीर छिटो बलियो हुने दोगडाकेदार गा.पा. १ रीम कौलीको मान्यता राखिएको पाइन्छ । सुत्केरीलाई काममा नलगाउने पानी छुन नदिने र यताउनी छुवाछुत गर्न नदिने गरिन्छ । किनकी सुत्केरी भएको अवस्थामा महिलालाई अशुद्ध मानिन्छ । सुत्केरीलाई ओसिलो ठाउँमा राखी आगो भउरोदिई बच्चा तथा आमालाई चिसो लाग्नवाट जोगाउने गरिन्छ । यस जातिमा सुत्केरी महिलालाई छिटो दरिलो वनाउनका लागि विभिन्न किसिमको पोषिलो खाना दिइन्छ ।

ब्राह्मण समुदायमा नवजात शिशुको जन्मलाई खुसीको समाचारको रूपमा लिइन्छ । छोरा छोरी जन्मनुमा खासै भेदभाव नभएतापनि छोराको चाहाना भने पहिलो वच्चा छोरा नभएमा दोश्रो वच्चा छोरो होस् भन्ने मान्यता राखिन्छ । प्राकृतिक रूपमा नै नवजात

शिशुलाई जन्मदिने जिम्मेबारी महिलाको हुन्छ । शिशुको जन्मपश्चात निर्वाह गरिने संस्कारहरूमा उनीहरूको भूमिका पनि परिवारका पुरूष सदस्यहरूद्वारा उचित मुल्याङ्कन गरिन्छ । केही कारणबश सुत्केरी महिलाले मृत वच्चाको जन्म दिएमा त्यस वच्चालाई रूख मुनी लगी गाड्ने काम गरिन्छ। उक्त महिलाको स्वास्थ्यको उचित हेरचाह गरिएको पाइन्छ । छोरा र छोरीको संख्या हेर्दा प्रायः जसो ब्राह्मण समूदायमा महिला तथा पुरूष तीनवटासम्म वच्चा बनाउने चाहाना राखेको पाइन्छ । त्यसमा पनि धेरैले दुई छोरा भएको पनि पाइन्छ । तर वर्तमान समयमा छोरा छोरी प्रतिको भावना विस्तारै हटी दुई मात्र सन्तान वनाउने नव दम्पतीको सोंचाई भएको पाइन्छ । यो पनि यस समाजमा अर्को शैक्षिक चेतनाको कारणले गर्दा पनि भेदभाव कम भएको पाइन्छ ।

यसरी बच्चा जन्माएकी सुत्केरी महिलाको खानपानमा धेरै ध्यान पुऱ्याउँछन् । सुत्केरीलाई घरमा बनेका चिजवस्तु छुन दिइँदैन । वच्चाको जन्मेको ६ दिनको दिन छैठी गर्दछन् र बच्चा जन्मेको ९ दिनमा सुत्केरी तथा अन्य परिवारले न्वाईध्वाई गर्ने घर लितपोत गरी सरसफाई गर्ने र ११ दिनको दिन न्वारन गरी पुरोहितद्वारा विधिपूर्वक हातमा धागो वाधी चामलको टिका लगाएर गाईको गहुँत छर्केपछि सुत्केरी चोखिने चलन छ । न्वारन गर्दाको दिन आफ्नो आफन्तहरूलाई बोलाई विभिन्न परिकारहरू खुवाउने र रमाईलो गर्ने गर्दछन् ।

प्राकृतिक रूपले नवजात शिशुलाई जन्मदिने महिलालाई खानपिनमा विचार पुऱ्याउनु पर्दछ भन्ने मान्यता यहाँका उत्तरदाताहरूको पाइन्छ । सुत्केरीलाई खानामा ध्यान दिने ९ दिनपछि सुत्केरी र घरको अन्य सदस्यले न्वाईध्वाई गर्नाले यिनीहरूले स्वास्थ्यमा पनि ध्यान दिएको पाइयो । गाईको गहुँतले सुत्केरीलाई चोख्याउने गर्नाले घर शुद्ध हुने र भुतप्रेत, पिचाशको डर नहुने यिनीहरूको मान्यता पाइयो ।

### ५.३.१.२ नामाकरण

बच्चा जन्मेपछि उसको नामाकरण गर्नुपनि एउटा महत्वपूर्ण संस्कार हो । यस संस्कारलाई न्वारन पनि भन्ने गरिन्छ । ब्राह्मण जातिको नामाकरण गर्न विधि अन्य जातिको भन्दा भिन्दै किसिमले गर्दा ब्राह्मण जातिको आफ्नै पुरोहित हुने गर्दछ । पुरोहितलाई बाहुन भनिन्छ । ब्राह्मण समाजमा वच्चा जन्मेको कति दिनपछि यो संस्कार गर्ने भन्ने कुरामा एकरूपता भने छैन । वच्चा जन्मेको ११ दिनसम्ममा नामारकण भन्ने कार्य हुने गर्दछ । सामान्यतया छोरीको ९ दिन र छोरोको ११ दिनमा यो कार्य गरिन्छ । पुरोहित वा ज्योतिश द्वारा जन्मकुण्डली लेखाएर राख्ने चलन यि जातिमा प्रचलित छ । नामाकरण गरेपछि पुरोहितलाई आफू सक्दो दान-दक्षिणा दिने चलन पनि ब्राह्मण जातिमा रहेको छ । न्वारन गर्दा ब्राह्मण पुरोहितले हिन्दूधर्म अनुसार हवन हाल्ने काम गर्दछन् । ब्राह्मण जातिका मानिसहरू हिन्दु धर्म मान्ने हुँदा यस्तो नामाकरण संस्कार सम्पन्न नहुँदासम्म अछुत मानिन्छन् सुत्केरीलाई तामाको भाँडो तथा पानी छुन दिइँदैन ।

नामाकरण गर्ने दिन चेलीबेटीलाई वोलाइन्छ साथै सुत्केरी भएको वेलामा मद्दत पुऱ्याउने महिला (सुडेनी)लाई बोलाई आफ्नो गक्ष अनुसार लुगाफाटो साथै पैसा दिने चलन पनि रहेको छ साथै उनीहरूलाई भोजन पनि गराउने गर्दछन् । यसरी दोगडाकेदार गा.पा. १ रीम कौली काब्राह्मण जातिले नामारकरण संस्कारलाई सम्पन्न गरेको पाइन्छ ।

उत्तरदाताको दृष्टिकोणमा नामाकरण गर्नु भनेको वच्चाको बाबुको पहिचान हुने भएकोले यो संस्कार अति महत्वपूर्ण रूपमा लिएको पाइन्थ्यो । बच्चाको नामाकरण जन्मकुण्डली अनुसार गर्नाले बच्चाको भविष्यमा हुने सम्भावनाको बारेमा थाहा पाउन सकिन्छ । यससंस्कारबाट नै नवजात शिशुले नाम दिइने हुनाले यसको आफ्नो छुट्टै किसिमको औचित्य रहेको पाइन्छ ।

### ५.३.१.३ व्रतबन्ध

छोराको नामाकरण र पछि गरिने ब्राह्मण जातिको महत्वपूर्ण संस्कार व्रतवन्ध हो । यस संस्कारले बालकको भौतिक तथा सामाजिक विकासको महत्वपुर्ण अवसर मान्दछन् । यस संस्कारपछि मात्र आमा वुवाको काजक्रिया गर्ने काम सामाजिक रूपमा मान्य हुन्छन् । व्रतवन्ध कार्यमा मामाको भुमिका महत्वपूर्ण हुने गर्दछ । ब्रतवन्धको दिन भन्दा केही दिन अगाडि निम्तो गरे पनि यसको अघिल्लो दिन वा सोही दिन मामालाई घरमा बोलाएर मिठामिठा परिकारहरू खुवाइन्छ । उक्त दिन मामाले भान्जाको कपाल काट्न छुरा लगाउनु पर्दछ र सो बेला आफु सक्दो एकसरो कपडा उपहार स्वरूप किनी दिनुपर्दछ । कपाल काटेपछि नुहाई नयाँ कपडा लगाउने चलन छ । त्यसपछि पुजा गरी चुडाक्रम गरिन्छ । सामान्यतया यति वर्षमा गर्ने भन्ने मान्यता नभए पनि प्रायः आठ वर्ष देखि १५ वर्ष वा विवाह पुर्व गर्ने गरिन्छ। व्रतवन्ध नगरेसम्म उनीहरुले काजक्रिया गर्न पाइँदैन ।

ब्रतवन्धको दिन आफ्नो नातेदारहरू साथै इष्टमित्रहरूलाई बोलाइन्छ । मामाले कपाल काटीसकेपछि मामाको तर्फबाट ल्याएका सामानहरू आँगनमा राखि उक्त बच्चालाई (जग्गे) पूजामण्डपमा ल्याइन्छ र पुरोहितले जनै धारण गराई गायत्रिमन्त्र सिकाउदछ । आमाले फुल प्रसाद वनाउँछिन् र टिका लगाई सक्दो दक्षिणा दिने प्रसादहरूलिने गरिन्छ । चुडाक्रमै गर्दा काटेको कपाल सुरक्षित राखी नदी वा खोलामा वगाईदिने चलन छ ।

चुडाक्रम सिद्धिएपछि भोजन गर्ने गरिन्छ । खिर, भात, सुलपुरी, तरकारी सहित को भोजभतेर गरिन्छ । यस्तो भोजमा मामा, चेलीवेटि, ब्राह्मण, आफ्ना इस्टमित्र तथा गाउघरका दाजुभाइहरुलाई भोज खुवाइन्छ ।

यस संस्कार सम्पन्न गर्नका लागि मामाको उपस्थिति चाहिने साथै दिदी वहिनी वा कन्या केटीले कपाल थाप्नु पर्ने चलन भएकोले आफ्ना कुटुम्वलाई नजिक ल्याउन सहयोग गर्दछ । यस संस्कारवाट मावली प्रतिको आदरका रूपमा लिन सकिन्छ । घर र मावलीको सम्मान गरेको पाइन्छ ।

चुडाकर्म आफ्नै जातीय परम्परावाट हुनुपर्दछ भन्ने मान्यता यहाँका उत्तरदाताको मत पाइयो । यो संस्कारलाई आफ्नै शैलीमा नगरेमा आरोग्य देवता रिसाउने र अनिष्ट हुन सक्ने विचार तिनीहरूको थियो ।

### ५.३.१.४ विवाह संस्कार

विवाह संस्कार हिन्दू समाजमा महत्वपूर्ण संस्कार मानिन्छ । यही संस्कारबाट मानिएको यथार्थ जीवनयापनको रूप शुरू हुन्छ । हिन्दू धार्मिक परम्परा अनुसार विवाह संस्कारले स्त्री र पुरूषको मिलनमात्र नभई यो धार्मिक मान्यतामा आधारित भई गरिने संस्कार हो । हिन्दू समाजमा विवाह गरी आफ्नो वंशलाई जोगाउन छोरा जन्माउनु अनिवार्य मानिन्छ । यदि पुत्र नभएमा कुनै पापवाट मुक्त हुन अप्ठ्यारो पर्दछ ।

दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिको विवाह हिन्दु रिति अनुसार सम्पन्न गरिन्छ । यिनीहरूले अर्को गोत्र वा कुटुम्वसँग मात्र विवाह गर्ने गरेको पाइन्छ । यहाँका ब्राह्मण जातिको संस्कार अन्य जातिसँग मिल्नजाने भएकोले पनि सम्पुर्ण को विवाह संस्कार एकै किसिमले हुन्छ । विवाह गर्ने क्रममा सबभन्दा पहिला केटापक्षले केटी पक्षकहाँ केटी माग्न जान्छन् । केटी पक्ष यदि दिन मञ्जुर भएमा चिना जुराउने प्रचलन रहेको छ ।

विवाह कार्य गर्ने लगनको दिन दुलाहाको घरवाट दुलही लिन केटीको घरमा केटा, पक्षले बाजागाजा सहित जन्ती जाने गर्दछन् । केटीको घरमा गइन्छ र त्यहाँ जन्ती पक्षले केटीलाई औंठी लगाईदिन्छन् र बनाइएको विवाह मण्डपमा पुजा गरी केटाले केटीलाई सिन्दुर राख्ने, लगन गाँठो, गोडा धुवाउने, जुठो खुवाउने आदि गरी विवाह हुने गर्दछ । जुठो खुवाउँदा केटाले केटीलाई केही रूपैया पैसा दिने प्रचलन यो जातिमा रहेको छ । साथै केटाले दुलहीलाई कपडा, गहना दिने प्रचलन छ भने दुलही पक्षले आफूसक्दो दक्षिणा र सरसामान दिने प्रचलन छ । त्यसै गरी केटाले दुलहीलाई केही कपडा र गहना लैजान पर्ने र दुलही पक्षले आफु सक्दो दक्षिणा र सरसामान दिने प्रचलन रहेको छ । यि कार्य सिद्धिएपछि केटीको भाइ वा दाईले कन्यालाई डोली, घोडामा वा गाडीमा चढाईदिइ दुलाहाको घरमा लैजाने र विधिपूर्वक दुलाहको घरमा भित्राएपछि विवाह संस्कार सम्पन्न भएको मानिन्छ ।

विवाह संस्कार नभई नहुने एक महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । यिनीहरूको विचारमा यो संस्कार पछि मानिस यर्याथ जीवनको सुरूवात हुन आउँदछन् । धार्मिक मान्यताको सार्थ यो एक पुरूष र स्त्री दुवैको मिलनको रूपमा लिइन्छ ।

यो जातिमा अन्य विवाहहरू जस्तै मागी विवाह, प्रेम विवाह, अन्तरजातीय विवाहसम्पन्न गरेको पाइन्छ । मागी विवाहमा केटा केटीको आमा बुवामार्फत आफ्नो छोरा छोरीलाई योग्य जोडी खोजेको पाइन्छ । यो कार्यमा आफ्ना इष्टमित्र र नातेदारको पनि ठूलो भूमिका रहेको पाइन्छ । एउटै गोत्रमा यस जातिले विवाह गर्दैन । यो समुदायमा विवाहको ३ रातपछि दुलाहा दुलही माइतमा जाने प्रचलन रहेको पाइन्छ । यसरी विवाह संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ । प्रेम विवाहमा केटा केटीको मञ्जुरीले गर्ने विवाह भएकोले यसमा घर

परिवारको सहमती कम भएको पाइन्छ । केटा पक्षका लागि यो विवाह असजिलो हुन्छ । केटाले आफ्नो परिवार र अन्य नातेदारले टिका लगाई विवाह गर्ने गरिन्छ ।

अन्तरजातीय विवाहलाई प्रेम विवाहको उत्कृष्ट नमूनाको रूपमा लिइन्छ । ब्राह्मण समाजमा ब्राह्मण जातिको पुरूषले अरू जातिको महिलासँग र ब्राह्मण महिलाले अरूजातिको पुरूषसँग गरिएको विवाहलाई यस प्रसङ्गमा अन्तरजातीय विवाह भनिएको छ । कतिपय ब्राह्मण पुरूषले मगर्नी, क्षेत्रीनी, नेवार्नी आदि श्रीमति ल्याएका छन भने कतिपय ब्राह्मण महिलाले क्षेत्री जातिसँग विवाह गरेका छन् । यो समाजमा केटाकेटीलाई सामान्यतया आफ्नो जीवनसाथी चयन गर्ने स्वतन्त्रता हुन्छ । गल्तीले असल, जीवनसाथीको चयन हुन नसकेमा जीवनभर पछुताएर बस्नुपर्ने अवस्था छैन । यसरी यस दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिले आफ्नो विवाह संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ ।

### ५.३.१.५ मृत्यूसंस्कार

मृत्यूसंस्कार हिन्दू समाजमा पनि एउटा महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । यस गाउँका ब्राह्मण जातिले पनि यो संस्कारलाई अन्य जाती जस्तै गरी सम्पन्न गर्ने गर्दछन् । अर्थात् यस संस्कारलाई हिन्दू विधि अनुसार गरिन्छ । यदि मृत्युसंस्कार राम्रोसँग गरिएन भने मृतआत्मा भूत पिचाश आदि भएर दुःख दिन्छ भन्ने यहाँका ब्राह्मण जातिको धार्मिक मान्यता रहेको पाइन्छ । यस कौली गाउँका ब्राह्मण समुदायमा कोही मानिसको मृत्यू भयो भने गाउँका मानिसहरू मृत्यू भएको घरमा जम्मा हुन्छन । कात्रो र पाट ल्याएर लासलाई बेर्दछन् । हरियो बाँसको खाट बनाई त्यसमै लासलाई बाँधिन्छ । सबै दाजुभाईलाई खबर गरी लाशलाई आफ्नो लाशलाई जलाउने मसान घाटमा लैजान्छन् र कर्म चलेको भए त्यसलाई जलाउने र कर्म नचलेको भए गाड्ने गरिन्छ । यस जातिमा उमेरको आधारमा कर्म चलेको नचलेको निर्धारण गरिन्छ । विवाह नभएकी केटी र ब्रतबन्ध भएको केटालाई ब्राह्मण जातिले कर्म नचलेको निर्धारण गरिन्छ । विवाह नभएकी केटी र ब्रतबन्ध नभएको केटालाई ब्राह्मण जातिले कर्म नचलेको मान्ने गर्दछन् । यहाँका ब्राह्मण जातिले लाशलाई शंख बजाएर मसानघाटमा लैजान्छन् र लाशलाई जलाउने काठमा चिता बनाएर त्यसैमाथि राखी, अंजुली पानी दिइ कपडाहरू झिकेर दाहसंस्कार गर्दछन । दाहसंस्कार गरिसकेपछि छोरो किरिया बस्नु पर्दछ । यदि छोरा छैनन भने नजीक नाता पर्ने व्यक्ति किरिया बस्नु पर्दछ । मलामीलाई खाजा खुवाई किरियापुत्रीसहित घर फर्किन्छन् । यसरी किरिया बस्दा १३ दिनमा चोख्याउने चलन छ । किरिया बस्ता किरियापत्रिलाई दिनको २ पटक पधेरोमा लगि कुश तिल ले नुहाई खाना बनाएर खाने चलन छ । यसरी जुठो परेको बेला कसैले ३ दिनमा, त कसैले ९ दिन सम्म नजिकको दाजुभाइले नून बार्ने चलन छ । आफन्त इष्टमित्रहरू फलफुल चामल, चिनी, घिऊ, कागती, अदुवा, लिएर भेट्न आउने चलन छ । मृतकको सुद्धिको दिनमा पुरोहित आइ सुद्धिको कार्य गर्ने गरिन्छ र सम्पूर्ण मलामी र इष्टमित्रहरूलाई बोलाई खाना खुवाउने चलन छ ।

उत्तरदाताको दृष्टिकोणमा मृत्युसंस्कार महत्वपूर्ण संस्कार भएकोले आफ्नै विधि अनुसार हुनु पर्दछ भन्ने यिनीहरूको आफ्नै मान्यता पाइन्छ । यो संस्कारलाई राम्रोसँग

गरिएन भने मृतआत्माले दुःख दिने विश्वास रहेको पाइन्छ । मृत्यु संस्कार गर्दा सम्पूर्ण आफ्ना दाजुभाइ, इष्टमित्रले भोज खुवाउने गर्नु पर्दछ । यसरी भोजभतेर नगरेमा मरेको मृत आत्माले सुख नपाउने दुःख पाइ नरकलोमा रहिरहने भन्ने यहाँको उत्तरदाताको विश्वास रहेको पाइन्छ । साथै मृत्युसंस्कार गर्दा शुद्ध नहुन्जेलसम्म कुनै किसिमको देवकार्य गर्न नहुने यहाँको उत्तरदाताको मत रहेको पाइन्छ ।

### ५.३.१.६ ब्राह्मणजातिले गर्ने पूजा संस्कार

दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण समुदायमा विभिन्न देवी देवताको पूजा आजा गर्ने गरेको पाइन्छ । यिनीहरूले हिन्दू धर्म अवलम्बन गर्ने भएकाले यस धर्मको मान्यता अनुसार ३३ कोटी देवीदेवता अस्त्विमा भएको किँम्बदन्ती छ । ती देवी देवताको पूजाआजा चार जात छत्तीस वर्णमा विभाजित नेपाली समाजका विभिन्न समुदायहरूले गर्ने गर्दछन् । यहाँका उत्तरदाताको मत अनुसार निम्न देवी देवताको पूजा आजा गरेको पाइन्छ ।

#### क) दुर्गा पूजा

वडा दशैँको अवसरमा देवीलाई भवानीको रूपमा पूजा गर्ने चलन ब्राह्मण समाजमा सबैतिर पाइन्छ । नवदुर्गा शुरू भएपछि यहाँका ब्राह्मणहरूले आफ्ना पेशागत समानहरू सबै एकै ठाउँमा जम्मा गरी दुर्गा देवीको पूजा आराधना गर्दछन् । यसरी दुर्गा थाप्दा कुविन्डो वा नरिवलको बली दिने चलन पनि छ । नवमीको दिनमा घरमा दुर्गा पूजा समाप्त गरी यहाँको नजिकै रहेको मन्दिरमा गई पूजाआजा गर्ने गरेको पाइन्छ । यसरी यहाँका ब्राह्मण जातिले दुर्गा पूजा सम्पन्न गर्ने गर्दछन् ।

#### ख) नाग पूजा

ब्राह्मण जातिले वर्षको एक पटक नागको पूजा गर्दछन् । नागपञ्चमी मा मात्र यो पूजा गर्ने गरेको पाइन्छ । नेपाली समाजको प्रत्येकजाति- जनजातिहरूमा नागलाई विभिन्न रूपमा पूजा गर्ने चलन छ । नागका सम्बन्धमा अनेक किंम्बदन्ती तथा आख्यानहरू पाइन्छन् । विशेषतः नागदेवता रिसाएमा अनवृष्टि हुन्छ जिउ सुनिने र आँखा दुख्ने जस्ता रोग लाग्दछन् भन्ने जस्ता कुराहरूको विश्वास गरिन्छ । नागदेवतालाई घरको ढुकुटीको रक्षकको रूपमा पूजा गर्ने चलन पनि छ । यसरी विभिन्न रूपमा नेपाली समाजमा नागपूजा सम्पन्न गरिन्छ ।

यहाँको ब्राह्मण समूदायमा नागपूजाको दिन प्रत्येक घरको ढोकामा नागको फोटो टाँस्ने गरिन्छ । नागको फोटो ढोकामा टाँस्नाले घरमा सम्पूर्ण सदस्यहरूको रक्षा गर्ने, घरभित्र पिचास, वायु, राक्षस र खराव तत्व नपस्ने मान्यता वा अन्धविश्वास रहेको पाइन्छ ।

#### ग) देवीदेवताका पूजा

दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका ब्राह्मणले विभिन्न देवी देवताको पूजा गरेको पाइन्छ । यिनीहरूले पूजाहरूमा शिवपार्वतीको पूजा, सत्यनारायणको पूजा,

वनदेवताको पूजा, आदि पर्दछन् । यी पुजाहरू बाहेक अन्य जातिका हिन्दूहरूले गर्ने पूजाहरूमा पनि यहाँका ब्राह्मणहरू सामेल हुन्छन् ।

### ५.३.२ ब्राह्मणहरूले मान्ने चाडपर्वहरू

हिन्दू परम्परा अनुसार मान्ने गरेका चाडपर्वहरू यहाँका ब्राह्मण जातिले पनि मान्ने गरेको पाइन्छ । उत्तरदाताको मत अनुसार यहाँका ब्राह्मण जातिले मान्ने गरेको चाडपर्वहरूलाई निम्नानुसार यहाँ उल्लेख गरिएको छ ।

#### क) दशैं

हिन्दू धर्मावलम्बीहरूले मान्ने चाडहरूमध्ये दशैं महान चाँड हो । अन्य दिनमा दुःखकष्ट गर्नु परे पनि यो चाडको बेला फूलपातीको दिनदेखि कोजाग्रत पूर्णिमासम्म रमाइलो गरी आन्नदसँग बस्दछन । यिनीहरू अरु जाती सहरनै दशैंको दिनदेखि पूर्णिमासम्म टीका लगाउने गर्दछन् । यहाँका ब्राह्मणहरू मन्दिरमा गई आफूले दुर्गा भवानीसँग आफ्नो मनोभावना पूरा गर्न भाकल गरेको भए अष्टमी, नवमीमा भाकल मन्दिरमा चढाउने गर्दछन् । यसरी यिनीहरूको दशैंको समयमा आफनासम्पूर्ण काम छाडेर धुमधामसँग दुर्गा भवानीको पूजा गर्ने गर्दछन् ।

#### ख) तिहार

हिन्दूहरूको दशैं पछिको मुख्य चाड तिहार हो । तिहार दशैं पछिको मुख्य चाड भएकोले हिन्दूहरूले यस चाडलाई पनि धुमधामसँग मान्ने गर्दछन् । तिहारमा यहाँका ब्राह्मण जातिहरूले देउसी-भैलो खेल्ने, घुम्ने र आफ्ना दिदी बहिनीको हातबाट टीका लगाउने प्रचलन छ । दिदीबहिनीले टिका लगाइदिएपछि आफू सक्दो दान दक्षिणा लत्ताकपडा समेत दिने चलन छ । तिहार ५ दिनसम्म ब्राह्मण जातिलेउत्साहका साथ मनाउने गर्दछन् । तिहारको समयमा कोही बाहिर गएका छन् भन्ने पनि विदा मिलाएर आफ्ना दिदी बहिनीको घरमा टीका थाप्न आउँछन् र मादल बजाई देउसी-भैलो खेल्दछन् ।

#### ग) चैते दशैं

हिन्दू मान्यता अनुसार दशैंलाई ठूलो दशैं र चैते दशैंलाई सानो दशैंको रूपमा मनाउने गरिन्छ । यहाँका ब्राह्मण जातिले पनि यो चाड निकै धुमधामसँग सम्पूर्ण कामहरू छोडी मनाउने गर्दछन् ।

#### घ) तीज

हिन्दू महिलाहरूले मान्ने गरेको हरितालिका (तीज) महिलाहरूले धुभधामका साथ मान्ने गर्दछन् । विवाह भएका दिदी बहिनीहरूलाई दाजुभाइले गएर आफ्नो घरमा ल्याई तिजको दर खुवाउने गर्दछन् । यस चाडमा महिला पुरूष दुवै जना मिली मादल बजाउने र नाच्ने गाउने काम गर्दछन् ।

**ङ कृष्णाअष्टमी**

हिन्दूहरूका महान भगवान कृष्णको जन्म दिन भएकाले गर्दा यहाँका ब्राह्मण जातिहरूले पनि कृष्णको पूजा आरधाना गरी मनाउने गर्दछन् ।यस दिनमा यहाँका ब्राह्मणहरूले देउडा खेल्दै, गाउँदै नाचगान गरी मनाउँदछन् । यो सुदुरपश्चिमका विशेष पर्व प्रायः कृष्णाअष्टमीकै दिन पर्दछ ।

**५.३.३ ब्राह्मण जातिको प्रचलित सांस्कृति र मान्यता**

पहिलेदेखि निरन्तर रूपमा चलिआएका संस्कृतिलाई मान्ने प्रचलन हाम्रो समाजमा अझै पनि कायमै छ । समाज यी प्रचलित संस्कृति र मान्यताबाट नै संचालित भएको पाइन्छ । त्यसैगरी ब्राह्मण जाति पनि प्रचलित मान्यता र अवधारणाबाट अलग रहन सकेको देखिँदैन् । यस जातिले पनि आआफ्नै प्रकारको धर्म र संस्कृतिको पालना गरिरहेको पाइन्छ ।

यस क्षेत्रमा बस्ने ब्राह्मण जातिको जनजीवन सामान्य किसिमले चलिरहेको छ । यहाँ विभिन्न जात जाति भए तापनि एक अर्का प्रति मित्रवत व्यवहार गर्ने गरेको पाइन्छ । यहाँ एक जातिले अर्को जातिलाई सधैं सहयोग गरी राखेका छन् । जातीय विभेदको कारणले गर्दा यहाँ कहिल्यै झगडा र कलह भएको छैन । नेपाल अधिराज्यको संविधान २०४७ र मूलुकी ऐनले सबै जातिलाई समानताको हक प्रदान गरेको भएता पनि यहाँ त्यसको खासै प्रभाव छैन । नेपालको विधान २०७२ ले पनि छुवाछुतलाई दण्डनीय अपराधको रूपमा लिएको छ । तर यो कानुनको प्रभाव यहाँ नगण्य रहेको पाइन्छ ।

यहाँ छुवाछुत प्रथा यथावत नै छ । यहाँ बाहुन, क्षेत्री र अन्य जातिका मानिसले दलित जातिलाई घर भित्र बस्न दिँदैनन् । नयाँ पुस्ता स्वदेश तथा विदेशमा बस्ने, नोकरी गर्ने भएकोले केही मात्रामा भएपनि चेतनाको विकास हुँदैछ । यहाँ परम्परागत रूढीवादीले जरा गाडेको पाइन्छ । यहाँ कोही मानिस विरामी पर्दा धामी झाँक्रि बोलाउने, चिना हेराउने, कुखुरा, बोकाको बली चढाउने गरिन्छ । तर आज भोली केही मात्रामा भएपनि चेतनामा वृद्धि भएको पाइन्छ । त्यसैले गर्दा बच्चालाई खोप लगाउन लैजाने, आफू बिरामी परेमा मेडिकल वा अस्पतालमा डाक्टरलाई देखाई औषधी उपचार गर्ने चलन बिस्तारै बढ्दै गएको छ । नयाँ संस्कार लाई मान्यता दिनुपर्दछ भन्ने सोंचाई पनि वृद्धि भएको छ ।

**५.४ ब्राह्मण जातिको अन्य जातीसंग सम्बन्ध**

ब्राह्मणहरु प्रतिको परम्परागत वुझाइमा यो जातलाई सवैभन्दा उपल्लो जात, शुद्ध जाति, कुनै पनि धार्मिक कार्यको अगुवा वा नेता, अन्य जातको खाना पानी नचल्ने, पुरोहित्याइ गर्ने, हलो नजोत्ने, निश्चित खालका कामहरु मात्र गर्ने भन्ने वुझाइ थियो । समयको परिवर्तन संगै ब्राह्मणहरु प्रतिको अरु जातिको सामाजिक वुझाइमा व्यापक परिवर्तन आएको पाइयो । अरु जातिले ब्राह्मणलाई सामान्य ढंगले वुझ्ने गरेको ब्राह्मण र अरु जाति एउटै जाति हो भन्ने धारणाको विकास भएको पाइन्छ ।

मानिस सामाजिक प्राणी भएकोले मानिसलाई समाजमा भएका अन्य जातिसँगको सम्बन्ध आवश्यक पर्दछ । समाजमा समवन्ध बिना बाँच्नको लागि अप्ठ्यारो हुन्छ । प्रत्येक समाज एक अर्का जातिको पारस्परिक सहयोगद्वारा संचालित भइरहेको हुन्छ । त्यसैगरी यहाँका ब्राह्मण जातिले पहिला अरु जातिकोमा काम नगर्ने गरेकोमा आजभोलि अरु जातिको खेतिपाति लगायत अन्य काममा सहयो गरेको बाट पनि अन्य जातिसँग राम्रो र निकटको सम्वन्ध रहेको पाइन्छ । यहाँका ब्राह्मण जातिका एक बृद्धलाई तपाईको जातिसँग अरू जातिको कस्तो सम्वन्ध रहेको छ भन्दा उहाँले भन्नुभयोः अरू जातिका मानिस त हाम्रो लागि दाजुभाई सरह हनुहुन्छ' त्यसैवाट स्पष्ट हुन्छ कि यहाँका ब्राह्मण जातिको अन्य जातिसँगको सम्वन्ध सुमधुर पाइन्छ एक अर्का विनाको समाज पूर्ण समाज बन्न सक्दैन ।

यस क्षेत्रमा ब्राम्हण, क्षेत्री, दमाई, दलित र सार्की रहेका छन् । यी जातिसँग यहाँका ब्राह्मण जातिको सम्वन्ध एक अर्कामा परिपूरक छन् । यहाँका ब्राह्मण जातिले यी विभिन्न जातिलाई सहयोग गर्दै आएका छन् भने अन्य जातिले पनि यिनीहरूलाई सहयोग गरिनै राखेका छन् । ब्राह्मण जातिले यहाँ बसोबास गर्ने अन्य जातिसँग आफूलाई चाहिने पैसा सापट लिने र दिने गरेको पाइयो । यो ऋण कसैले काम गरिदिएर तिर्ने गर्दछन् भने कसैले ब्याज तिर्नेगरेको पाइयो ।

यसरी समग्रमा यहाँका ब्राह्मण जातिको सामाजिक स्थिति अरू जातिको तुलनामा मध्यम स्तरको देखिन्छ । यसलाई माथि उठाउनका लागि विकास र सुविधाहरूको आधार, चेतना र शिक्षाको बिकास र बिस्तार गरी ब्राह्मण जातिलाई देश विकासको मूलप्रवाहमा ल्याउन सके उन्नत समाजको निर्माणमा पनि ठूलो टेवा पुर्याउने छ ।

# अध्याय छ

## 'ब्राह्मण' बारेको सामाजिक बुझाई र भोगाइमा आएको परिवर्तन

### ६.१ब्राह्मण जातिमा आएको परिवर्तन

दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका ब्राह्मण समुदायको सामाजिक तथा सांस्कृतिक जीवनमा केही परिवर्तनका प्रभावहरू देखिएका छन् । परम्परागत मूल्य मान्यता, सांस्कृतिक, अन्धविश्वास आदिमा गुज्रिरहेका ब्राह्मण जातिमा यहाँका अन्य जाति, क्षेत्र र समुदायको प्रभाव पर्न थालेको देखिन्छ । यहाँका ब्राह्मण समूदायमा छोरीलाई स्कुल पढाउनु हुन्न छोरी अर्काको घरमा जाने जात हो भने कुरामा बढी विश्वास गर्दथे तरअहिले यो मान्यता विस्तारै विस्तारै परिवर्तन भएको छ । अहिले यहाँका ब्राह्मण समुदायले दोगडाकेदार गा.पा. १ रीममा अवस्थितश्री पञ्चदेव महानन्द मा.वि.मा आफ्ना छोरा छोरीलाई समान महत्व दिएर पढाउनको लागि पठाउन थालेका छन् ।

ब्राह्मण समुदायमा स्कुल जाने र छोडेको संख्या उल्लेखनीय रहेको पाइन्छ । कतिले कक्षा १, २ मा नै कक्षा छोडे भने कति मा.वि. स्तरसम्म पुगेर छोडे भने केही प्रमाणपत्र तहमा जगन्नाथ क्याम्पस बैतडीमा अध्ययनरत र उत्तीर्ण गर्न नसकेकापछि छोडेको पनि पाइयो ।

यस गा.पा.मा ब्राह्मण समुदायले विभिन्न किसिमका उल्लेख्य काम गरेको छन् । शिक्षाको प्रभावका साथै यस क्षेत्रमा रहेको ब्राह्मण जातिको चेतनामा आएको परिवर्तनले सामाजिक र राजनैतिक क्षेत्रमा केही मात्रामा भए पनि सहभागी बन्न थाले ।विकास निर्माणका कार्यहरूमा पनि यिनीहरूको सहभागिता रहेको छ । साथैब्राह्मण जातिमा राजनैतिक चेतना तथा जागरण भने बढ्न थालेको पाइन्छ ।

हाल सकारात्मक परिवर्तनहरू विस्तारै यहाँको ब्राह्मण समुदायमा विकास हुँदै गएको पाइन्छ । यिनीरूको जिविकोपार्जन गर्ने मुख्य स्रोत नै कृषि हो । आफ्नो प्रशस्त जग्गा जमीन नहुने र अर्काको जग्गामा काम गर्न समेत त्यति नरूचाउने यहाँका ब्राह्मणहरूले वैकल्पिक पेशाको रूपमा सिकर्मी, डकर्मी काम गर्ने गरेको पाइन्छ भने केही नोकरी गर्न स्वदेश तथा विदेशमा गएका छन् । यसरी यस जातिले परम्परागत पेशा छोड्दै अन्य सहायक पेशातर्फ उन्मुख भएका छन् । ५२ जना उत्तरदातालाई परम्परागत पेशा पुरोहितको काम गर्नुहुन्छ कि हुन्न भन्ने प्रश्नमा सवैले परम्परागत पेशा छोडिसकेको उत्तर दिए ।

ब्राह्मण समुदायको सामाजिक तथा साँस्कृतिक स्थितिमा पनि केही परिवर्तन भएको देखिन्छ । शुरू शुरूमा ब्राह्मण समुदायका मानिसहरू संयुक्त परिवारमा बस्दथे भने हाल आएर सानै परिवारतिर यो समुदायको झुकाव बढ्दै छ भन्ने कुरा यस वडामा भएका कुल घरधुरी संख्याले बताउँदछ । यसरी वृहत् परिवार सुन्य रहेको छ । यसरी सानो परिवार तिर यो समुदाय आकर्षीत रहेको छ । हाल ब्राह्मण परिवारको पारिवारिक संरचनामा मात्र परिर्वतन भएको होइन घर निर्माणमा पनि आधुनिकता देखिन्छ । पहिले खरका घर थिए भने हाल आएर ढुङ्गाको गारो लगाई तला थपी जस्ताको छाना लगाई घर निर्माण कार्यमा पनि आधुनिकता पाइन्छ । यस जातिमा पहिरनमा र भेषभूषामा पनि परिर्वत भएको पाइन्छ । पुराना पुस्ताका मानिसहरू भोटो, कछाड, लगौटी, टोपी लगाउँथे भने हाल सुट, पाइन्ट, जुत्ता, चप्पल, कट्टु, टिसर्ट, दौरा, शुरूवाल आदि लगाउने गर्दछन् । त्यस्तै महिलाहरूमा गुन्यू, चोली, पछ्यौरी पटुका मजेत्रोको ठाउँमा सारी ब्लाउज, फ्रक, मेड्डी, लुंगी, आदि

लगाएको पाइन्छ । ब्राह्मण समुदायका महिलाहरूको लगाउने गहनाहरू ढुग्री, माडवारी, पोते, फुली, बुलाकीको ठाउँमा अहिले रिङ, झुम्का, सिक्री, आदिले लिएको छ । यसरी यस समूदायमा केही परिवर्तनहरू देखिएका छन् ।

यो समुदायमा खानपिनमा पनि केही परिवर्तनहरू देख्न सकिन्छ । पहिले साधारण रोटी, भात तरकारी खान्थे भने अहिले दालभात, तरकारी अचार जस्ता परिकारहरू प्रयोग गरेको पाइन्छ । चाडपर्वहरू मनाउने रूढीगत मान्यतालाई त्यागी आधुनिकता तिर अग्रसर भएको पाइन्छ । शिक्षा, स्वास्थ्य, प्रसाशनिक सुधार कानूनी सुधार जस्ता विविध सुधारले यो जातिमा पनि विभिन्न सुधारका कार्य भएको पाइन्छ । यसरी सभ्यताको विकासका क्रममा जंगली असभ्यबाट सभ्य हुँदै आए जस्तै मानव समाज पनि परम्परागत समाजबाट संक्रमणकालीन समाजबाट आधुनिक समाजतिर अग्रसर हुनु स्वभाविक रूपमा लिन सकिन्छ । यस्तै गरेर दोगडाकेदार गा.पा. १ रीम कौली का ब्राह्मण समुदायका मानिसहरू पनि अहिले सक्रमणकालिन अवस्थामा रहेका देखिन्छन् । किनभने ब्राह्मण समुदायमा प्राचीन र आधुनिकताको झलक देख्न पाइन्छ । सामाजिक परिवर्तन भन्नु नै मानिसको सोचाइ, सामाजिक संरचना मूल्य मान्यता, रिति, स्थिति, चालचलन आदिमा परिर्वतन हुनु हो । कुनै जाति तथा समुदायले आफूलाई देश काल परिस्थिति अनुसार परिवर्तन वा समायोजन गर्नका लागि केही न केही  रूपमा आफ्ना मूल्य मान्यता र चाहनाहरूलाई पनि परिवर्तन गर्नु पर्ने हुन्छ ।

## ६.२ब्राह्मण जातिको सामाजिक बुझाई र भोगाइमा आएको परिवर्तन

यस गाउँका ब्राह्मणहरुको सामाजिक बुझाई र भोगाईमा ठूलो परीवर्तन आएको यस अध्ययन बाट पाउन सकिन्छ । ब्राह्मणहरु पर्तिको सामाजिक बुझाइमा के फरक पाउनु भएको छ भन्ने प्रश्नमा राजनीतिक परिवर्तन, शैक्षिक परिवर्तन, सामाजिक परिवर्तन, आर्थिक परिवर्तन, विज्ञान र प्रबिधिको विकास बाट मानिसको चेतनामा आएको परिवर्तनले ब्राह्मणहरु लाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन आएको भन्ने पाइयो । परम्परागत रुपमा ब्राह्मण लाई उचो जात एवम् गुरुको दर्जामा राखिएकोमा वर्तमानमा जात बिशेषले ठूलो या सानो नहुने एवम् मान्छे भएर जन्मेपछि सबै समान हुन्छन् भन्ने चेतनाको विकासका कारण परम्परागत सोचाइमा परिवर्तन आएको पाइयो । ब्राह्मणहरुको खानपान, चालचलन आदिमा आएको परिवर्तन बाट पनि ब्राह्मणहरु पर्तिको परम्परागत दृष्टिकोणमा परिवर्तन आएको पाइयो । मासु नखाने,जाड रक्सी नपिउने ब्राह्मणजाति हाल मासु खाने,जाड रक्सी पिउने आदि बाट पनि ब्राह्मणहरु पर्तिको अन्य जातिका मानिसहरुको सामाजिक बुझाइमा परिवर्तन आएको पाइन्छ ।

यस्तो परिवर्तन आउनुका प्रक्रियाहरुमा ब्राह्मणहरु परम्परागत पुरोहित्याई पेशावाट क्रमसः कृषि पेशातिर आकर्शित भएको देखिन्छ । पुरोहित्याइ पेशाबाट जीवन गुजारा नचल्ने भएपछि कृषि कार्य अपनाएको पाइयो । साथै कृषिकार्य गर्न पनि प्रशस्त जमिनका अभाव भएको हुदा यहाँका ब्राह्मण्हरुले अन्य पेशा अपनाएको पाइयो, जस्तो जागीर, बैदेशिक

रोजगार, ज्याला, मजदुरी एवं सिकर्मी, डकर्मी आदि । यसरी ब्राह्मणहरुको परम्परागत पेशा क्रमसः लोप हुदै गएको पाइयो ।

ब्राह्मणहरु बारेको सामाजिक बुझाई र भोगाइहरु परिवर्तन ल्याउने अन्य तत्वहरु अन्तर्गत आधुनिकीकरणलाई पनि मुख्य तत्वको रुपमा लिन सकिन्छ । आधुनिकीकरणले परम्परागत मुल्य मान्यता, सोचाइ, व्यवहार आदिमा परिवर्तन ल्याइदियो । परम्परागत शिक्षामा आमुल परिवर्तन आयो । विश्वव्यापीकरणले मानिसको सम्वन्ध एउटा गाउँमा मात्र सिमित नभई विश्वव्यापि बने । एक ठाउँको व्यक्ति अर्को ठाउँ वा देशमा सजिलै जान सक्ने, पेशा व्यवसाय अन्य ठाउँ वा देशमा सजिलै गर्न सक्ने आदि कारणले यहाँका ब्राह्मणहरुको व्यवहारमा पनि व्यापक परिवर्तन ल्यायो । साथै सरकार, शासन र अन्य क्षेत्रमा राजनैतिक परिवर्तनको कारणले व्यापक परिवर्तन ल्यायो । राजनैतिक परिवर्तनले सवै जात, धर्म, सम्प्रदाय, वर्गको व्यक्तिहरुलाई समान ढङ्गले शिक्षा लिने दिने, पेशा व्यावसाय गर्ने आदि कार्य गर्न थाले । यसवाट पनि ब्राह्मणबारेको सामाजिक बुझाइ र भोगाइमा परिवर्तन ल्यायो । यसका साथै आर्थिक सम्बन्धहरुमा व्यापक परिवर्तन आयो । यसवाट ब्राह्मणहरुले आफ्नो परम्परागत पेशा छोडि नोकरी, मजदुरी, व्यापार आदि कार्य गर्न थाले । जसवाट ब्राह्मणप्रतिको वुझाइमा परिवर्तन ल्यायो । सास्कृतिक पक्षमा पनि पश्चिमा संस्कृतिको प्रभाव एवं खुला समाज भएका कारण अन्य धर्म, जाति, सम्प्रदायको पनि प्रभाव पर्‍यो । जसका कारण ब्राह्मणहरुको लवाइ खुवाइ, खानपिन, संस्कार आदिमा परिवर्तन आइ ब्राह्मण प्रतिको सामाजिक वुझाइमा परिवर्तन आयो ।

समाजमा ब्राह्मणहरु प्रतिको परम्परागत मान्यतामा परिवर्तन आउनुको कारण पहिलाको जस्तो मानसम्मान, आदरभाव अरु जाति बाट नपाएको यस गाउँका ब्राह्मणहरुको भनाइ पाइयो । यस्तो परिवर्तन आउनुको कारणमा सामाजिक, सास्कृतिक, धार्मिक चेतनामा आएको परिवर्तन, सामाजिक सम्बन्धहरुमा आएको परिवर्तन, पेसा व्यवसायमा आएको परिवर्तन, आर्थिक सम्बन्धहरुमा आएको परिवर्तन का साथै स्वास्थ्य, शिक्षा, सञ्चार आदी मा भएको विकास एवम् बसाईसराईमा आएको परिवर्तन आदीले ब्राह्मणहरुको सामाजिक बुझाइ र भोगाइ मा परिवर्तन आएको यस अध्ययन बाट देखिन्छ ।

## अध्याय सात

## सारांश र निष्कर्ष

### ७.१ सारांश

यो शोधकर्ताको मुख्य उद्देश्य बैतडी जिल्ला दोगडाकेदार गा.पा. १ रीम कौलीगा.पा. का ब्राह्मण जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा आएको परिवर्तन एवं उनीहरुको समाजिक बुझाइ र भोगाईमा आएका परिवर्तनको अध्ययन गर्नु हो । नेपालमा रहेका विभिन्न समुदाय जस्तै ब्राह्मण समुदायमा पनि आफ्नै किसिमका मौलिक संस्कृति रहेका छन् । यस क्षेत्रमा २०७४ साल पौष महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरियो । ब्राह्मण समुदायसँग सम्वन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत सहभागी अवलोकन, प्रश्नावली, प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तरवार्ता र द्वितीय विधि अन्तर्गत सरकारी एवं गैर-सरकारी प्रशासन सामाग्री प्रयोग गरियो । यस्ता तथ्याङ्कहरू अनुसन्धानको उद्देश्य अनुरूप उनीहरूको सामाजिक सांस्कृतिक एवं आर्थिक पक्षका विभिन्न पक्षहरूका सम्वन्धमा तथ्याङ्क प्राप्त गरियो ।

यस दोगडाकेदार गा.पा. १ रीम कौली गाउँमा ५२ घरपरिवारको जम्मा जनसंख्या ३१८ रहेको छ । जसमा पुरूषको १५० र महिलाको १६८ रहेका छन् । यहाँ केटा केटीको तुलनामा वृद्धको जनसंख्या कम रहेको छ । नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने यो जाति शिक्षा तथा जनचेतनाका विषयमा अन्य जातिभन्दा अगाडी रहेको मानिन्छ । समग्रमा ब्राह्मण जातिकै खोजी अध्ययन अत्यन्तै कम भएको अवस्था छ । यस क्षेत्रमा देखिएको अभावलाई सीमित क्षेत्र र तहमै भए पनि पूरा गर्ने उद्देश्य लिएर यो अध्ययन गरिएको हो । प्रस्तुत अध्ययन दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिमा गरिन्छ । यसरी ब्राह्मण बसोबास गर्ने क्षेत्रलाई कौली गाउँ भनिन्छ ।

यहाँका ब्राह्मण जातिहरू अरू जातिहरूसँग घुलमिल हुँदै आएका हुनाले र सदरमुकाम नजिक भएकोले गर्दा यिनीहरूमा केही मात्रामा भए पनि आधुनिकीकरणको प्रभाव परेको छ । रहनसहन, भेषभूषा, भाषाशैली आदिमा परिवर्तन देखिन्छ ।सर्वप्रथम संस्कारहरूलाई उनीहरूको आफ्नै शैलीमा अध्ययन गरिए पनि त्यसमा धेरै रीतिथितिहरू अरु जातिको झैँ देखिन्छ । जन्मेपछि सालनाल काट्ने न्वारान, विवाह र मृत्यु संस्कारमाअरू जातिहरूको प्रभाव पनि परेको देखिन्छ ।

ब्राह्मण जातिले विभिन्न संस्कारहरू गर्ने गर्दछन् । उनीहरूले गर्ने संस्कारहरूमा जन्मसंस्कार पनि एक हो । जन्मसंस्कारमा यहाँका ब्राह्मण जातिले अन्य जातिको जस्तै गरेको पाइयो । यस जातिमा बेथा लाग्नुभन्दा अगाडि सुत्केरी हुने महिलालाई हेरचाह गर्ने, तिनीहरूको स्वास्थ्य स्थितिको जानकारी लिने ब्राह्मण समुदायका पाका महिलाद्वारा गरिएको पाइयो । बच्चा जन्मेपछि सुडेनीद्वारा सालनाल काट्ने काम गरिन्छ । बच्चा जन्मिसकेपछि बच्चालाई पानीले पखाल्ने काम गरिन्छ । यसरी वच्चा जन्माएकी सुत्केरी महिलाको खानपानमा विशेष ध्यान पुऱ्याइन्छ । सुत्केरीलाई घरमा अनेक चिजबीज छुन दिइदैन । वच्चा जन्मेको ११ दिनसम्ममा नामकरण गर्ने कार्य हुने गर्दछ । सामान्यतयाः छोरीको ९ दिन र छोराको ११ दिनमा यो कार्य ब्राह्मण जातिमा गरिन्छ । नामाकरण गर्दा पुरोहित

बाट गराउने प्रचलन रहेको देखियो । छोराको नामाकरण पछि गरिने ब्राह्मण जातिको अर्को महत्वपूर्ण संस्कार ब्रतबन्ध हो । ब्रतबन्धमा मामाको उपस्थिति अनिवार्य मानिन्छ । मामाले भान्जाको कपाल काट्दा छुरा लगाउनु पर्दछ र सो बेला आफू सक्दो एकसरो कपडा उपहार स्वरूप किनिदिनुपर्दछ । यसरी नातेदार र इष्टमित्र सबैलाई बोलाएर भोज खुवाएपछि ब्रतबन्ध गर्ने कार्य समाप्त हुन्छ ।

ब्राह्मण जातिको अर्को महत्वपूर्ण संस्कार विवाह पनि हो । दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मणजातिको विवाह हिन्दू रीति अनुसार सम्पन्न गरिन्छ । यिनीहरूलेअर्को गोत्र वा कुटुम्बसँग विवाह गर्दछन् । तर ब्राह्मण बाहेक अन्य जातिको मान्छेसँग भने यिनीहरूको विवाह हुँदैन । विवाह गर्ने क्रममा सबभन्दा पहिला केटा पक्षले केटी पक्षकहाँ केटी माग्न जान्छन् । केटी पक्ष यदि मन्जुर भएमा चिना जुराइन्छ । यसरी विवाह सम्पन्न हुन्छ ।

ब्राह्मण जातिको अर्को महत्वपूर्ण संस्कार मृत्यु संस्कार पनि एक हो । दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिले यो संस्कारलाई हिन्दु संस्कार अनुसार सम्पन्न गर्दछन् । यदि मृत्युसंस्कार राम्रोसँग गरिएन भने मृतआत्मा भूत पिचाश आदि भएर दुःख दिन्छ भन्ने मान्यता यहाँका ब्राह्मण जातिमा रहेको छ। यसकारण हिन्दू विधि अनुसार सबै संस्कार पूरा गर्ने गरेको पाइयो ।

विभिन्न किसिमका संस्कार गरे जस्तै ब्राह्मण जातिले पूजा संस्कार पनि गर्ने गर्दछन् । यस क्षेत्रका ब्राह्मण जातिले पनि विभिन्न देवी देवताको पूजा आराधना गर्ने गर्दछन् । जस्तैः दुर्गापूजा, नागपूजा, कुलदेवताको पूजा र अन्य देवीदेवताको पूजा धुमधामसँग गर्ने गर्दछन् ।साथै यहाँका ब्राह्मण जातिले विभिन्न चाडपर्वहरू मान्ने गर्दछन् । यिनीहरूले दशै, तिहार, चैते दशै, तीज, कृष्ण जन्माष्टमी, गौरा आदि चाडपर्वहरू आफन्तहरूको साथमा मान्ने गर्दछन् ।

सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्य र सरसफाई, अस्पताल र स्वास्थ्य संस्थाहरूको उपयोग, खानेपानीको स्रोत र स्तर, भाषा, धर्म र महिलाको सामाजिक स्थितिको मूल्याङ्कन केही सन्तोषजनक रूपमा देखियो । हिजोआज यिनीहरूको सामाजिक अवस्थाको सुधार गर्न स्वयम्मा केही चेतना आउन लागेको र भविष्यमा केही परिवर्तन हुने सम्भावना अवश्य राख्न सकिन्छ । आफ्नो जग्गाबाट आम्दानी कम हुने भएकोले ब्राह्मण जातिले आम्दानीको स्रोतको रूपमा अन्य पेशालाई अँगालेको पाइन्छ । अन्य पेशाहरूमा सिकर्मी, डकर्मी र त्यसबाहेक विदेशमा गएर पनि तिनीहरूले आम्दानी गरेको पाइन्छ । समग्रमा कुरा गर्दा दोगडाकेदार गा.पा. १ रीम कौलीका ब्राह्मण जातिको मुख्य पेशा कृषि नै हो भने कतिपय ब्राह्मण जातिले ज्यालादारी, मजदुरी पेशालाई पनि आफ्नो पेशाको रूपमा लिएको पाइन्छ ।

खेतीपाती र पशुपालनलाई एउटै सिक्काका दुई पाटाका रूपमा लिन सकिन्छ । खेतीपातीमा प्रयोग गरिने प्राङ्गारिक मल वा कम्पोष्ट मल पशुपालनबाट नै प्राप्त हुने र पशुपालनलाई आवश्यक पर्ने घाँसपात सोत्तर, पराल, पिठो, दाना खेतीबाट प्राप्त हुने

भएकोले यी एक अर्कामा अन्योन्याश्रित सम्बन्ध राख्दछन् । यहाँका ब्राह्मण जातिले पशुहरूमा गाई, भैसी, भेडा, बाख्रा आदि पाल्ने गर्दछन् । यीमध्ये सम्पन्न ब्राह्मण परिवारले गाई, भैसी, गोरू, बाखा, कुखुरा लागयतका सबैजसो पाल्ने गर्दछन् भने विपन्न परिवारले गाई, बाख्रा तथा कुखुराहरू पाल्ने गर्दछन् । यहाँ जुन घरमा गाई, भैसी छैनन् तिनीहरूको आर्थिक अवस्था निम्न स्तरको मानिन्छ ।

ब्राह्मण जातिलाई खेतीपातीबाट बर्षभरी खान पुग्दैन किनकि उनीहरूसाग खेतीपाती  गर्न जमीन प्रशस्तै छैन । यदि जमीन प्रशस्तै भए पनि उब्जाउ हुँदैन । उब्जाउ कम हुने भएकोले यिनीहरूलाई आफ्नो गुजारा चलाउन गाह्रो पर्दछ । यस्तैगरी यहाँका २५ परिवार अर्थात् ४८.०७ प्रतिशतलाई ६ महिनासम्म मात्र खान पुग्ने तथ्याङ्कबाट प्रष्ट हुन्छ । यसैगरी ६ महिनादेखि ९ महिनासम्म खान पुग्ने परिवारको संख्या १३ अर्थात् २५ प्रतिशत रहेको पाइयो । ब्राह्मण जातिमा प्रत्यक्ष रूपमा सम्पत्तिमा अधिकार महिलाहरूको देखिँदैन । अरू जातिमा जस्तै ब्राह्मण जातिमा पनि जग्गा जमीन लोग्ने मानिसको नियन्त्रणमा रहेको छ । लोग्ने मानिसको शेषपछि मात्र महिलाहरूको नाममा रहन्छ तर प्रायः छोरामा जान्छ । यहाँका ब्राह्मण समुदयका महिलाहरुको सम्पत्तिमा अधिकार शून्य मात्रामा रहेको छ । पुरूषहरू नै त्यसको भागिदार हुने, उनीहरूले नै सम्पत्तिको संरक्षण र नियन्त्रण गर्ने गर्दछन् ।आर्थिक अवस्था अन्तर्गत यस क्षेत्रका ब्राह्मण जातिमा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूले अपनाएको पेशा, भूमिको विवरण, वर्ष दिनसम्म खान पुग्ने नपुग्ने विवरण, महिलाले काम गर्ने अवधि र किसिम, पैत्रिक सम्पत्तिमा महिलाहरूको अधिकारसम्बन्धी अवधारणा, महिलाहरूको गरगहना तथा पेवापात अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ ।

यस गाउँका ब्राह्मणहरुको सामाजिक बुझाई र भोगाईमा ठूलो परीवर्तन आएको यस अध्ययन बाट पाउन सकिन्छ । ब्राह्मणहरु पर्तिको सामाजिक बुझाइमा के फरक पाउनु भएको छ भन्ने प्रश्नमा राजनीतिक परिवर्तन, शैक्षिक परिवर्तन, सामाजिक परिवर्तन, आर्थिक परिवर्तन, विज्ञान र प्रबिधिको विकास बाट मानिसको चेतनामा आएको परिवर्तनले ब्राह्मणहरु लाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन आएको भन्ने पाइयो । परम्परागत रुपमा ब्राह्मण लाई उचो जात एवम् गुरुको दर्जामा राखिएकोमा वर्तमानमा जात बिशेषले ठूलो या सानो नहुने एवम् मान्छे भएर जन्मेपछि सबै समान हुन्छन् भन्ने चेतनाको विकासका कारण परम्परागत सोचाइमा परिवर्तन आएको पाइयो । ब्राह्मणहरुको खानपान, चालचलन आदिमा आएको परिवर्तन बाट पनि ब्राह्मणहरु पर्तिको परम्परागत दृष्टिकोणमा परिवर्तन आएको पाइयो । मासु नखाने,जाड रक्सी नपिउने ब्राह्मणजाति हाल मासु खाने,जाड रक्सी पिउने आदि बाट पनि ब्राह्मणहरु पर्तिको अन्य जातिका मानिसहरुको सामाजिक बुझाइमा परिवर्तन आएको पाइन्छ ।

## ७.२ निष्कर्ष

दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका ब्राह्मण जातिहरू केही न केही रूपमा कृषि पेशामा संलग्न भए तापनि अन्य पेशा तथा व्यवसाय पनि अपनाइएको पाइएको छ । यिनीहरूको मुख्य पेशा कृषि भए तापनि सहायक पेशाको रूपमा मजदुरी, जागिर तथा सिकमी, डकर्मी बाट नै जीवन गुजारा गरिरहेका छन् । यिनीहरूले ज्यालादारी कार्यलाई पनि आफ्नो पेशाको रूपमा लिएको पाइन्छ । ब्राह्मण जातिमा परम्परागत पेशा पुरोहित मुख्य पेशा मानेका ब्राह्मण परिवार ० अर्थात् ०.०० प्रतिशत छन् । त्यसैगरी कृषि पेशालाई मुख्य पेशा मानेका ब्राह्मण परिवार ३२ अर्थात् ६१.५३ प्रतिशत रहेका छन् । आफ्नो मजदुरीलाई मुख्य पेशा मानेका ब्राह्मण परिवार ४ अर्थात् ७.६९ प्रतिशत रहेका छन् । विदेश गई नोकरी गरी बसेका ब्राह्मण परिवार जम्मा ८ अर्थात् १५.३९ प्रतिशत रहेको देखियो।

यसरी ब्राह्मण जातिमा जति पेशाको महत्व हुन्छ, त्यति महत्व भू-स्वामित्वको पनि रहेको हुन्छ । दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँको ५२ घरधुरीमध्ये अधिकांशको स्वमित्वमा रहेको भूमि न्यून छ । यिनीहरूको घरवास भने आफ्नो स्वामित्वको जमीनमा रहेको देखिन्छ । आफ्नो भू-स्वामित्व कम भएका कारण यहाँका ब्राह्मण जातिले अन्य साहुमहाजनको जग्गा कमाएर खाएको देखिन्छ । भूमि अचल सम्पत्ति भएको हुनाले यसबाट पनि यिनीहरूले आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यसरी जग्गा जमीन कम भएको र अन्य अवसरको अभावमा कारणले यहाँका ब्राह्मण परिवारका सदस्यहरू कामको खोजीमा अन्य मुकका विभिन्न सहरमा गई विभिन्न किसिमका काम गर्ने गरेको पाइन्छ । स्थितिलाई अझ बढी सफल र सक्षम बनाउनको लागि ब्राह्मण जातिका महिला तथा पुरूष दुवैजना मिलेर व्यापार व्यवसाय गर्नतिर लागेको देखिन्छ ।

यस गाउँको केही हदसम्म समतल परेको भू-भाग भए पनि यहाँका केही ब्राह्मण समुदायको मात्र त्यस्तो समथर भूभागमा जग्गा रहेको छ । धेरैजसो ब्राह्मण परिवारको जग्गा छेउमा र भिरालो तथा कम उब्जा हुने ठाउँमा भएकोले वर्षाको पानीमा खेतीपानी गर्नुपर्ने हुन्छ । अन्न खेतीमा मकै, कोदो, गहुँ, जौ, धान, फापर, भटमास, बोडी आदि उत्पादन हुन्छ । तरकारी खेतीमा आलु, मूला, भान्टा, भिन्डी, बन्दा, काउली, प्याज, लसुन, हरियो सागपात आदि उत्पादन हुन्छ । यहाँका ब्राह्मण जातिको खेतीको तरिका परम्परागत नै छ । यहाँ हलो, कुटो, कोदालोको प्रयोग हुन्छ । यहाँका ब्राह्मण जातिका पुरूषले जोत्ने काम र महिलाले बाली लगाउने लगायतका काम गर्दछन् ।

यस दोगडाकेदार गा.पा. १ रीम कौलीगाउँका महिलाको सम्पत्ति भनेको आफ्नो लोग्नेको नाममा रहेको जग्गा जमीन बाहेक विवाहको समयमा प्राप्त दाइजो र पेवा पनि महिलाको सम्पत्ति हो । त्यसैले ब्राह्मण महिलाको सम्पत्तिको मुख्य स्रोत भनेको आफ्नो घर परिवार र यसबाट हुने आम्दानी पनि हो । यसका साथै माईतीहरूले दिने सामानहरू पनि दाइजोको रूपमा प्राप्त हुनसक्दछ । पेवापातलाई महिलाको निजी सम्पत्तिको रूपमा

लिईन्छ तर एक परिवारका महिलाहरू आफै परिवारको संरक्षक हुने भएकोले पेवाको कुनै अर्थ रहँदैन ।

महिलाको कुनै किमिसको सम्पत्ति छ कि छैन भनेर त्यहाँका ब्राह्मण महिलाको अध्ययन गर्दा उनीहरूको नाममा माइतीले दिएको दाइजो बाहेक केही पनि नरहेको पाइएको छ । महिलाको नाममा छुट्टै जग्गाजमीन छैन, जति पुरूषको नाममा रहेको छ त्यति नै महिलाको पनि सम्पत्ति हो भन्ने कुरा उनीहरूको अन्तवार्ताबाट  पत्ता लगाइयो ।

यहाँका ब्राह्मण समुदायको सामाजिक, साँस्कृतिक तथा आर्थिक जीवनमा केही परिवर्तनका प्रभावहरु देखिएका छन परमपरागत मूल्य मान्यता सँस्कृति अन्धविश्वास आदिमा गुज्रिंएका ब्राह्मण जातिमाअरु समुदायका प्रभावमा परि छोरा र छोरीलाई समान महत्व दिएर विद्यालय पढन पठाएको देखिन्छ । यसरी छोरीलाई पढाउन हुन्न भन्ने मान्यता रहेको यस जातिमा छोरा छोरीप्रति गरिने भेदभाव हटदै गएको पाइयो । त्यस्तै परम्परागत पेशा पुरोहित रकृषि भएता पनि हाल यिनीहरुले जागिर तथा वैदेशीक रोजगार जस्ता विषयलाई आफ्नो मुख्य पेशाको रुपमा उभ्याएको माथिको तालिका नं. ७ बाट प्रष्ट हुन्छ ।ब्राह्मण जातिको सामाजिक तथा साँस्कृतिक स्थितिमा पनि केही परिवर्तन भएको पाइयो ब्राह्मण समुदाय सुरुमा संयुक्त परिवारमा बस्दथे भने हाल आएर एकल परिवार तर्फ रुची राखेको माथि तालिका नं. ३मा ७६.९३ प्रतिशत एकल परिवार रहनुले प्रष्ट पार्दछ । वर्तमान समयमा ब्राह्मणजातिका यूवा यूवतीहरु विद्यालयमा विभिन्न सन्चार माध्यमहरुको प्रभावमा परि तिनीहरुको लवाई खुवाई बोलीचालीमा उल्लेखनीय परिवर्तन भएको पाइयो । त्यस्तै गरेर छुवाछुत जस्ता कुरितिहरु सार्वजनिक सभा, समारोह, हाटबजार, धारा, पानी आदि सार्वजनिक स्थलहरुको उपभोग गर्नमा केही सहजता महसुस यिनीहरुले गरेको पाइयो । यसरी छुवाछुत जस्तो जातीय विभेद र कट्टरपनहरुमा पनि क्रमिक परिवर्तनआई समाजमा सकारात्मक प्रभाव पारेको पाइयो ।

समाजमा ब्राह्मणहरु पर्तिको परम्परागत मान्यतामा परिवर्तन आउनुकोकारण पहिलाको जस्तो मानसम्मान, आदरभाव अरु जाति बाट नपाएको यस गाउँका ब्राह्मणहरुको भनाइ पाइयो । यस्तो परिवर्तन आउनुको कारणमा सामाजिक, सास्कृतिक, धार्मिक चेतनामा आएको परिवर्तन, सामाजिक सम्बन्धहरुमा आएको परिवर्तन,  पेसा व्यवसायमाआएको परिवर्तन,  आर्थिक सम्बन्धहरुमा आएको परिवर्तन का साथै स्वास्थ्य, शिक्षा, सञ्चार आदी मा भएको विकास एवम् बसाईसराईमाआएको परिवर्तन आदीले ब्राह्मणहरुको सामाजिक बुझाइ र भोगाइ मा परिवर्तन आएको यस अध्ययन बाट देखिन्छ ।

## सन्दर्भसामाग्री


अम्बेडकर, १९९०, बुद्ध एन्ड हिजधम्म, नईदिल्ली ।

आहुती, २००५, हिन्दु समाजमादलितमुक्तिको प्रश्न, हिमालएसोशिएसन, काठमाडौ ।

ऋगवेद, पुरुशुक्त, १०,९०,१२ ।

केन्द्रीयतथ्याङ्कविभाग, २०६८, जनसंख्याविवरण केन्द्रीयतथ्याङ्कविभाग, काठमाण्डौ ।

कौटिल्यको अर्थशास्त्र १।२ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, शिवराज२०४४, हिन्दु सामाजिक संगठनको प्रारुप, साझाप्रकाशन, ललितपुर ।

नेपालको संविधान, २०७२, नेपालकानुनकितावव्यवस्था समिति,काठमाडौ ।

नेपालअधिराज्यको संविधान,२०१५,नेपालकानुनकितावव्यवस्था समिति, काठमाडौ ।

नेपालअधिराज्यको संविधान, २०४७, जनसुविधाप्रकाशन,काठमाडौँ ।

नेपालको अन्तरिम संविधान नेपाल, २०६३, (पाँचौ संशोधन), बौद्धिक दर्पण, काठमाडौ ।

नेपाल प्रज्ञा प्रतिष्ठान, २०५२,  वृहत् शब्दकोश, काठमाण्डौ ।

बराल, बाशु, २०४४, हिन्दु सामाजिक संगठनको प्रारुप, साझाप्रकासन, काठमाडौं ।

मुलुकीऐन, २०२०,कानुनकितावव्यवस्था समितिकाठमाडौँ।

म्याक्समुलर, रामकृष्ण, १८९८, हिजलाइफ एन्ड सेइङ्स, रामकृष्ण मिसन, नागपुर ।

विष्ट, डोरबहादुर, २०५५, सबै जातको फूलबारी, सातौं संस्करण, साझाप्रकाशन, ललितपुर ।

विष्ट, डोरबहादुर, २०४१, सबै जातको फूलबारी, साझाप्रकाशन, ललितपुर ।

विष्ट, डोरबहादुर, २०३०, सबै जातको फूलबारी, साझाप्रकाशन, ललितपुर ।

विश्वकर्मा, टि.आर.,(२०३०), नेपाल जन विकास परिषद्को कार्यक्रम र नीति, राष्ट्रिय स्तरको कार्यकर्ता गोष्ठि,जनकपुर प्रशिक्षण केन्द्र ।

शर्मा, जनकलाल, २०३९, हाम्रो समाजः एक अध्ययन, साझाप्रकाशन, ललितपुर ।

https://en.wikipedia.org/wiki/Varna_(Hinduism).

https://en.wikipedia.org/wiki/Brahmana.

https://chakrajwala.wordpress.com/bramins-intro.

http://www.sacredm-texts.com/hin/rls/rls25.htm.

Gurung, H. (2005). *Social exclusion and Maoist insurgency*.Paper presented at National Dialogue Conference on ILO Convention 169 on Indigenous and Tribal Peoples, Kathmandu, 19–20 January 2005.

Gupta, Dipankar,(2000), *Interrogating Cast: Understanding Hierarchy and Difference in India Society*, Penguin Books, India.

Subedi, Madhusudan (2016), *Caste In South Asia: From Ritual Hierarchy to Politics of Differences,* Politeja, The Journal of the Faculty of International Political Studies of the Jagiellonian University.

## शोधपत्रका लागि प्रयोग गरिएको अन्तर्वार्ता सूची

घरमुलीको नामः मितिः

घरसंख्याः जिल्लाः

गा.वि.स.:

उमेरः गाउ/टोलः

पेशाः वडा नं.:

धर्मः शिक्षाः

भाषाः नागरिकता :

वैवाहिक स्थितिः

**जन्मसंस्कार**

१. तपाइँको परिवारमा जन्मदेखि मृत्यूपर्यन्त गरिने क्रियाकलापहरू के के हुन् ?

.................................................................................................................

२. तपाइँको जन्म संस्कारमा के के परिवर्तनहरू आएका छन् वा छैनन् ? यदि आएका छन् भने कुन कुन पक्षमा परिवर्तन आएका छन् ?

.................................................................................................................

३. तपाइँको परिवारमा महिला सुत्केरी भइसकेपछि कति दिनसम्म पवित्र काम गर्नुहुँदैन ?

.................................................................................................................

४. के के कुरा खान दिनु हुन्छ र के के दिनु हुँदैन ?

.................................................................................................................

५. तपाइँको परिवारमा विवाह गर्दा कस्तो प्रकारको विवाहलाई बढी मान्यता दिनुहुन्छ ?

क) मागी विवाह ख) चोरी विवाह ग) प्रेम विवाह घ) अन्य

६. तपाइँको बच्चाको कहिले कहिले र कसरी न्वारन, चुडाकर्म, पास्नी र विवाह गर्नुहुन्छ ?

.....................................................................................................

**मृत्यु संस्कार**

७. तपाइँको परिवारको सदस्यको मृत्यूपश्चात गरिने संस्कारहरू केके हुन् ?

.....................................................................................................

८. यसमा केही परिवर्तनहरू आएका छन वा छैनन ? आएका छन भने के के हुन् ?

.....................................................................................................

९. तपाइँको परिवारको सदस्यको  मृत्य पश्चात दाहसंस्कार के कसरी गर्नुहुन्छ ?

.....................................................................................................

१०. कति समयसम्म किरिया बस्ने र बरखी बार्ने गर्नुहुन्छ ।

.....................................................................................................

११. जुठो परेको बेलामा खान हुने र नहुने कुराहरू के के हुन् ? र यसलाई शुद्ध पार्न के के गर्नुहुन्छ ?

.....................................................................................................

**सामाजिक अवस्था**

१२. तपाईहरु अन्य जातिकोमा जाँदा कस्तो व्यवहार पाउनु हुन्छ ?

.....................................................................................................

१३. तपाइँलाई गाउँमा अन्य जातिले के भन्ने गर्दछन् ?

.....................................................................................................

१४. तपाइँको छुवा छुतसम्बन्धी धारणा कस्तो छ ?

.....................................................................................................

१५. तपाइँको मुख्य चाडपर्वहरू के के हुन र कसरी मनाउनु हुन्छ ।

.....................................................................................................

१६. तपाइँको परिवारको सदस्य विरामी भए कहाँ लैजानु हुन्छ ?

क) डाक्टर वा वैद्य  ख) धामी धाक्री ग) अस्पताल  घ) धामीले नभए अस्पताल

१७. तपाइँको शैक्षिक स्थिति कस्तो छ ?

क) शिक्षित  ख) साक्षर  ग) निराक्षर

१८. महिला रजस्वला हुँदा के कसरी बार्नु हुन्छ?..........................................................................................................

..

**आर्थिक अवस्था**

१९. तपाइँको परिवारका आयस्रोत के के हुन् ?

क) कृषि  ख) नोकरी  ग) परम्परागत पेशा  घ) अन्य

२०. तपाइँले अपनाएको परम्परागत पेशाले कति समय खान पुग्छ ?

क) ३ महिना सम्ममात्र पुग्छ  ख) ६ महिनासम्म पुग्छ  ग) ९ महिनासम्म पुग्छ

घ) १२ महिनासम्म पुग्छ  ङ) अलिकति बचत हुन्छ

२१. तपाइँको परिवार कस्तो छ ?

क) संयुक्त  ख) एकल  ग) बृहत्

२२. तपाइँसँग आफूले मात्र खर्च गर्नसक्ने सम्पत्ति (पेवा) को विवरण दिनुहोस् ।

| क.सं. | विवरण | इकाइ | परिमाण | स्रोत | आम्दानी मुख्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२३. तपाइँको परिवारमा भएको पशुपंक्षीको विवरण दिनुहोस् ।

...........................................................................................................

२४. तपाइँको परिवारमा भएको जग्गाको विवरण दिनुहोस् ।

क) खेत : रोपनि..... आना .....      ख) वारी/खरवारी : रोपनि ...... आना .....

२५. तपाइँको परिवारको मासिक आम्दानी कति छ ?

क) पाँच हजारभन्दा कम      ख) पाँच हजारदेखि दशहजारसम्म

ग) दश हजारदेखि पन्ध्र हजारसम्म      घ) पन्ध्रहजारदेखि माथि

२६. तपाइँले निम्न परिवारको विवरण दिनुहोस् ।

| क.सं. | नाम | लिङ्ग | उमेर | शैक्षिक अवस्था | वैवाहिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२७. तपाइँ र अन्य जातिसँग कस्तो सम्बन्ध छ ?

..........................................................................................................

२८. तपाइँको परिवार र अन्य ब्राह्मण जातिसँगको सम्बन्ध कस्तो छ ?

..........................................................................................................

**प्रमुख जानकारी व्यक्तिसँग सोधिएका प्रश्नहरू**

२९. वर्तमान अवस्थामा ब्राम्हण सम्बन्धि अरु जातिको कस्तो धारणा पाउनु हुन्छ ?

..........................................................................................................

३०. ब्राह्मण जातिले मनाउने चाडपर्वहरू विवाह जन्मदेखि मृत्युपछि गरिने संस्कारमा केकस्तो परिवर्तनहरू आएका छन् र किन ?

..........................................................................................................

३१. हाल आएर ब्राह्मण जातिमा के कस्तो परिवर्तन आएको मशसुस गर्नुहुन्छ ?

.......................................................................................................

३२. छोरीलाई छोरासरह पैत्रिक सम्पत्ति दिने सरकारी निर्णयले ब्राह्मण जातिमा कस्तो असर पारेको छ ?

.......................................................................................................

३३. ब्राह्मण जातिमा शिक्षाको स्तर कस्तो पाउनु हुन्छ ?

.......................................................................................................

३४. ब्राह्मण भनेको के हो जस्तो लाग्छ ?

.......................................................................................................

३५. ब्राह्मणले पुरोहितको काम किन छोड्यो होला ?

.......................................................................................................

३६. ब्राह्मणको पेशामा परिवर्तन आउनुको कारण के होला ?

.......................................................................................................

३७. ब्राह्मणको सामाजिक भोगाई र बुझाइमा परिवर्तन आउनुको कारण के होला ?

.......................................................................................................

३८. अन्तमा ब्राह्मण जातिको वारेमा थप केही भन्नुहुन्घ की ?

.......................................................................................................